# नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था


शोधार्थी

मनिसरा पुलामी


स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरअन्तर्गत नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि नेपाली शिक्षा शिक्षण समितिमा प्रस्तुत

**शोधपत्र**

२०७८/२०२२


शिक्षाशास्त्र केन्द्रीय क्याम्पस

शिक्षाशास्त्र सङ्काय

मध्यपश्चिम विश्वविद्यालय

सुर्खेत, नेपाल

# प्रतिबद्धता पत्र

प्रस्तुत **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको छ । प्रस्तुत शोधपत्र मैले सम्बन्धित पाठ्यपुस्तक, पुराना शोधकार्य, पत्रपत्रिका, खोज र गहन अध्ययनका साथ शोधखोज गरी सङ्कलन गरिएका सामग्रीहरूको विशेष अध्ययन विश्लेषणबाट तयार पारेकी छु । यस शोधपत्रमा मैले कुनै पनि पाठ्यपुस्तक, लेख रचना, पुराना शोधपत्रबाट हुबहु पूर्ण रूपले साभार गरेकी छैन । प्रस्तुत शोधकार्यलाई सहयोग पुग्ने गरी उपयोग गरिएका कृतिहरूको यथास्थानमा नै सन्दर्भाङ्कन गरिएको छ । यदि मेरो शोधपत्र अन्य कुनै शोधपत्र तथा प्रकाशित कृतिसँग पूर्ण रुपमा मिलेको भेटिएमा वा संस्थाको मापदण्ड अनुरुप बन्न नसकेको खण्डमा सम्बन्धित संस्थाले रद्द गर्न सक्ने मञ्जुरी दिदै यस प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेकी छु ।

....................

शोधार्थी

मनिसरा पुलामी

# सिफारिस-पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड) चौथो सेमेस्टरको नेपा.शि. (नेपा.शि.५४३) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था** शीर्षकको शोधपत्र शोधार्थी मनिसरा पुलामीले मेरो प्रत्यक्ष निर्देशनमा मेहनेतका साथ तयार पारिएको हुनाले म यो शोधपत्रप्रति पूर्ण रुपमा सन्तुष्ट रहेको छु । यसर्थ यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७८/०८/१६

वि.सं. : २ डिसेम्वर, २०२१

............................

उपप्रा. लक्ष्मीप्रसाद आचार्य

शोध निर्देशक

मध्यपश्चिम विश्वविद्यालय
# शिक्षाशास्त्र सङ्काय
# शिक्षाशास्त्र केन्द्रीय क्याम्पस
सुर्खेत, नेपाल

पत्र सं.: मिति : .........

चलानी :

## स्वीकृति-पत्र

मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरकी छात्रा मनिसरा पुलामीद्वारा तयार पारिएको **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था** शीर्षकको शोधपत्र स्नातक तह उपाधिका निम्ति उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क्र.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | उपप्रा. जसवीर रोका | क्याम्पस प्रमुख | ..................... |
| २. | उपप्रा. खुमबहादुर खड्का | शिक्षण समिति प्रमुख | ..................... |
| ३. | उपप्रा. लक्ष्मीप्रसाद आचार्य | शोध निर्देशक | ..................... |
| ४. | उपप्रा. द्रोणलता खत्री | बाह्य परीक्षक | ...................... |

मिति : २०७८ /०९/२२

इ.सं. : जनवरी ०८, २०२२

## कृतज्ञता ज्ञापन

प्रस्तुत **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था** शीर्षकको शोधपत्र मध्यपश्चिम विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेस्टरको नेपा.शि. ५४३ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । उक्त शोधपत्र लेखनका क्रममा शीर्षक चयनदेखि शोधपत्रको अन्त्यसम्म उचित परामर्श तथा सकारात्मक प्रेरणा प्रदान गरी कुशल निर्देशन गर्नुहुने शिक्षाशास्त्र सङ्कायका उपप्राध्यापक तथा मेरा शोध निर्देशक आदरणीय गुरु श्री लक्ष्मीप्रसाद आचार्य ज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनलाई पूर्णता दिनका लागि निकै व्यस्तताका बाबजुत पनि समय उपलब्ध गराई आवश्यक सुझाव सल्लाह दिइ सहयोग गर्नुहुने शिक्षाशास्त्र सङ्काय केन्द्रीय क्याम्पसका क्याम्पस प्रमुख आदरणीय गुरु उपप्राध्यापक जसविर रोका लगायत निरन्तर परामर्श गरिदिनु हुने शिक्षाशास्त्र सङ्काय, शिक्षाशास्त्र केन्द्रीय क्याम्पसका नेपाली शिक्षा शिक्षण समिति प्रमुख उपप्राध्याक खुमबहादुर खड्का लगायत अन्य गुरुहरू उपप्राध्यापक लक्ष्मीप्रसाद आचार्य, द्रोणलता खत्री, फूलमती खराल लगायत सम्पूर्ण गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधकार्यका लागि आवश्यक पर्ने पुस्तक तथा शोधपत्रहरू उपलब्ध गराउन सहयोग गर्ने पुस्तकालयका कर्मचारी तथा सहयोगी साथीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

व्यवहारिक जीवन भोगाइका क्रममा मलाई यो स्थान सम्म पु¥याउन महान् प्रेरणाको स्रोत बन्नुहुने आदरणीय बुवा डिलबहादुर पुलामी र आमा श्यामकली पुलामीप्रति कृतज्ञता ज्ञापन गर्दछु । अध्ययन अनुसन्धान कार्य गर्नका लागि सधैँ हौसला र प्रेरणा प्रदान गर्नुहुने घर परिवार लगायत शोधपत्र लेखनमा समय व्यवस्थापन गरी सहयोग गर्नुहुने मेरो जीवन साथी राजकुमार थापाप्रति हार्दिक आभार सहित स्नेहभाव प्रकट गर्दछु ।

अन्त्यमा छिटो, छरितो र शुद्ध छपाइ गरिदिने मनराज देवकोटालाई धन्यवाद दिदै शोधपत्रको उचित मूल्याङ्कनका लागि नेपाली शिक्षा शिक्षण समितिमा पेस गर्दछु ।

**शोधार्थी**
मनिसरा पुलामी

# शोधसार

प्रस्तुत **नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था** शीर्षकमा केन्द्रित गरिएको छ । प्रस्तुत शोधपत्रको उद्देश्यहरू विद्यालयमा नेपाली भाषा शिक्षणका क्रममा, उपयोग गरिएका शैक्षिक सामग्रीको विवरण तयार गर्नु, ती सामग्रीको प्रयोग गर्ने तौरतरिकाको मूल्याङ्कन गर्न, शैक्षिक सामग्रीको प्रयोगमा आइपरेका समस्याहरू पहिल्याइ आवश्यक सुझाव दिनमा केन्द्रित रहेको छ । प्रस्तुत अध्ययनमा  सुर्खेत जिल्ला बी.न.पा. ११ र १२ वडा अन्तर्गत रहेका सामुदायिक र संस्थागत गरी १० वटा विद्यालयका २० जना नेपाली शिक्षकलाई नमुना छनोट गरी उक्त विद्यालयमा गई अवलोकन गरी शैक्षिक सामग्रीको विवरण खोजी गरिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी तिनको वर्णनात्मक व्याख्या विश्लेषण गरिएकाले यस अध्ययनको ढाँचा गुणात्मक रहेको छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन तथा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ, जसमा आधारभूत तहका कक्षा पाँचमा अध्यापन गर्ने शिक्षक र कक्षा पाँचमा अध्ययनरत विद्यार्थीसँग शैक्षिक सामग्री प्रयोगको अवस्था सम्बन्धी प्रश्नावली सोधी गुणात्मक किसिमका तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई वर्णनात्मक, विश्लेषणात्मक विधिद्वारा वर्गीकरण गरी तार्किक रुपमा विश्लेषण  गरिएको छ ।

यस शोध अध्ययनमा कक्षा पाँचमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूमा सबैभन्दा बढी  पाठ्यपुस्तकको प्रयोग उत्तम रूपमा गरिएको छ भने निम्न रूपमा प्रयोग गरिएका सामग्रीहरूमा पाठ्यक्रम, नक्सा, ग्लोब, प्रोजेक्टर, कम्प्युटर, फ्लाटिन पाटी र झ्याली पत्ती सामग्री प्रयोग निम्न रूपमा गरेका छन् । नेपाली भाषा शिक्षण सिकाइका क्रममा बल, शिवदर्शन, टेलिभिजन, टेपरेकर्डर जस्ता शैक्षिक सामग्री कुनै विद्यालयले प्रयोग गरेका छैनन् । यसरी शैक्षिक सामग्री प्रयोग कम गरिएकाले अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक सामग्री प्रयोगको अवस्था  कमजोर देखिएको छ । कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूमा पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षण पाटी, डस्टर, मार्कर जस्ता नियमित प्रयोगमा आउने सामग्रीहरू प्रायः जसो दैनिक रुपमा प्रयोग गरिने सामग्री बढी प्रयोग गरिएको छ । शैक्षिक सामग्रीको

रूपमा केही विद्यालयहरूले विद्युतीय शैक्षिक सामग्रीको प्रयोग गरिएको छ । विद्युतीय शैक्षिक सामग्रीको प्रयोग अन्तर्गत कम्प्युटर, ल्यापटप प्रोजेक्टर, मोबाइल, टेपरेकर्डर जस्ता सामग्रीको प्रयोग गरिएको छ । यसका साथै ऐतिहासिक तथा साहित्यिक व्यक्तित्वका तस्वीर, चार्टहरू, नक्सा, ग्लोबहरू, सबै विद्यालयमा पर्याप्त रूपमा रहेका छैनन् । नमुना छनोटमा परेका सबै विद्यालयहरूमा विधागत रुपमा प्रयोग गरिने शैक्षिक सामग्री नियमित रुपमा प्रयोग गर्ने गरेका छन् । व्याकरण शिक्षणमा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षण पाटी, प्रोजेक्टर, तालिका, शब्दकोश, अडियो रेकर्डर, शब्दपत्ती, वाक्यपत्ती, फ्लाटिन पाटी जस्ता शैक्षिक सामग्री प्रयोग गरिएको छ ।

कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्यामा दैनिक प्रयोगमा एउटै सामग्री प्राप्त नहुनु, सन्दर्भ अनुसारका सामग्रीहरू नपाइनु जस्ता विभिन्न समस्याहरू देखिएका छन् । यसका साथै पाठ्यपुस्तकमा विद्यार्थीको रुचि नहुनु र आवश्यकता अनुरुप सबै ठाउँमा प्रयोग गर्न नमिल्नु र कक्षामा समय उपलब्ध गराउन कठिन हुनु, प्रोजेक्टर मार्फत शिक्षण गर्न गाह्रो हुनु, आधुनिक प्रविधिका विद्युतीय सामग्री प्रति जानकारी नभएको कारण प्रदर्शन गर्न गाह्रो हुनु जस्ता समस्याहरू रहेका छन् । पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने सामग्री सङ्कलन र निर्माण गर्नुपर्ने, ती सामग्रीहरूको महत्त्व बुझी अनिवार्य रुपमा प्रयोग गर्ने बानी बसाल्नुपर्ने, शैक्षिक सामग्रीहरूको निर्माण, कार्यान्वयन र व्यवस्थापनमा ध्यान दिनुपर्ने जस्ता उपायहरू अपनाइ शैक्षिक सामग्री प्रयोगका समस्या निराकरण गर्ने गरिएको छ । विद्यालय प्रशासन र सबन्धित विषय शिक्षकलाई शैक्षिक सामग्री प्रयोग सम्बन्धी सकारात्मक धारणाको विकास हुने भएकाले शिक्षकलाई पर्याप्त तालिमको व्यवस्था गरिनु पर्दछ । यस अध्ययनले शिक्षकहरूलाई कुन पाठको लागि कस्तो सामग्री छनोट गर्ने भन्ने विषयको जानकारी हुन सक्ने भएकाले पाठगत आधारमा विद्यालयमा शैक्षिक सामग्रीको उपलब्ध गरिनु पर्दछ ।

# च ो


| विवरण | पेज नं. |
| --- | --- |
| प्रतिवद्धता पत्र | क |
| सिफारिस पत्र | ख |
| कृतज्ञता ज्ञापन | ग |
| शोधसार | घ |
| विषय सूची | ङ |
| तालिका सूची | ञ |
| चिन्ह सूची | ट |
| सङ्क्षिप्त शब्दसूची | ठ |

**अध्याय : एक**

**शोध परिचय**

| | |
| --- | --- |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको औचित्य | ५ |
| १.५ अध्ययनको परिसीमा | ६ |
| १.६ अध्ययनको रूपरेखा | ७ |

**अध्याय : दुई**

**पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा**

| | |
| --- | --- |
| २.१ पूर्वकार्यको समीक्षा र उपादेयता | ८ |
| २.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा | १४ |
| २.२.१ शैक्षिक सामग्रीको परिचय | १६ |
| २.२.२ शैक्षिक सामग्रीको प्रकार | १७ |
| २.२.३ शैक्षिक सामग्रीको महत्त्व | ३० |
| २.२.४ शैक्षिक सामग्रीको भण्डारण र व्यवस्थापन | ३१ |
| २.२.५ नेपाली भाषा शिक्षणमा सहायक सामग्रीको आवश्यकता | ३२ |

२.२.६ शैक्षिक सामग्रीका उपयोगिता ३३

२.२.७ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या ३४

२.२.८ समाधानका उपाय ३५

२.३ अवधारणात्मक खाका ३७



:

## अनुसन्धान विधि र प्रक्रिया

३.१ अनुसन्धान ढाँचा ३९

३.२ जनसङ्ख्या र नमुना छनोट ३९

३.३ तथ्याङ्कको प्रकृति र स्रोत ३९

३.४ सामग्री निर्माण र मानकीकरण ४०

३.५ तथ्याङ्क सङ्कलन विधि ४०

३.६ तथ्याङ्क विश्लेषणको विधि र प्रक्रिया ४१

३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा ४१

## अध्याय : चार

## तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१ विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको विवरण ४३

४.१.१ ह्युरिस्टिक बोर्डिङ स्कुल एन्ड रिसर्च सेन्टरमा रहेका शैक्षिक सामग्री ४३

४.१.२ बाल उद्यान बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्री ४५

४.१.३ गोल्डेन वर्ड एकेडेमीमा रहेका शैक्षिक सामग्री ४६

४.१.४ ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्री ४७

४.१.५ चेतना विद्या निकेतनमा रहेका शैक्षिक सामग्री ४९

४.१.६ श्री हस्तवीर आधारभूत विद्यालयमा रहेका शैक्षिक सामग्री ५०

४.१.७ श्री शिव माध्यमिक विद्यालय लाटिकोइलीमा रहेका शैक्षिक सामग्री ५२

४.१.८ श्री अमरज्योति नमुना माध्यमिक विद्यालय नेवारेमा रहेका शैक्षिक सामग्री ५३

४.१.९ नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री ५५

४.१.१० श्री सरस्वती प्राथमिक विद्यालयमा रहेका शैक्षिक सामग्री ५६

४.१.११ विद्यालयमा रहेका शैक्षिक सामग्रीको समष्टिगत विवरण ५८

४.२ शिक्षण सामग्री प्रयोगको अवस्था ६२

४.२.१ दैनिक रूपमा प्रयोगका आधारमा शैक्षिक सामग्री ६५
४.२.२ विधागत शिक्षणका आधारमा शैक्षिक सामग्रीको प्रयोग ७०
४.२.३ व्याकरण शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोग ७२
४.२.४ सामग्रीको भण्डारण ७४
ज
४.३ शैक्षिक सामग्री प्रयोगका तौरतरिक ७९
४.३.१ पाठ्यपुस्तकको प्रयोगका तौरतारिका ७९
४.३.२ श्रव्य दृष्य सामग्री प्रयोगका तौरतरिका ८०
४.३.३ चित्र तथा पोष्टरका तौरतरिकाहरू ८४
४.३.४ वास्तविक वस्तु तथा प्रतिमूर्ति सामग्री प्रयोगका तौरतरिकाहरू ८५
४.३.५ फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिका ८७
४.३.६ शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैली ८९
४.४ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या ९०
४.४.१ प्रयोगका आधारमा शैक्षिक सामग्री अनुसार आइपरेका समस्या ९४
४.४.२ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपाय ९७

**अध्याय : पाँच**

**निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष १००
५.२ सुझाव १०३
५.२.१ नीतिगत तह १०४
५.२.२ कार्यान्वयन तह १०४
५.२.३ अनुसन्धान तह १०५
५.३ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षक १०५
**सन्दर्भ सूची**
**परिशिष्ट**
**व्यक्तिवृत्त**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टरमा रहेका शिक्षण सामग्री | ४४ |
| २ | बाल उद्यान बोर्डिङ स्कुलमा रहेका शिक्षण सामग्री | ४५ |
| ३ | गोल्डेन वर्ड एकेडेमीमा रहेका शैक्षिक सामग्री | ४६ |
| ४ | ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा रहेका शिक्षण सामग्री | ४८ |
| ५ | चेतना विद्यानिकेतनमा रहेका शैक्षिक सामग्री | ४९ |
| ६ | श्री हस्तवीर आधारभूत विद्यालयमा रहेका शिक्षण सामग्री | ५१ |
| ७ | श्री शिव माध्यमिक विद्यालय लाटिकोइलीमा रहेका शिक्षण सामग्री | ५२ |
| ८ | श्री अमर ज्योति नमुना माध्यमिक विद्यालय नेवारेमा रहेका शैक्षिक सामग्री | ५४ |
| ९ | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री | ५५ |
| १० | श्री सरस्वती प्राथमिक विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको विवरण | ५७ |
| ११ | विद्यालयमा रहेका शैक्षिक सामग्रीको समष्टिगत विवरण | ५८ |
| १२ | शैक्षिक सामग्री प्रयोगको अवस्था | ६२ |
| १३. | दैनिक रूपमा र आवश्यकता अनुसार प्रयोगमा ल्याइने शैक्षिक सामग्री | ६५ |
| १४ | विधागत रूपमा शैक्षिक सामग्री प्रयोगको अवस्था | ७० |
| १५ | व्याकरण शिक्षण शिक्षणमा प्रयोगमा ल्याइएका शिक्षण सामग्री | ७३ |
| १६ | सामग्री भण्डारको स्थान | ७५ |
| १७ | पाठ्यपुस्तकको प्रयोगका तौरतरिकाहरू | ७९ |
| १८ | श्रव्य दृष्य सामग्री प्रयोगका तौरतरिका | ८१ |
| १९ | वाक्यपत्ती र शब्दपत्ती प्रयोगका तौरतरिका | ८३ |
| २० | चित्र तथा पोष्टरका तौरतरिकाहरू | ८४ |
| २१ | वास्तविक वस्तु तथा प्रतिमूर्ती सामग्री प्रयोगका तौरतरिकाहरू | ८६ |
| २२ | फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिका | ८८ |
| २३ | शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैली | ८९ |
| २४ | शैक्षिक सामग्री अनुसार हुने समस्या | ९४ |

# चित्र सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | पाठ्यपुस्तकको प्रयोगका तौरतरिकाहरू | ७६ |
| २ | श्रव्य दृष्य सामग्री प्रयोगका तौरतरिका | ७७ |
| ३ | वाक्यपत्ती र शब्दपत्ती प्रयोगका तौरतरिका | ७८ |
| ४ | चित्र तथा पोष्टरका तौरतरिकाहरू | ८० |
| ५ | वास्तविक वस्तु तथा प्रतिमूर्ती सामग्री प्रयोगका तौरतरिकाहरू | ८१ |
| ६ | फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिका | ८३ |
| ७ | शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैली | ८४ |

# सङ्क्षिप्त शब्दावलीको पूरा रूप

| | | |
|---|---|---|
| बी.एड. | : | ब्याचलर अफ एजुकेसन |
| एम.एड. | : | मास्टर अफ एजुकेसन |
| एस.इ.इ. | : | सेकेन्डरी इक्ज्यामिनेसन एजुकेसन |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| न.पा. | : | नगरपालिका |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा. | : | प्राध्यापक |
| पृ.सं. | : | पृष्ठ सङ्ख्या |
| म.प.वि. | : | मध्यपश्चिम विश्वविद्यालय |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत् |
| संस्क. | : | संस्करण |
| आ.अ. | : | आवश्यकता अनुसार |
| पा.वि.के. | : | पाठ्यक्रम विकास केन्द्र |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| ज.शि.सा. | : | जनक शिक्षा सामग्री |
| वी.न.पा. | : | वीरेन्द्रनगर नगरपालिका |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |

# चिन्ह सूची

| | | |
|---|---|---|
| पूर्ण विराम | : | ( । ) |
| हलन्त | : | ( ् ) |
| प्रश्न चिह्न | : | ( ? ) |
| अल्पविराम | : | ( , ) |
| कोष्ठक | : | (   ) |
| एकल उद्दरण | : | (‘ ’) |
| चन्द्र विन्दु | : | ( ँ ) |
| शिर विन्दु | : | ( ं ) |
| विसर्ग | : | ( : ) |
| योजक | : | ( - ) |
| विकल्प चिह्न | : | (/) |
| सङ्क्षेपक चिह्न | : | ( . ) |

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा व्यक्तिको लागि अपरिहार्य वस्तु हो । व्यक्ति भाषाकै चौघेरामा जन्मिन्छ र त्यही भाषिक वातावरणमा हुर्कदै जान्छ । यही हुर्काइ वा उमेर बृद्धिका क्रममा भाषा बुन्ने र बोल्ने अभ्यास स्वतः विकसित हुँदै जान्छ । अतः भाषा व्यक्तिका लागि परिचित वस्तुका रूपमा रहेको छ  र उसले कुनै न कुनै भाषालाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाएको हुन्छ (शर्मा र पौडेलः २०७०, पृ.१) । मानव जातिको सुरूवातसँगै शिक्षाको सुरूवात भएको पाइन्छ । शिक्षाको सुरूवातसँगै पाठ्यक्रमको विकास र परिमार्जन भएको पाइन्छ । प्राचीन कालदेखि सुरू भएर आधुनिक कालसम्म विकास भएको छ । प्राचीन कालमा नै बाजे, परबाजेले आफूले जानेका सुनेका कुरा आफ्नो सन्तानलाई सुनाउँदै र हस्तान्तरण गर्दै आए । ज्ञान र सीपको हस्तान्तरणका लागि मठ, मन्दिर, गुरूकूल, शैक्षिक संस्थाहरूलाई जिम्मा दिँदा शिक्षाको खाका, माध्यम सोच्दा सोच्दै नै पाठ्यक्रम निर्माणको औपचारिक थालनी भयो ।

भाषा विचार अनुभूति वा भावनालाई आदान प्रदान गर्ने माध्यम हो । यसलाई लिपिमा उतार्न सकिन्छ र आवश्यक परेको बेला पुनः भाव ग्रहण गर्न सकिन्छ । भाषा एक जटिल व्यवस्था भएकाले यसको परिभाषा सजिलै गर्न सकिदैन । विभिन्न व्यक्तिका दृष्टिकोणमा भाषा भिन्न भिन्न रूपमा भिन्न रूपमा परिभाषित भएको छ । भाषाको परिभाषा  गर्ने सैद्धान्तिक दृष्टिकोणलाई नहेरी भाषाको संरचना, प्रयोक्ता भाषाको कार्य र वस्तुको धारणा तथा वाक्प्रतिकहरूको सम्बन्धलाई हेर्नु पर्दछ । भाषा भनेको विचारहरूको ध्वन्यात्मक प्रकटिकरण हो । साथै सामाजिक समूहद्वारा प्रयोग गरिने वाक्प्रतिकहरूको व्यवस्था पनि भाषा हो भने सुनाइ, बोलाइ, पढाइ, लेखाइ चारवटा भाषाका सीपहरू हुन् । भाषा तथा साहित्य शिक्षणमा सीप पक्ष वा पाठ्यवस्तुको उपलब्धिपूर्ण शिक्षण साध्य वस्तु हो भने त्यस्ता शिक्षण परिपूर्तिका लागि उपयोगी हुने सामग्रीहरू साधन हुन । तिनै सामग्रीलाई व्यापक रूपमा शैक्षिक सामग्रीका रूपमा लिइन्छ । शिक्षण कार्यलाई रोचक, उत्प्रेरक, आकर्षण, चिरस्थायी र उद्देश्यमूलक बनाउन शैक्षिक सामग्रीको ठूलो भूमिका हुन्छ । त्यसैगरी विषयवस्तुमा रहेका अप्ठारा पाठहरूलाई सरल तरिकाले बुझाउन सिकाइ तत्परता र कक्षा सहभागिता बढाउन अमूर्त कुरालाई मूर्त रूपमा कक्षामा प्रस्तुत गर्न, कक्षालाई

जीवन्तता प्रदान गर्न, शिक्षकको पेसागत दक्षता बढाउन र कार्यबोझ घटाउन शैक्षिक सामग्रीको अति महत्त्वपूर्ण सहयोग रहेको हुन्छ ।

भाषा शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरूमा भाषिक प्रयोग सम्बन्धी दक्षता हासिल गराउनु हो । भाषा शिक्षणमा विषयवस्तुको माध्यमबाट भाषिक सीपको विकास गराउने उद्देश्य राखिएको छ । यदि शिक्षण प्रभावकारी र दिगो समयसम्म टिकाइ राख्न शिक्षण प्रभावकारी बनाउन भाषाको आवश्यकता पर्दछ । भाषा शिक्षण यदि प्रभावकारिता भएन भने प्रभावकारी रूपमा शिक्षण हुँदैन । शिक्षण सिकाइ प्रभावकारी र व्यावहारिक गराउन शैक्षिक सामग्रीहरूको भूमिका महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषाको विभिन्न सीप पक्ष एवम् साहित्यको विभिन्न पाठ्यपुस्तकहरू प्रभावकारी शिक्षण गर्ने शिक्षकले पाठ प्रस्तुतिको क्रममा सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने सामग्रीहरू नै शैक्षिक सामग्री हुन् । यिनै सामग्रीलाई व्यापक रूपमा शैक्षिक सामग्रीको रूपमा लिइन्छ । शिक्षकलाई शिक्षण योजना निर्माणदेखि लिएर शिक्षण सिकाइ प्रस्तुतीकरण र मूल्याङ्कन प्रक्रियाको सबै कार्यकलापहरूमा शैक्षिक सामग्रीले उचित रूपमा मार्गनिर्देशन प्रदान गरेको हुन्छ । सोही अनुरूप कुनै विषयवस्तुमा रहेको कठिन शब्दलाई पनि सरल र सहज रूपले बुझाउन, कक्षामा विद्यार्थीको सहभागीता गराउन, अमूर्त कुरालाई मूर्त रूपमा सहज रूपले प्रस्तुत गर्ने कक्षालाई दिगो रूपमा शिक्षण गराउन शिक्षकहरूको एकोहोरो बोलिरहने प्रकृतिलाई हटाउन शैक्षिक सामग्रीहरूको अत्यन्तै ठूलो भूमिका रहेको हुन्छ ।

शैक्षिक सामग्री भन्नाले शिक्षण गर्ने क्रममा दैनिक रूपमा प्रयोग हुने सामग्रीहरू (चक, डस्टर, सेतोपेटी, कालोपाटी, मार्कर, पाठ्यपुस्तक, चार्टबोर्ड, शब्दपत्ती, वाक्य निर्देशिका विषयवस्तुसँग सम्बन्धित पत्रपत्तीका आदि शैक्षिक निर्मित सामग्री हुन् । अझ सङ्कलित सामग्रीहरू वास्तविक शीर्षकसँग सम्बन्धित पोस्टर, पम्पलेट, फोटाहरू, प्रोजेक्टर कम्प्युटर, मोबाइल, सलाइट, पावरप्वाइट आदि शैक्षिक सामग्री हुन् । यिनै शैक्षिक सामग्रीहरूको प्रयोगबाट सिकाइ व्यवहारमा प्रयोग हुने खालको सिकाइमा सहयोग प्रदान गर्नमा ठुलो मद्दत गर्दछ । यसर्थ शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी र दिगो बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण जिम्मेवारी रहेको हुन्छ ।

पाठ्यक्रम समयानुकूल परिमार्जन र विकास हुनुपर्छ । यसै क्रममा आधारभूत शिक्षा २०६७ बाट कार्यान्वयन भइरहेको छ । शिक्षा नियमावली चौथो संशोधन (२०६६) ले कक्षा (१-८) लाई आधारभूत तह मानेको छ । राष्ट्रिय पाठ्यक्रम अनुसार २०७१ मा व्यवस्था भएपछि

कक्षा (१-८) सम्म दिइने शिक्षालाई आधारभूत शिक्षा तथा आधारभूत शिक्षा रहेको छ । हालको वर्तमान शिक्षा नियमावली २०७३ ले कक्षा (१-८) सम्मको कक्षालाई आधारभूत तह मानेको छ । उक्त नियमावली अनुसार कक्षा ५-लाई आधारभूत तहमा राखिएको छ । कक्षा पाँचमा अध्ययनरत  बालबालिकाहरूको मनस्थिति तेज हुने हुदा उनीहरू जिज्ञासु स्वभावको हुँदा शिक्षणमा बिद्यार्थीहरूको मनोभाव रूचि शिक्षण गर्दा बढी भन्दा बढी शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण कार्य गराउन उपयोगी मानिन्छ । शिक्षणमा नयाँ आधुनिक प्रविधिहरूको प्रयोग गर्दा रङ्गीन चार्टपेपर फिल्डमा लगेर प्रयोग गरी सिकाइ गर्दा शिक्षण प्रभावकारी रहन्छ ।

शैक्षिक सामग्री भन्नाले शिक्षकले विद्यार्थीरूलाई शिक्षण गराउँदा प्रयोग गर्ने सम्पूर्ण सामग्रीहरू हुन् । शिक्षणलाई प्रभावकारी, आकर्षण र दिगो बनाउन प्रयोग गरिने सामग्री शैक्षिक सामग्री हुन् । समय, परिवेश, वातावरण अनुसार शैक्षिक सामग्रीको उपलब्ध र प्रयोग गर्ने शिक्षकहरूमा अत्यन्त जरूरी रहेको हुन्छ । शैक्षिक सामग्रीको प्रयोग गर्दा स्थानीय स्रोत साधनको बढी भन्दा बढी प्रयोग गरी शिक्षण गर्दा कम खर्चमा बढी सिकाइ हुँदा शिक्षण खर्चिलो हुँदैन । उपयुक्त शैक्षिक सामग्रीको प्रयोग हुन आवश्यक छ । विद्यार्थीलाई अध्ययनतर्फ रूची जगाउन शिक्षण दिगो बनाउन वर्तमान समयमा प्रयोग गरी आएको आधुनिक शिक्षण पद्धति र व्यावहारिक हुन जरूरी छ ।

यस अध्ययनमा कक्षा पाँचको नेपाली भाषा शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको अवस्था शीर्षकमा अध्ययन गर्दा शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूको प्रयोग, शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या र उक्त समस्यालाई निराकरण गर्ने उपायहरू के कसरी अपनाइएका छन् लगायतका विषयमा जिज्ञासा रहेकाले यो विषय शीर्षकमा रूचि भएको हो । कक्षा शिक्षणमा विद्यार्थीहरूको निरन्तर उपस्थिति, सिकाइमा रूचि, अर्थपूर्ण सिकाई कक्षाकार्यमा उपलब्धि हुनु, उमेर ंस्तर अनुरूप शैक्षिक सामग्रीहरूको प्रयोग गर्नु अति आवश्यक देखिन्छ । यसले कक्षामा कक्षा शिक्षकको शिक्षण गर्ने शैली पनि कक्षामा शिक्षण सामग्रीको महत्त्वका सम्बन्धमा बढी जानकारी दिनुका साथै शैक्षिक सामग्रीको उपयोगिताबारे समेत स्पष्ट पार्ने भएकाले पनि यस अध्ययनप्रति अनुसन्धान गर्न सान्दर्भिक देखिएको छ ।

यस अध्ययनले कक्षा पाँचका विद्यार्थीहरूको नेपाली भाषा शिक्षण सिकाइमा शैक्षिक सामग्री बढी प्रभाव पार्ने भएकोले यो अध्ययन विषयवस्तु अनुसन्धानमूलक देखिएको हो । यसरी

प्रयोग गरिएको सामग्रीले कक्षा शिक्षणलाई आकर्षण, रोचक, विषयवस्तु केन्द्रित एवम् सरल र सहज बनाउन सहयोग गर्दछ । अतः प्रस्तुत अध्ययनमा कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्री प्रयोगको अवस्था सम्बन्धमा सामुदायिक र संस्थागत विद्यालयको कक्षा पाँचमा शैक्षिक सामग्री प्रयोगको प्रभावकारी छ वा छैन, प्रयोगमा देखिएका समस्या र समाधानका उपाय के कस्ता अपनाउने गरिएका छन् जस्ता विषयलाई अनुसन्धानको मुख्य विषय बनाइएको छ ।

## १.२ समस्या कथन

भाषाशिक्षण एक जटिल र संवेदनशील शिक्षण प्रक्रिया हो । यसमा भाषा सम्बद्ध पाठ्यवस्तुहरूको संयोजन गरिएको हुन्छ । भाषामा समावेश गरिएका उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदि सबैमा विविधता रहेको पाइन्छ । कक्षा शिक्षणमा उपयोग गरिएको शैक्षिक सामग्री प्रयोगको अवस्थाः शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या र समाधानका उपायहरू पहिल्याउनु नै यस शोधकार्यका मुख्य समस्या हुन् । यस अध्ययनका समस्यालाई निम्नानुसार उल्लेख गरिएको छ :

(क) विद्यालयहरूमा शैक्षिक सामग्री के कति मात्रामा उपलब्ध छन् ?

(ख) उपलब्ध शैक्षिक सामग्रीको प्रयोग के कसरी गरिएको छ ?

(ग) शैक्षिक सामग्री प्रयोग गर्दा आइपर्ने समस्या के कस्ता छन् ? तिनको समाधान कसरी गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) विद्यालयमा नेपाली भाषा शिक्षणका क्रममा, उपयोग गरिएका शैक्षिक सामग्रीको विवरण तयार गर्न,

(ख) ती सामग्रीको प्रयोग गर्ने तौरतरिकाको विश्लेषण र मूल्याङ्कन गर्न,

(ग) शैक्षिक सामग्रीको प्रयोगमा आइपरेका समस्याहरू पहिल्याइ आवश्यक सुझाव दिन ।

## १.४ अध्ययनको औचित्य

शिक्षा क्षेत्रमा नवीनतम उपलब्धि हासिल गर्नका लागि आधुनिक शिक्षण पद्धतिका साथै शैक्षिक सामग्रीको विशेष भूमिका रहेको हुन्छ । उपयुक्त शैक्षिक सामग्रीको प्रयोगबाट सिकाइलाई दिगो बनाउन र सिकारूमा रूचि, क्षमतामा अभिवृद्धि गर्नका लागि यसको औचित्य रहेको छ । प्रस्तुत अध्ययनमा कक्षा पाँचमा नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री प्रयोगका अवस्थाका सन्दर्भमा अनुसन्धान केन्द्रित गरिएकाले यस अध्ययनले आधारभूत तहका विद्यालयमा विभिन्न विषयवस्तु अनुसार उपयोग गरिने शैक्षिक सामग्रीको निर्माण र प्रयोगको अवस्था के कस्तो छ, शैक्षिक सामग्री प्रयोगमा के कस्ता समस्याहरू देखिएका छन् र ती समस्याहरूलाई समाधान गर्न के कस्ता उपायहरू अपनाउनु आवश्यक छ जस्ता विषयमा जानकारी दिन सहयोग गर्नेछ । यस अध्ययनको औचित्य निम्नानुसार रहेको छ :

(क) यस अध्ययनले आधारभूत तह कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको विवरणका बारेमा जानकारी प्रदान गर्ने देखिन्छ ।

(ख) प्रस्तुत अध्ययनले आधारभूत तहमा प्रयोग गरिने आवश्यक शैक्षिक सामग्रीले विद्यार्थी सिकाइ क्षमताको अभिवृद्धि र त्यसको प्रविधिगत सिकाइको प्रभावका बारेमा शिक्षकलाई जानकारी दिने भएकाले यसको औचित्य रहेको छ ।

(ग) नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगले गर्दा शिक्षक विद्यार्थीका बीच मैत्रीपूर्ण सम्बन्धको विकास भई सिकाइ सहजपूर्ण हुने, शिक्षकको समयको बचत हुने, विषयवस्तुको व्यवहारिक अनुभव प्राप्त गर्न शिक्षक विद्यार्थी दुबैलाई सहयोग पुऱ्याउने भएकाले यस अध्ययनको औचित्य देखिन्छ ।

(घ) विद्यार्थीलाई शैक्षिक सामाग्रीको प्रयोग गरी अध्यापन गराइने हुँदा सिकाई दिगो र प्रभावकारी बनाउन समेत सहयोग गर्ने भएकाले औचित्यपूर्ण रहेको छ ।

(ङ) यस अध्ययनले आधारभूत तहमा पाठ्यक्रम र पाठ्यपुस्तक निर्मातालाई शैक्षिक सामग्रीका आधारमा शिक्षण गर्न सकिने गरी पाठ्यपुस्तक र पाठ्यक्रम निर्माण गर्न सहयोग गर्ने भएकाले औचित्यपूर्ण देखिन्छ ।

(च) यस अध्ययनले पाठ्यक्रमको उद्देश्य पूरा गर्न र शिक्षकको अनुभव र पेसागत दक्षतामा तिक्ष्णता बढाउन शैक्षिक सामग्रीले सहयोग गर्ने भएकाले औचित्य रहेको छ ।

(छ) यस अध्ययनले शैक्षिक सामग्री सम्बन्धी अध्ययन गर्ने भावी शोधकर्ताहरूका लागि सन्दर्भ सामग्रीको रूपमा सहयोग गर्ने भएकाले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

अतः माथि उल्लेखित बुँदा अनुसार यस अध्ययनले भाषिक शिक्षण कार्यमा संलग्न रहेका शिक्षक, विद्यार्थी, विद्यालयको शैक्षिक वातावरणमा महत्त्वपूर्ण भूमिका खेल्ने देखिन्छ । प्रस्तुत अध्ययनले सुर्खेत जिल्ला वी.न.पा. ११ र १२ मा रहेका विद्यालयमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थाबारे वास्तविक पहिचान गरी आवश्यक सुधारका लागि सल्लाह सुझाव दिई शैक्षिक सुधार गर्न सहयोग मिल्ने देखिन्छ । त्यसैले सुर्खेत जिल्ला वी.न.पा. ११ र १२ मा रहेका विद्यालयमा शैक्षिक गुणस्तर वृद्धिमा केही हदसम्म भएपनि सहयोग पुऱ्याएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन आधारभूत तहमा नेपाली विषय बाहेक अन्य विषय शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको प्रयोगको अवस्थाको अध्ययन गरिएको छैन । प्रस्तुत अध्ययनको सीमाङ्कन् निम्नानुसार रहेको छ :

(क) प्रस्तुत अध्ययन कक्षा पाँचमा नेपाली विषय शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीमा सीमित रहेको छ ।

(ख) यो अध्ययन सुर्खेत जिल्ला वीरेन्द्रनगनर नगरपालिका वडा नं. ११ र १२ मा सञ्चालनमा रहेका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयमा सीमित रहेको छ ।

(ग) प्रस्तुत अध्ययन स्थलगत भ्रमणबाट टिपोट गरिएको र छनोटमा परेका विद्यार्थीहरूका प्र.अ. नेपाली विषय शिक्षक र विद्यार्थीहरूसँगको प्रश्नावलीबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।

(घ) प्रस्तुत अध्ययनमा आधारभूत तह कक्षा पाँचमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था, प्रयोगमा देखिएका समस्या र समस्या समाधानका उपायको मात्र अध्ययन गरिएको छ ।

(ङ) प्रस्तुत अध्ययन आधारभूत तहमा नेपाली विषय बाहेक अन्य विषय शिक्षणमा प्रयोग गरिएका सामग्री प्रयोगको अवस्थाको अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययनको संरचना पक्षलाई सुसङ्गठित र व्यवस्थित र वैज्ञानिक स्पष्टताका लागि निर्धारित शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भ सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा र उपादेयता

प्रस्तुत अध्ययन क्षेत्रसँग सम्बन्धित यस भन्दा अघि गरिएका शोधकार्य र पाठ्यपुस्तकको समीक्षा निम्नानुसार गरिएको छ :

हेमाङ्गराज अधिकारी (२०६७) को सम्पादनमा प्रकाशित **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति** पुस्तकको पृष्ठ २४९ मा शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगको बारेमा चर्चा गरिएको छ । लेखकले शिक्षकले कक्षामा गरिने सबै खाले शैक्षिक सामग्रीको छनोट वितरण निर्माण र प्रयोगको बारेमा शब्दको अर्थ बुझाउन चित्रहरूको प्रयोग गर्नुपर्ने, गोजी तालिकाको प्रयोग गरी शब्दको अर्थ र वाक्यमा प्रयोग गर्न सिकाउने र कक्षामा रहेको सेतो पाटीको बढी प्रयोग गर्नुपर्ने, केटा केटीलाई शैक्षिक सामग्री आफै सङ्कलन गरेर ल्याउन पठाउने जस्ता कुराहरूको बारेमा चर्चा गरिएको छ । यस शोधमा लेखकको पुस्तकको शैक्षिक सामग्रीको छनोट, निर्माण र प्रयोगको बारेमा चर्चा गरिएको हुनाले सैद्धान्तिक खण्डमा यसको प्रयोग गरिएको छ ।

डेबिटबहादुर शाही, (२०६९) द्वारा **माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीहरूको परिचय दिनु, नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीहरूको उपयोग स्थिति पत्ता लगाउनु, नेपाली भाषा शिक्षणका लागि शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्या पहिचातन गर्नु, नेपाली भाषा शिक्षणका क्रममा शैक्षिक सामग्री प्रयोग गर्दा आएका समस्या समाधानका उपाय पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको छ । यस शोधमा मुख्यतया क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको उपयोग गरिएको छ । शैक्षिक सामग्रीको प्रयोग हुन नसक्नुमा आर्थिक अवस्था कमजोर रहनु, सबै शिक्षकहरू तालिम प्राप्त नभएको, परिश्रमी शिक्षकहरूको मूल्याङ्कन नहनु, विद्यालयमा शिक्षक निर्देशिका समयमा नपुग्नु, आवश्यक सामग्री प्रयोगमा जोड नदिएको, नेपाली विषयलाई सरल विषयको रूपमा ठानेको तथा शिक्षकहरू आफ्नो पेशामा मात्र सीमित नभई अन्य क्षेत्रमा लागेको जस्ता निष्कर्ष निकालिएको छ । यस

शोधपत्रले भाषा शैक्षिक सामग्रीको पहिचान र अध्ययनमा महत्त्वपूर्ण सहयोग मिलेको छ । तसर्थ यस शोधलाई प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ ।

कृष्णबहादुर थापा, (२०७१) द्वारा **प्रा.वि. नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिता नामक** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधमा प्रा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण सामग्रीको प्रयोगको अवस्था पत्ता लगाउनु, नेपाली शिक्षणमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिता पत्ता लगाउनु, नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री प्रयोग गर्दा र प्रयोग नगर्दामा सिकाइमा पाइएको भिन्नताको खोजी गर्नु उद्देश्य राखिएको छ । यो शोध जाजरकोट जिल्ला दशेरा स्रोत केन्द्र अन्तर्गत छनोटमा परेका विद्यालयहरूमा प्रा.वि. तहमा नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिता बारे खोज अनुसन्धान गर्ने प्रयास यस अध्ययन गरिएको छ । वर्णनात्मक पुस्तकलयीय विधि र क्षेत्रीय अध्ययन अवलम्वन गरिएको छ । यस अध्ययनका लागि आवश्यक पर्ने सूचना र तथ्याङ्क सङ्कलन गर्ने प्राथमिक सामग्रीको रूपमा अध्ययनकर्ता सोही विद्यालयमा अध्यापन गर्ने भएकोले अध्ययनकर्ता र अध्ययन क्षेत्रका छनोटमा परेका प्रा.वि. तहमा नेपाली भाषा शिक्षण गर्ने शिक्षक तथा विद्यार्थीहरूलाई सूचक मानी तथ्याङ्क सङ्कलन गरिएको छ । जाजरकोट जिल्लाको दशेरा स्रोतकेन्द्रमा पर्ने श्री रामोदय माध्यमिक विद्यालय जेवा र श्री विद्यादेवी निम्न माध्यमिक विद्यालय सिद्धडाँडालाई लिई यी विद्यालयहरूको भौतिक, शैक्षिक, आर्थिक र भौगोलिक अवस्थाको बारेमा विभिन्न तथ्याङ्कशास्त्रीय विधिद्वारा विश्लेषण गरिएको छ । यसर्थ नेपाली भाषालाई प्रभावकारी ढङ्गबाट शिक्षण गरी विद्यार्थीहरूलाई प्रा.वि. तहबाट नै भाषिक सीपका दक्षता बनाउन पर्याप्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग हुनुपर्ने निष्कर्ष निकालिएको छ । उक्त शोधपत्रको अध्ययनले यस शोधकार्यको उद्देश्य निर्माण तथा व्याख्या विश्लेषण खण्डमा सहयोग गर्ने भएकाले यसको उपादेयता रहेको छ ।

डम्बरबहादुर थापा मगर (२०७१) द्वारा **मा.वि. नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण सामग्रीको प्रभावकारिता** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधका उद्देश्य मा.वि. तहमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको परिचय दिनु, नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण सामग्रीको प्रयोग अवस्था सर्वेक्षण गर्नु र शिक्षण सामग्रीको प्रभावकारिताको स्थिति पत्ता लगाउनु यस शोधपत्रका प्रमुख उद्देश्य रहेका छन् । यस शोधमा सर्वेक्षण विधिमा आधारित भई छलफल, प्रश्नावली र अवलोकनको

माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । आठवटा सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । यस शोधको निष्कर्षमा विद्यार्थीको रूचि, उमेर, रूचि र तह अनुसारको उपयुक्त शिक्षण सामग्रीको प्रयोग गरी शिक्षण गरेमा प्रभावकारी हुने, शिक्षण सिकाइलाई प्रभावकारी बनाउनका लागि कक्षालाई रोचक एवम् विद्यार्थीलाई उत्साहित र रचनात्मक बनाउन शिक्षण सामग्री बढी उपयोगी सावित भएको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले प्रस्तुत शोधकार्यको विश्लेषण खण्ड र पृष्ठभूमि निर्माण गर्न सहयोग गर्ने भएकाले उपयोग गरिएको छ ।

यज्ञबहादुर खड्का (२०७१) द्वारा **कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको निर्माण र प्रयोग अवस्थाको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा शिक्षकहरूले निर्माण र प्रयोग गर्ने शिक्षण सामग्रीको पहिचान गर्नु, संस्थागत र सरकारी विद्यालयहरूमा नेपाली भाषा शिक्षकहरूले निर्माण र प्रयोग गरेका शिक्षण सामग्रीहरूमा पाइने समानता र असमानताको अध्ययन गर्नु, विधागत विविधताको आधारमा उपयोग गरिएका शिक्षण सामग्रीहरूको प्रयोग अवस्थाको पहिचान गर्नु, शिक्षण सामग्रीको निर्माण तथा प्रयोग अवस्थाका सबल तथा दुर्वल पक्षको पहिचान गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । यस शोधमा मुख्यतया क्षेत्रीय अध्ययन विधि, पुस्तकालयीय अध्ययन विधि र वर्णनात्मक विधिको उपयोग गरिएको छ । कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा सामग्रीको प्रयोग हुन नसक्नुमा आर्थिक अवस्था कमजोर रहनु, सबै शिक्षकहरू तालिम प्राप्त नभएको, परिश्रमी शिक्षकहरूको मूल्याङ्कन नहनु, आवश्यक सामग्री प्रयोगमा जोड नदिएको, नेपाली विषयलाई सरल विषयको रूपमा ठानेको तथा शिक्षकहरू आफ्नो पेशामा मात्र सीमित नभई अन्य क्षेत्रमा लागेको जस्ता निष्कर्ष निकालिएको छ । यस शोधपत्रको अध्ययनले प्रस्तुत शोधमा पृष्ठभूमि निर्माण, उद्देश्य निर्माणमा महत्त्वपूर्ण सहयोग मिलेकाले यस शोधलाई उपयोग गरिएको छ ।

वीरेन्द्रबहादुर शाही, (२०७२) द्वारा **कालिकोट जिल्लाको मा.वि. तह कक्षा नौ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने सामग्रीको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधमा कालीकोट जिल्लाका मा.वि. तह कक्षा नौमा नेपाली भाषा शिक्षण गर्दा शिक्षकहरूले के-कस्ता शिक्षण सामग्रीको प्रयोग गरिरहेका छन्, पहिचान गर्नु, संस्थागत र सामुदायिक विद्यालयहरूमा नेपाली भाषा शिक्षकहरूले उपयोग गरेका शिक्षण सामग्रीको तुलना गर्नु, र नेपाली भाषा शिक्षण गर्दा शिक्षण सामग्री सम्बन्धी समस्याको पहिचान गरी निराकरणका

लागि आवश्यक सल्लाह सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनमा मुख्यतया क्षेत्रीय अध्ययन र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । सामुदायिक विद्यलायमा चक, डस्टर र कालोपाटी जस्ता दैनिक प्रयोगका सामग्रीहरू नै बढी प्रयोग भएको, सामुदायिक विद्यालयका शिक्षकले पाठ्यपुस्तकलाई र संस्थागत विद्यालयको ६० प्रतिशत शिक्षकले कक्षानोटलाई शिक्षण सामग्रीका स्रोतका रूपमा प्रयोग गरेको, संस्थागत विद्यालयले दैनिक पाठयोजना बनाइ शिक्षण गर्ने गरेका छन् भने संस्थागत विद्यालयले दैनिक पाठयोजना बनाइ शिक्षण नगरेको र सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूले विधागत रूपमा शिक्षण गर्दा दैनिक प्रयोग गर्ने शिक्षण सामग्रीहरू, कालोपाटी, चक, डस्टर, शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फ्लाटिन बोर्ड आदि ८० प्रतिशत प्रयोग गरेको निष्कर्ष निकालिएको छ । यस शोधले भाषा शैक्षिक सामग्रीको पहिचान र अध्ययनमा महत्त्वपूर्ण सहयोग मिलेकाले यस शोधलाई प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ ।

केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेल (२०७३) को सम्पादनमा प्रकाशित **नेपाली भाषा र साहित्य शिक्षण** पुस्तक शिक्षण सामग्री र विविध प्रविधिहरूमा केन्द्रित रहेको छ । उक्त पुस्तकको अध्याय १० को पृष्ठ २३७ मा शिक्षण सामग्री र सहायक सामग्री शीर्षक राखी परिचय, आधार सामग्री र पुरक एवम् सहायक सामग्रीको चर्चा परिचर्चा गरिएको छ । यसमा भाषा शिक्षणलाई सफल र प्रभावकारी र जीवन्त बनाउन सहयोग पुऱ्याउने सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । यस अन्तर्गत पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य र सामग्री अनकूल छनोट र स्तरण गरिएका पाठ्यपुस्तकलाई उपलब्धिपूर्ण बनाउन शैक्षिक सामग्रीको जरूरत पर्दछ । यसरी निर्धारण शैक्षिक सामग्री शिक्षकलाई शिक्षण गर्न सहयोग पुऱ्याउने छ भने आधार सामग्रीलाई मुख्य सामग्रीको रूपमा लिइएको छ । शिक्षकलाई आफ्नो पाठ्यवस्तु शिक्षण गर्नका लागि नभइ नहुने सामग्रीलाई आधार सामग्री भनिन्छ । यसमा ढुङ्गा, माटो, नदिनाला जस्ता प्रत्यक्ष देखेर पुगेर सिकाइ गरेका कुरालाई आधार सामग्रीका रूपमा राखिएको छ भने भाषा शिक्षण कार्यलाई सफल र उद्देश्यमूलक बनाउन सहयोग गर्ने सामग्रीलाई सहायक रूपमा राखेका छन् । यस अन्तर्गत शिक्षकले निर्माण गरेका शब्दपत्ती, वाक्य पत्ती, शब्दार्थ पत्ती, गोजीतालिका आदि प्रदर्शन गरी निर्देशिका जस्ता कुराहरू लेखकले उल्लेख गरेका छन् । पृष्ठ २३८ मा शैक्षिक सामग्रीबाट हुने फाइदाहरू नेपाली शिक्षणमा शैक्षिक सामग्रीको उपयोगको वर्तमान अवस्था सम्बन्धी चर्चा गरिएको छ । यसैगरी पृष्ठ २३९ मा नेपाली शिक्षणमा प्रयोग गर्न सकिने शैक्षिक सामग्रीको सामान्य

प्रकार नामाकरण गरी शैक्षिक सामग्रीको प्रकार गरी पृष्ठ २४३ चर्चा गरेका छन् । यस पाठ्यपुस्तकको प्रयोग सैद्धान्तिक खण्डमा सहयोग गरेकाले उपयोग गरिएको छ ।

गणेश अधिकारी (२०७३) द्वारा **कक्षा आठमा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण कार्यकलापहरू** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा लमजुङ जिल्लामा कक्षा आठमा कविता शिक्षण गर्दा शिक्षकहरूले अपनाएका कार्यकलापको पहिचान गर्नु, उक्त कक्षामा पहिलो भाषी र दोस्रो भाषी शिक्षकहरूले अपनाइएका कार्यकलापहरूमा समानता र असमानता पहिचान गर्नु, भाषामा पुरूष शिक्षक र महिला शिक्षकहरूले अपनाएका कार्यकलापहरूमा समानता र असमानता पहिचान गर्नु जस्ता उद्देश्य राखी तयार पारिएको छ । उक्त शोधमा सर्वेक्षण विधिको उपयोग गरिएको छ । यस शोधमा तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली विधिको प्रयोग गरिएको छ । यस शोधमा नेपाली भाषा शिक्षण गर्ने शिक्षकले यस कुरालाई मनन गर्नुपर्ने कविता शिक्षण गर्दा गति, यति मिलाइ सस्वरवाचन गर्ने शिक्षकको सङ्ख्या धेरै रहेका छन् भने छनोटमा परेका विद्यालयमा गरेको कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कको निष्कर्ष अनुसार १३ जना पहिलो भाषी र ५ जना दोस्रो भाषी शिक्षकले गति, यति मिलाई लयवाचन गर्ने गरेको देखियो भने २ जना पहिलो भाषीले नगरेको पाइयो र पहिलो भाषी र दोस्रो भाषी महिला र पुरूष शिक्षकको कार्यकलापमा सैद्धान्तिक र व्यवहारिक पक्षमा धेरै समानता रहेको र थोरै असमानता रहेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रले प्रस्तुत शोधकार्यको शीर्षक चयनका साथै उद्देश्य निर्धारण गर्न सहयोग पुर्‍याएकाले उपयोग गरिएको छ ।

केशवराज पोखरेल र उमेश काफ्ले (२०७४) द्वारा **नेपाली भाषा शिक्षण** नामक पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकको पृष्ठ ३११ मा आधारमा सामग्री र सहायक सामग्रीको बारेमा उल्लेख गरिएको छ भने पृष्ठ ३१२ मा नेपाली भाषा शिक्षणमा सहायक सामग्रीको आवश्यकताका बारेमा चर्चा गरिएको छ भने पृष्ठ ३१२ मा नेपाली शिक्षणमा प्रयोग हुन सक्ने सहायक सामग्रीको परिचय वर्गीकरणका बारेमा उल्लेख गरिएको । यसका साथै सहायक सामग्रीहरूको सङ्कलन, निर्माण र प्रयोग विधि सम्बन्धी विस्तृत रूपमा व्याख्या गरिएको छ । यस पुस्तकको अध्ययन प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग गर्ने भएकाले यसको उपयोग गरिएको छ ।

रामप्रसाद भट्टराई र अन्य (२०७४) को सम्पादनमा प्रकाशित **नेपाली भाषा शिक्षण** नामक पुस्तकमा शैक्षिक सामग्री सम्बन्धी चर्चा परिचर्चा गरिएको छ । यस पुस्तकमा लेखकले पृष्ठ १४८ मा आधार सामग्री र सहायक सामग्रीका बारेमा परिचयात्मक खण्ड राखिएको छ । यसैगरी पृष्ठ १४९ मा नेपाली भाषा शिक्षणमा सहायक समग्रीको आवश्यकता राखि ती आवश्यकताहरूलाई बुँदागत रूपमा चर्चा परिचर्चा गरिएको छ भने पृष्ठ १५० मा नेपाली भाषा शिक्षणमा प्रयोग हुने सहायक सामग्रीको परिचय तथा वर्गीकरणहरूका बारेमा १५२ सम्म चर्चा गरिएको छ । यसैगरी १५२ देखि १५४ सम्म शिक्षक सहायक सामग्रीको सङ्कलन निर्माण र प्रयोगका बारेमा लेखकले विस्तृत रूपमा चर्चा परिचर्चा गरेका हुनाले यस पुस्तकको प्रयोग सैद्धान्तिक खण्डमा उपयोग गरिएको छ ।

रामचन्द्र लम्साल र अन्य (२०७४) को सम्पादनमा प्रकाशित **नेपाली भाषा शिक्षण** पुस्तकको पृष्ठ १०२ को अध्याय १२ को शीर्षक अन्तर्गत शिक्षण सहायक सामग्रीको परिचय, नेपाली भाषा शिक्षणमा सहायक सामग्री आवश्यकताका बारेमा लेखकले परिचयात्मक खण्डबाट विश्लेषण रूपमा चर्चा गरेका छन् । लेखकले शीर्षक अन्तर्गत शैक्षिक सामग्रीको परिचय र आवश्यकतालाई विस्तृत रूपमा सैद्धान्तिक परिचय प्रस्तुत गरेका छन् । यस खण्डमा व्याख्यानात्मक विधिको प्रयोग गरी शैक्षिक सामग्रीको परिचय र आवश्यकतालाई प्रष्ट पारेका छन् । यसमा पृष्ठ १०३ मा नेपाली भाषा शिक्षणमा सहायक सामग्रीको परिचय, शैक्षिक सामग्री सङ्कलनका बारेमा बुँदागत रूपमा व्याख्या विश्लेषण गरेका छन् । यसैगरी लेखकले पृष्ठ ११० मा शैक्षिक सामग्री निर्माणको बारेमा र प्रयोग विधिको बारेमा उल्लेख गरेका छन् । यसका साथै नेपाली भाषा शिक्षणमा सहायक सामग्रीको आवश्यकता, सङ्कलन निर्माण र प्रयोग विधिका बारेमा उल्लेख गरिएको हुनाले यस पाठ्यपुस्तकको प्रयोग सैद्धान्तिक खण्डमा गरिएको छ ।

कमलाकुमारी शाही, (२०७६) द्वारा **कक्षा चारमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको प्रभावकारिता** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा मुख्यतया प्रयोगात्मक र नियन्त्रित समूहमा विभाजन गरी शैक्षिक सामग्री प्रयोगको अवस्था पहिचान गर्नु, कक्षा चारमा नेपाली भाषा शिक्षणमा शिक्षण गर्दा प्रयोग गरिने सामग्री प्रयोगको प्रभावकारिता पत्ता लगाउनु र प्रभावकारिताको विश्लेषणबाट देखिएका समस्या पत्ता लगाइ समाधानका उपायको खोजी गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय अध्ययन विधिको उपयोग गरिएको छ । यस शोधमा सामग्री

सङ्कलनमा अवलोकन र प्रश्नावली विधिलाई आधार बनाइएको छ । अध्ययनमा वीरेन्द्रनगर नगरपालिकाका विद्यालयलाई मुख्य क्षेत्रका रूपमा लिइएको छ । उक्त शोधमा मध्यमान, मानक विचालन र जेट टेष्टका माध्यमबाट तथ्याङ्कको विश्लेषण गरिएको छ । विद्यालयमा चक, डस्टर र कालोपाटी जस्ता दैनिक प्रयोगका सामग्रीहरू नै बढी प्रयोग भएको, शिक्षकले पाठ्यपुस्तकलाई र कक्षानोटलाई शिक्षण सामग्रीका स्रोतका रूपमा प्रयोग गरेको, संस्थागत विद्यालयले दैनिक पाठयोजना बनाइ शिक्षण नगरेको र सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरूले विधागत रूपमा शिक्षण गर्दा दैनिक प्रयोग गर्ने शिक्षण सामग्रीहरू, कालोपाटी, चक, डस्टर, शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फ्लाटिन बोर्ड आदि सामग्रीको बढी प्रयोग गरेको निष्कर्ष निकालिएको छ । यस शोधपत्रले प्रस्तुत शोधको शैक्षिक सामग्रीको पहिचान गरी विश्लेषणात्मक अध्ययनमा महत्त्वपूर्ण सहयोग मिलेकाले प्रस्तुत अध्ययनमा उपयोग गरिएको छ ।

रविना खत्री (२०७६) द्वारा **कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । प्रस्तुत अध्ययन कथा शिक्षण गर्दा अपनाउन सकिने कार्यकालपको पहिचान गर्नु, ती कार्यकलाप अपनाउँदा प्रयोग गरिएका सामग्रीको विवरण तयार गर्नु, कथा शिक्षणका कार्यकलाप अपनाउँदा देखिएका समस्याको पहिचान गरी सुझाव प्रस्तुत गर्नु जस्ता उद्देश्यमा केन्द्रित रहेको छ । प्रस्तुत शोधकार्यमा सुर्खेत जिल्लाका सम्पूर्ण शिक्षकहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ भने सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिकाका दस सामुदायिक र दश संस्थागत विद्यालय गरी जम्मा बीस वटा विद्यालयका नेपाली भाषा शिक्षण गर्ने बीस जना शिक्षकलाई मात्र नमुनाका रूपमा समेटिएको छ । क्षेत्रीय अध्ययन विधि र पुस्तकालयीय विधिको उपयोग गरिएको छ । प्राथमिक र द्वितीय स्रोतका माध्यमबाट सङ्कलन गरिएका तथ्याङ्कलाई विद्यालयका शिक्षकहरूले भरेको प्रश्नावली फाराम र कक्षा अवलोकन गर्दा प्राप्त तथ्यको विश्लेषण गरिएको छ । यसमा प्रश्नावली र अवलोकनबाट प्राप्त नतिजालाई अनुसरण गरी निष्कर्ष निकाल्दा शिक्षकले कथा शिक्षणका कार्यकलापमा सस्वर पठन, मौन पठन, वाक्यमा प्रयोग, शब्दार्थ शिक्षण, घटना वर्णन जस्ता कार्यकलापको प्रयोग बढी गरिएको उल्लेख गरिएको छ । शिक्षणका क्रममा पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षण कार्यकलाप, शिक्षण सामग्री प्रयोग गरिएमा शिक्षण कार्यकलाप छनोट र शिक्षण सामग्री छनोटमा अलमल नपरी शिक्षण सिकाइ

सरल र प्रभावकारी हुने निष्कर्ष निकालिएको छ । यस शोधपत्रले प्रस्तुत शोधको शीर्षक चयन र उद्देश्य निर्धारण गर्न सहयोग पुऱ्याएकाले उपयोग गरिएको छ ।

तसर्थ माथि उल्लेखित विभिन्न अध्ययनहरूको कुनै न कुनै रूपमा शैक्षिक सामग्री प्रयोग सम्बन्धी शीर्षकसँग सम्बन्ध रहेको हुनाले शोधकार्यले शैक्षिक सामग्रीको निर्माण र प्रयोग निश्चित तहमा प्रयोग गरिएको देखिन्छ तर स्थानीय शिक्षणको अनुपातमा स्थानीय पाठ्यपुस्तकको प्रयोगसँगै शैक्षिक सामग्रीको प्रयोगको अवस्था, प्रयोगमा देखिएका समस्या र समाधानका उपायका सम्बन्धमा अध्ययन नभएकाले सुर्खेत जिल्ला वी.न.पा. ११ र १२ अन्तर्गतका सरकारी र संस्थागत विद्यालयहरूमा प्रयोग भइरहेका शैक्षिक सामग्रीको प्रयोगको अवस्था सम्बन्धीका लागि नयाँ हुनुका साथै उपयोगी रहेका छन् । यसका साथै आधारभूत तहमा शैक्षिक सामग्री प्रयोगमा देखिएको कमीकमजोरी समेत सुधार गर्न सहयोग पुग्ने आशा र अपेक्षा साथ प्रस्तुत अध्ययनका लागि उल्लेखित शैक्षिक सामग्रीको समीक्षा गर्नु सान्दर्भिक देखिएको छ ।

## २.२ सम्बन्धित विषयको सैद्धान्तिक अवधारणा

शिक्षण सिकाइमा शैक्षिक सामग्रीको प्रयोगका अवस्था सुरू ५०० वर्ष अघिबाट भएको हो । सुरूको मानवतावादी लेखक इरासमस (१४६६ बाट १५६६) ले सबैभन्दा पहिले शिक्षण सिकाइ गर्ने क्रममा श्रव्य (सुनेर) दृश्य (हेरेर) उनले शिक्षण सिकाइको क्रममा चित्र र दृश्य सामग्रीको प्रयोग गर्नाले स्मरणशक्ति तेज भई स्मरण शक्ति बढ्ने सिकेको कुरा दिगो रूपमा रहिरहने कुरा उठाएका थिए । उनको यस विधामा सहमत दिँदै प्रभावित बनेको जोन एमोस कोमिनीयस (१५९२ देखि १६७०) (शाही, २०७२ बाट उद्धृत) ले आफ्नो पुस्तक वर्ड अफ सेन्स अबजेक्टसमा मानव जीवनका विविध आयामहरू झल्कने खालका १५० ओटा चित्र समेत राखेका थिए । बाल सिकाइका लागि यो पुस्तक अत्यन्तै महत्त्वपूर्ण र प्रभावकारी रहेको छ । यसपछि दृश्य शिक्षाको महत्त्वको बारेमा नेल्सन ग्रीन्सले सन् १९२६ मा व्याख्या गरेको पाइन्छ । श्रव्य अर्थात श्रुति परम्पराबाट शिक्षण सिकाइ गर्ने प्रथा बौद्धिक कालदेखि नै रहेको पाइन्छ (निरौला २०७०, पृ.५०) ।

वेद श्रुति परम्पराबाट एक पुस्तकबाट अर्को पुस्तामा सरेको पाइन्छ । कालान्तरमा यो कार्य जटिल बन्दै गएपनि यसलाई सजिलो पार्न सामवेदको सृजना भएको पाइन्छ । सामवेदमा ऋचाहरूमा लय र संगीत भनेर स्मरण गर्न सजिलो पारिएको थियो । संगीतको मूलमन्त्र

“सारेगमपधनिसा” को बौद्धिक काल मा सिर्जना भएको पाइन्छ (निरौला, २०७०, पृ. ५०) । तसर्थ शैक्षिक सामग्रीको उपयोगले सिकाईलाई स्थायी, दिगो र परिमाणमुखी बनाउँछ । एक सय वटा शब्दको अर्थ एउटा शब्दको अर्थ एउटा चित्रले इङ्गित गर्दछ । त्यसैकारण शिक्षण सिकाई सर्वाङ्गिण विकासको लागि शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ । यसरी प्रयोग गर्ने शिक्षण सामग्रीहरू भित्र रहेका संस्थागत र सामुदायिक विद्यालयहरूमा समुचित रूपले सामग्रीहरूको प्रभावकारी शिक्षण सिकाइ बनाउन शैक्षिक सामाग्रीको उपयोग गर्ने गरेको पाइदैन ।

शिक्षण सिकाइमा शैक्षिक सामग्रीको बारेमा करिब ५०० वर्ष पहिले मानवतावादी लेखक इरासमस (१४६६ देखि १५३६) ले सबैभन्दा पहिले शिक्षण सिकाइमा श्रव्य, दृश्य शिक्षण सामग्रीको आवश्यकता र महत्त्वको बारेमा बोलेको पाइन्छ । उनले शिक्षण सिकाइमा चित्र र दृश्य सामग्री प्रयोग गर्नाले स्मरणशक्ति बृद्धि हुने र सिकाइ दिगो हुने कुरा उठाएका थिए । उनको यो विचारबाट प्रभावित भएर जोन एमोस कोमिनियस (१५९२ देखि १६७०) ले आफ्नो पुस्तक वर्ड अफ सेन्स अब्जेक्टमा मानव जीवनका विविध आयाम झल्कने १५० ओटा चित्र समेत राखेका थिए । बाल सिकाइका लागि यो पुस्तक ज्यादै नै प्रभावकारी सावित भयो । त्यसपछि दृश्य शिक्षाको महत्त्वका बारेमा नेल्सन ग्रीन्सले सन् १९२६ मा व्याख्या गरेको पाइन्छ । श्रुति परम्पराबाट शिक्षण सिकाइ गर्ने प्रथा वैदिक कालदेखि नै रहेको पाइन्छ । एकसय वटा शब्दको अर्थ एउटा चित्रले इङ्गित गर्दछ । त्यसैले शिक्षण सिकाइको सर्वाङ्गिण विकासका लागि शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ (उदृत शाही, २०७६, पृ. १४) । शैक्षिक सामग्रीको प्रयोग बिना शैक्षिक सिकाइ क्रियाकलाप प्रभावकारी हुन सक्दैन र सिकाइ प्रक्रियाको उचित आस्वादन गर्न सकिदैन ।

### २.२.१ शैक्षिक सामग्रीको परिचय

भाषाका विभिन्न सीप तथा पक्ष एवम् साहित्यका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठ प्रस्तुतिका क्रममा सहयोगी सामग्रीको रूपमा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्री भाषा शिक्षणको महत्त्वपूर्ण साधन हो । भाषा र भाषाको सीप तथा साहित्यका विविध विषयवस्तु प्रस्तुतिका क्रममा उपयोग गर्ने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । सिकाइलाई उद्देश्यमूलक, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन यसको ठूलो भूमिका हुन्छ । आजको युग वैज्ञानिक युग भएकाले शिक्षाको गुणस्तर विकास गर्न र शिक्षण कार्यमा अप्ठ्यारा जटिलतालाई

हटाउनको लागि पाठ्यपुस्तक शिक्षक निर्देशन पुस्तिका, जस्ता पाठ्यक्रम सामग्री लगायत वातावरणमा पाइने विभिन्न सामग्रीहरू र अन्य स्रोतबाट जुटाएका सामग्रीको प्रयोग गरिन्छ (शर्मा र पौडेल, २०७३, पृ. ४४६) । शिक्षण जहिले पनि व्यवहारिक र विद्यार्थीको सिकाइप्रति अभिप्रेरित र रूचिकर हुनुपर्दछ । अर्थपूर्ण सिकाइलाई सिकाइप्रति अभिप्रेरित गरी रूचिपूर्ण बनाउन शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्दछ ।

शैक्षिक सामग्रीको प्रयोग गर्दा विद्यार्थीको स्तर, रूचि र सम्बन्धित पाठ अनुरूप शैक्षिक सामग्रीको छनोट गरी आवश्यक र उपयुक्त सामग्री मात्र प्रयोग गर्नुपर्दछ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइलाई सरल, रोचक, र अर्थपूर्ण बननाउनुका साथै विद्यार्थीलाई क्रियाशिल बनाई अर्न्तनिहित प्रतिभाको प्रस्फूटन गर्न शिक्षण प्रति प्रेरित बनाउन सहयोग गर्दछ । भनिन्छ, धेरै चोटी भनेको भन्दा एकचोटी मात्र देखेको सिकाई प्रभावकारी हुन्छ, भन्ने भनाईले पनि शैक्षिक सामग्रीको महत्त्वलाई स्पष्ट पारेको छ । परम्परावादी धारणा अनुसार सिकाइ मौखिक सञ्चार वा लिखित प्रक्रियाका माध्यमहरू मात्र हुने गर्दथ्यो अहिले आएर शिक्षण सिकाइको अपरिहार्य वस्तुका रूपमा शैक्षिक सामग्रीलाई लिइन्छ ।

### २.२.२ शैक्षिक सामग्रीको प्रकार

भाषा शिक्षणका सन्दर्भमा सिकाइलाई प्रभावकारी बनाउन तथा शिक्षणमा रोचकता र विविधता ल्याउन यसरी विभिन्न सामग्रीलाई प्रयोगमा ल्याई शिक्षणमा सहयोग पुग्ने भएकोले यसबाट स्पष्ट उपलब्धी हासिल गर्न सकिन्छ, भन्ने कुरामा कसैको दुई मत हुन सक्दैन (भण्डारी र अन्य, २०६८, पृ. ३०५) । भाषा शिक्षणमा बढी प्रयोगमा ल्याउन सकिने केही शैक्षिक सामग्रीहरू यस प्रकार रहेका छन् :

#### (क) श्रव्य सामग्री

भाषा शिक्षणमा श्रव्य सामग्रीले महत्त्वपूर्ण भूमिका खेल्दछ । सुनेर मात्र सिक्न सकिने सामग्रीलाई श्रव्य सामग्रीहरू भनिन्छ । रेडियो, टेप रकर्डर, ग्रोमोफोन, टेलिफोन जस्ता सामग्रीहरू यस अन्तर्गत पर्दछन् । श्रव्य सामग्रीहरू बनिबनाऊ वा तयारी अवस्थामा नै रहेका हुन्छन् । सामग्री सङ्कलनमा शिक्षक नै बढी सक्रिय रहनुपर्दछ । कतिपय श्रव्य सामग्री सङ्कलनमा विद्यार्थी एवम् आफ्ना स्टाफहरूको पनि सहयोग लिन सकिन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४४६), जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

(अ) **रेडियो**

रेडियो एउटा महत्त्वपूर्ण श्रव्य सामग्री हो । समय मिलाई रेडियोबाट प्रसारण हुने शैक्षिक कार्यक्रम भाषा शिक्षणमा उपयोग गर्न सकिन्छ । शिक्षक तालिम कार्यक्रमबाट पनि परोक्षरूपमा फाइदा पुग्दछ । नेपालमा सूचना प्रविधिको बढ्दो विकास र विस्तारसँगै स्थापना भएका एफ.एम. रेडियोहरूले पनि शिक्षण सिकाइलाई प्रभावकारी बनाउँदै लगेका छन् । भाषाका ध्वानीहरूको शुद्ध उच्चारणका लागि मानिसहरूका बोली रेडियोबाट सुनाएर भाषिक अभ्यास गराउन सकिन्छ (ढकाल र खतिवडा, २०७३, पृ. २५५) । यसबाट दार्शनिक एवम् विचारकहरूका भनाइहरू सङ्गीत कला र साहित्यको ग्रहण गर्न सकिन्छ । जसलाई विद्यालयले समय मिलाएर सुनाउन सक्छ । यसले गर्दा शिक्षणलाई रोचक र प्रभावकारी रूपमा अगाडि बढाउन सकिन्छ ।

(आ) **टेपरेकर्डर**

टेपरेकर्डर अर्को महत्त्वपूर्ण शैक्षिक सामग्री हो । यसका माध्यमबाट रोचक ढङ्गमा श्रुतिबोध वक्तृता सस्वरवाचन, उच्चारण जस्ता पाठ्यवस्तुको शिक्षण गर्न सकिन्छ । यसलाई चाहेको बेलामा खोल्न र बन्द गर्न सकिने, काम सकिएपछि त्यसलाई मेटि अर्को भर्न सकिने जस्ता सुविधाले गर्दा यसलाई बढी उपयोगी सामग्रीको रूपमा लिन सकिन्छ । यसका माध्यमबाट सामूहिक र व्यक्तिगत रूपमा मौखिक कार्यकलाप गराउन सकिन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४५२) । विद्यार्थीहरूलाई कुनै भाषिक विषयवस्तुबारे बोल्न लगाएर टेपमा रेकर्ड गरी ती विद्यार्थीहरूकै बिचमा सो रेकर्ड सुनाएर विद्यार्थीद्वारा गरिने भाषिक त्रुटिको पहिचान गराउन सकिन्छ । यसलाई भाषिक सीप विकासका दृष्टिले महत्त्वपूर्ण शैक्षिक सामग्रीका रूपमा लिन सकिन्छ ।

(इ) **ग्रोमोफोन**

यो पनि रेकर्डर जस्तै कक्षा शिक्षणमा कविता, एकाङ्की, संवाद, उच्चारण, स्वर वाचन बोलाईका विभिन्न शैली आदिको अभ्यास गराउन सकिन्छ । यो स्थायी रेकर्ड हो र बनिबनाऊ बजारबाट किनेर प्रयोग गर्नुपर्छ । नेपाली शिक्षणका लागि भने जस्ता रेकर्डहरू बजारमा आइसकेका छैनन् । त्यस्तै नेपाली शिक्षणमा उच्चारण अभ्यास गराउन श्रुतिबोधको अभ्यास गराउन आदि विभिन्न उद्देश्यका लागि पनि यसको उपयोग गर्न सकिन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४५२) । शैक्षिक सामग्रीका रूपमा प्रयोग हुने ग्रोमोफोन शैक्षिक सामग्री

उत्पादक व्यक्ति वा संस्थाहरूले भाषिक सीप सिकाइका लागि प्रयोगमा ल्याइने एक महत्त्वपूर्ण सामग्री हो । नाटकमा भूमिका निर्वाह, संवाद, कवितामा लय, निबन्ध, कथामा गति र यति मिलाएर वाचन गर्न ग्रोमोफोनले सहयोग गर्दछ । यो कक्षा शिक्षणमा भाषा सङ्गीत आदिको अभ्यास गराउनका लागि उपयुक्त मानिन्छ ।

(ई) **टेलिफोन**

सञ्चारको एउटा महत्त्वपूर्ण साधनका रूपमा टेलिफोनलाई लिइन्छ । यसलाई फोन पनि भनिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ. ५४) । यसको प्रयोग विशेष गरेर सूचना आदान प्रदानको लागि गरिन्छ । शिक्षा क्षेत्रमा यसको प्रयोग श्रुतिबोध अभ्यास गराउन आदि विभिन्न उद्देश्यका लागि टेलिफोनको प्रयोग गर्न सकिन्छ ।

(उ) **मोबाइल**

मोबाइललाई पनि सञ्चारको एउटा महत्त्वपूर्ण साधनको रूपमा लिने गरिन्छ । यसलाई फोन पनि भनिन्छ । यसको प्रयोग विशेष गरेर सूचनाहरू आदानप्रदान गर्ने देश विदेशमा रहेका आफन्तहरूसँग कुराकानीको माध्यमबाट सम्पर्क गराउनका लागि मद्दत पुऱ्याउँछ । यो सानो आकार हुने भएकाले जुनसुकै ठाउँमा पनि लिन सकिन्छ (ढुङ्गेल र दाहाल, २०६३, पृ.४९) । विशेष गरी शिक्षा क्षेत्रमा यसको प्रयोग श्रुतिबोध अभ्यास गराउन बोलाइमा प्रवाहमयताको अभ्यास गराउन आदि विभिन्न आदि विभिन्न उद्देश्यका लागि मोबाइलको प्रयोग गर्न सकिन्छ ।

(ख) **दृश्य सामग्री**

आँखाले हेरर देख्न सकिने यान्त्रिक वा अन्य सामग्रीहरू दृश्य सामग्री हुन् । यस्ता सामग्रीबाट प्रस्तुति गर्न चाहेका कुरालाई प्रत्यक्ष रूपमा प्रस्तुत गर्न मद्दत पुग्दछ । पाटी, गोजी तालिका, पत्ती, प्रोजेक्टर, स्लाईड, फिल्म, स्ट्रिम आदि आदि दृश्य सामग्रीका उदाहरणहरू हुन् । यी मध्ये कतिपय विभिन्न प्रकारहरू हुन्छन् । त्यसैले तल तिनको सङ्क्षेपमा छुट्टाछुट्टै वर्णन गरिएको छ ।

(अ) **वृक्षरेखा**

यसमा सम्बन्धित विषयवस्तुलाई स्पष्ट ज्ञान दिन मिल्दाजुल्दा विशेषताका आधारमा विभिन्न वर्ग छुट्टाई प्रष्ट्याउन सकिन्छ । भाषा तत्त्व र सूचनामूलक विवरण क्रमिक रूपमा देखाउन वृक्षारेखा निकै उपयोगी हुन्छ ।

(आ) **शब्दपत्ती**

यसको निर्माण कार्डबोर्ड रङ्गीन पनि बनाउन सकिन्छ । सामान्यतया ४ इन्च बाई ५ इन्चको नापमा शब्दपत्तीहरू ^लाटिन पाटी वा गोजी तालिकामा राखेर प्रर्दशन गरिन्छ । गोजी तालिकामा तीन खण्ड बनाई एउटामा शब्द अर्कोमा अर्थ र सबैभन्दा तल वाक्यमा प्रयोग राखी देखाउन शब्दपत्तीलाई उपयोगमा ल्याइन्छ । शब्दपत्तीमा सबैतिर प्रष्ट देखिनु जरूरी छ (पन्त, २०६७, पृ. ३१०) । शब्दहरूको पहिचान गर्नका लागि शब्दपत्ती एक सजिलो शैक्षिक सामग्री हो ।

(इ) **वाक्यपत्ती**

कार्डबोर्डबाट नै वाक्यपत्ती ५ इन्च बाई १८ इन्चको नापमा बनाउन सकिन्छ । वाक्यपत्तीमा ठूला एकैनासे अक्षर एउटै लहरमा पारी लेखिन्छ । ^लाटिन पाटीमा प्रदर्शन गर्न वाक्यपत्तीको पछाडि खाक्सी टाँस्नु पर्दछ । शब्द प्रयोग वा कुने विधाको सारांश दिने अभिप्रायले पनि वाक्यपत्तीहरू कक्षामा प्रदर्शन गरिन्छ (पन्त, २०६७, पृ. ३१०) । वाक्य निर्माण देखि वाक्यको प्रकार वाक्यमा प्रयोग भएका विभिन्न घटकहरूको पहिचानको लागि वाक्य पत्ती प्रयोगमा ल्याइएको पाइन्छ । यो सरल र सहज किसिमको शैक्षिक सामग्री हो ।

(ई) **वास्तविक वस्तु**

यस्तो वास्तविक प्राकृतिक वा मानव निर्मित हुन सक्छ । यस्ता वस्तुले विद्यार्थीको धारणा स्पष्टिकरण महत्त्वपूर्ण भूमिका खेल्दछ । शिक्षकमा सामग्री प्रयोग गर्ने सोच छ, भने आफैं विद्यार्थी विद्यालय प्रशासनको सक्रियता ती निर्मित वा सङ्कलित हुन सक्दछन् । काउली, गान्टे मुलाको धारणा कक्षामा दिने गृकार्यका रूपमा जसका बारीमा ती उपलब्ध छन्, विद्यार्थीलाई ल्याउ भनी दिन सकिन्छ । शालीग्राम र सामान्य ढुङ्गाबिचको अन्तर स्पष्टीकरणका निमित्त पनि त्यस्तै उपाय अपनाउन सकिन्छ । वास्तविक चिज वा वस्तुले सम्बन्धित विषयको जति जानकारी सहज र सरल रूचिपूर्ण ढङ्गले दिन्छ । त्यति शब्दद्वारा कहिल्यै दिन सकिदैन । प्रतिमूर्ति र चित्रले पनि दिन सक्ने स्थिति हुँदैन । सम्भव भएसम्म र उचित हुने सम्म वास्तविक वस्तु देखाउनु उद्देश्यमूलक र प्रभावकारी उपाय ठहर्छ (ढकाल र खतिवडा, २०७३, पृ. २५१) । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउनका लागि विषयवस्तुमा उल्लेख भएका वस्तुहरूलाई यथार्थमा प्रस्तुत गर्दा बढी प्रभावकारी हुने देखिन्छ । काउली गान्टेमूला, फर्सी जस्ता कुराहरू शिक्षण गर्दा विद्यार्थीहरूलाई बारीमा

उपलब्ध  छन् ल्याउन लगाएर ती सामग्रीहरू देखाई स्पष्ट धारणा बसाल्ने सामग्रीलाई नै वास्तविक वस्तु भनिन्छ ।

(उ) **प्रतिमूर्ति**

प्रतिमूर्ति कुनै ठूलो वस्तुको सानो नमुना हो । त्यस्तो वस्तु जुन कक्षा भित्र ल्याएर शिक्षणमा उपयोग गर्न सकिदैन । त्यसको प्रतिनिधित्त्व गर्ने मूर्ति बनाई काम चलाउन सकिन्छ । भाषा शिक्षणमा खास गरी तल्ला कक्षामा शब्दभण्डारको शिक्षण तथा वर्णनका लागि भाषा अपरिचित कुरा - हिमाल, ताल, हिमचितुवा, याक, पशुपतिनाथ आदि) को धारणा बसाल्नका लागि र पशुपन्छी सम्बन्धी पाठहरू पढाउनका लागि आदि उद्देश्यले प्रतिमूर्तिको उपयोग आवश्यक हुन्छ । फेरी चित्रभन्दा प्रतिमूर्ति दुरूस्त देखिने हुँदा पनि यसको प्रभावकारितालाई नकार्न सकिदैन (शर्मा र पौडेल, २०६८, पृ. ४५०) । प्रतिमूर्ति एउटा महत्त्वपूर्ण शिक्षण सामग्री हो । यो सामग्री कुनै वस्तु कक्षाभित्र ल्याएर उपयोग गर्न नसकिने अवस्थामा मात्र प्रयोग गर्न उपयुक्त हुन्छ । प्रतिमूर्ति ठूलो वस्तुको नक्कल गरेर बनाइएको सानो नमुना हो । खास गरी तल्ला कक्षाहरूमा हिमाल, ताल, मन्दिर, नदी आदिको धारणा बसाल्नको लागि र पशुपंक्षी सम्बन्धी पाठहरू पढाउनका लागि यसको उपयोग गर्न आवश्यक हुन्छ ।

(ऊ) **चित्र**

रेखा वा रङ्गबाट निर्मित आकृतिलाई चित्र भनिन्छ । वास्तविक वस्तु र प्रतिमूर्ति समेत उपयोग गर्न नसकिने स्थितिमा चित्रहरूको प्रयोग गरिन्छ । प्रसङ्ग अनुकूल पाठ्यवस्तुको अभ्यास गराउन भाव तथा विचारलाई प्रष्ट्याउन, उपयुक्त सन्दर्भहरू सिर्जना गर्न पाठलाई विभिन्न उद्देश्यका लागि उपयोगी हुन्छन् । चित्र बनाउँदा आकार र आकृति विद्यार्थीको सङ्ख्या अनुरूप हनुपर्दछ । खास मान्छे बनाउन खोज्दा मान्छेको आकृतिलाई जनाउन नसक्ने अवस्थामा सङ्कलित सामग्री उपयोग गर्न उपयुक्त हुन्छ । चित्रहरू बनाउन नसकेका खण्डमा सिन्के चित्रहरूबाट पनि धारणाको स्पष्टीकरण दिन सकिन्छ (ढकाल र खतिवडा, २०७३, पृ. २५०) । यसरी हासेको, रोएको, चुपचाप बसेको, हिँडेको, उभिएको र दौडेको प्रसङ्गको रूचिपूर्ण प्रस्तुतिका लागि यस्ता सिन्के चित्रलाई उपयोगमा ल्याउन सकिन्छ ।

(ए) **वर्णपत्ती**

विद्यार्थीहरूलाई वर्ण सम्बन्धी स्पष्ट धारणा बसाल्नका लागि शिक्षकले स्वर तथा व्यञ्जन वर्णहरूलाई दरो कागजको एक एक टुक्रामा उतारी तयार पार्न सक्दछन् । ती कागजका साना साना टुक्रामा विभिन्न रङ्गीन मसीको प्रयोग गरी वर्णहरू लेख्न सक्दछन् । विद्यार्थीहरूको कक्षा स्तर अनुसार कक्षामा वर्णहरू सम्बन्धी उच्चारण तथा लेखन अभ्यास गराउन सकिन्छ । जस्तै : अ, आ, क, ख, आदि (भण्डारी र अन्य, २०६८, पृ. ३०७) । सबै विद्यार्थीहरूलाई वर्णहरू उच्चारण गर्न लगाई उच्चारणमा भिन्नता आएका खण्डमा पृष्ठपोषण दिन वर्णपत्तीहरूले सहयोग गर्दछन् ।

(ऐ) **गोजी तालिका**

वर्णपत्ती, शब्दपत्ती, तथा वाक्य पत्तीको प्रयोगलाई अझ बढी र सरल र प्रभावकारी बनाउन गोजी तालिकाको उपयोग महत्त्वपूर्ण ठहरिन्छ । विशेष गरेर गोजी तालिकामा १८-२४ इन्च सम्मको बाक्लो कार्ड बोर्डद्वारा तयार गर्न सकिन्छ । त्यसमा शब्दपत्ती अटाउन सक्ने गोजीहरू राख्नुपर्दछ । एक गोजीदेखि अर्को गोजीको बीचको भाग कम्तिमा एक इन्च हुन आवश्यक छ । उक्त गोजीहरू अडिनको लागि गुँदले जमाएर, सियोले सिएर, काँटी वा पिनले बलियो गरी अड्याएर राख्न सकिन्छ ।

(ओ) **पत्ती**

कार्डबोर्ड कागज वा अन्य बाक्लो कागजका ४ वाइ ५ आकारका टुक्रालाई नै पत्ती भन्न खोजिएको हो । नेपाली शिक्षण गर्दा खास गरी शब्दार्थ, शब्द प्रयोग, अक्षर चिनारी तथा लेखन उच्चारण, व्याकरण सम्बन्धी नियम र उदाहरण आदि विभिन्न पाठ्यवस्तु आदिलाई कक्षामा गतिशिल रूपमा प्रयोग गरी शिक्षणलाई रोचक आर्कषक र प्रभावकारी रूप दिनु यस्ता पत्ती, वाक्य पत्ती आदि नाम दिइन्छन् । कक्षामा यिनको प्रस्तुति गोजितालिका वा फ्लाटिन पाटीमा राखी गरिन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४१५) । यसरी प्रयोग गरिने पत्तीहरूलाई कक्षाको आकार हेरी आकर्षक र स्पष्ट बुझिने गरी कम्तिमा १ इन्चका अक्षरमा लेखेर तयार गर्नुपर्छ ।

### (ग) पाटी

पाटीहरू विभिन्न प्रकारका हुन्छन् । ती मध्ये कालो पाटी, सेतो पाटी, चुम्बकीय पाटी, फ्लाटिन पाटी प्रमुख छन् । कालो पाटी सर्वसुलभ सामग्री हो, भने फ्लाटिन पाटी कताकता प्रयोगमा आएको देखिन्छ । हिजोआज सहरबजारका विद्यालयहरूमा सेतो पाटी  र मार्करको प्रचलन पनि निकै बढेर आएको पाइन्छ । चुम्बकीय पाटी भने बिरलै प्रयोगमा देखिन्छ ।

#### (अ) कालो वा सेतो पाटी

कालो वा सेतो पाटी कक्षा कोठामा यत्रतत्र प्रयोगहुने पाटी भएतापनि यो हरियो, सेतो, पहेँलो, निलो आदि रङ्गमा पनि पाइन्छ । हिजोआज सेतोपाटीमा खरी वा चकको साटो मार्करले लेख्ने चलन पनि छ । कालो पाटी वा सेतो पाटी वास्तवमा प्रतुत गरिने सामग्री नभएर अन्य सामग्री प्रस्तुत गर्ने साधन मात्र हो । त्यसैले कतिपय व्यक्तिले यसलाई आधार सामग्रीका रूपमा पनि लिने गरेका छन् । तथापि शिक्षणमा यसको ठूलो महत्त्व छ । कालो वा सेतो पाटीको उपयोग शिक्षणको क्रममा अनेकौ प्रयोजनका लागि गर्न सकिन्छ । प्रमुख बुँदामा जोडदिन, पाठको टिपोट दिन, विद्यार्थीको ध्यानाकर्षण गर्न शिक्षणीय कुरालाई स्पष्टाउन विभिन्न भाषिक सीप-उच्चारण, वर्णविन्यास, शब्दार्थ, शब्द प्रयोग, व्याकरण, सारांश नमुना, निबन्ध तथा चिठीको ढाँचा, शुद्धाशुद्धी, प्रश्नोत्तर आदि) को अभ्यास तथा अनुभव गराउन चित्र तथा नक्सा बनाई कुनै कुराको पुष्टि गर्न आदि सम्पूर्ण कार्यमा कालो वा सेतो पाटीको उपयाग गर्न सकिन्छ । तसर्थ यसको कक्षा कोठामा सबैभन्दा महत्त्वपूर्ण स्थान रहेको हुन्छ (शर्मा र पौडेल, २०६८, पृ. ४४९) । सबै विधामा प्रयोग हुने परम्परागत रूप परिवर्तन भएपनि पाटीहरूको प्रयोग अनिवार्य रूपमा हुने गर्दछ । कालोपाटी, सेतोपाटी दुबै प्रकारका पाटीहरू विद्यालयको आर्थिक अवस्था हेरी प्रयोगमा ल्याइएको पाइन्छ ।

#### (आ)फ्लाटिन पाटी

फ्लाटिन पाटी पनि कालो वा सेतो पाटी जस्तै अन्य सामग्री प्रस्तुत गर्ने आधार सामग्री हो । यसका सहायताले छुट्टै कागज वा पत्तीमा तयार पारेर वा सङ्कलन गरेर ल्याइएका चित्र, तालिका, निबन्ध, चिठी, सारांश आदिका नमुना शब्दसूची, प्रश्नसूची, वाक्य सूची आदि सम्बद्ध पाठ्यपुस्तकका मुख्य मुख्य बुँदाहरू, चित्र, नक्सा आदि सामग्रीको प्रदर्शन गर्न सकिन्छ  । यसको प्रयोग सकिनासाथ त्यसलाई निकालेर  तुरून्त अर्को सामग्री प्रर्दशन गर्न सकिन्छ । फ्लाटिन पाटी चित्र आफै बनाउन नसक्ने शिक्षकका लागि अझ बढी उपयोगी हुन्छ, किनभने यसमा सङ्कलित वा परिनिर्मित सामग्री पनि प्रदर्शन गर्न सकिन्छ (शर्मा र

पौडेल, २०६८, पृ. ४५०) यो पनि शिक्षण सिकाई क्रियाकलापमा प्रयोग हुने पुरानो शिक्षण सामग्री हो । शब्दपत्तीहरू, चित्रहरू, चार्टहरू टाँस्न प्रयोग गरिने सामग्रीका रूपमा फ्लाटिन पाटीलाई लिन सकिन्छ ।

(इ) **चुम्बकीय पाटी**

चुम्बकको पाता पछाडि पट्टि राखी बनाएको पाटी चुम्बकीय पाटी हो यस पाटीमा राखी प्रर्दशन गरिने सामग्रीका पछाडिपट्टि फलामको पाता जडान गरिएको हुन्छ, जसले गर्दा पाटीको चुम्बकले शिक्षकले चाहेको ठाउँमा अड्याएर राख्ने काम गर्छ । तर यस खालको सामग्री बजारबाट तयारी रूपमा लिनुपर्ने हुन्छ । नेपाली शिक्षणका लागि बजारमा यस प्रकारका सामग्री बिरलै पाईने स्थिति भएकाले यसको प्रयोग नगन्य निर्माण गर्न एवम् चुम्बकको आकर्षण र विकर्षण प्रक्रियालाई प्रयोग गरेर प्रष्ट गर्नका लागि चुम्बकीय पाटीको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

(ई) **प्रक्षेपक (प्रोजेक्टर)**

प्रक्षेपकका सहायताले नेपाली भाषाका अनेकौं पाठ्यवस्तुहरूलाई कक्षामा प्रस्तुत गर्न सकिन्छ । प्रक्षेपकका विभिन्न किसिमका छन् । तिनको उपयोग उद्देश्य अनुसार गर्नुपर्दछ । विभिन्न प्रकारका तालिका, चित्र, मानचित्र, रेखाचित्र, पाठका प्रमुख बुँदा उत्तरका नमुनाहरू अभ्यासहरू आदि पारदर्शी प्लाष्टिकका विशेष खाले कलमले लेखी प्रस्तुत गर्न सकिने प्रक्षेपकलाई ओभरहेड प्रक्षेपक भनिन्छ । विभिन्न उद्देश्यका लागि तयार पारिएका स्लाईड प्रदर्शन गर्न सकिने प्रोजेक्टरलाई स्लाईड प्रोजेक्टर भनिन्छ । त्यस्तै अपरदर्शी सामग्रीलाई यसको प्रर्दशन 'टे' मा राखी प्रस्तुत गर्न मिल्ने प्रक्षेपक चाँही अपारदर्शी प्रक्षेपक हो । फिल्म स्ट्रिप वा चित्रपट्टीका प्रक्षेपक यसका सायताले चित्रपट्टिका प्रक्षपेक यसका सायताले चित्रपट्टीकाहरूको प्रर्दशन गर्न सकिन्छ तर महँगा सामग्री निर्माणकाका लागि विशेष सीपको आवश्यकता पर्ने हुनाले नेपाली भाषाका कक्षमा यस्ता प्रक्षेपकको उपयोग अहिलेसम्म दुर्लभ छ (ढकाल र खतिवडा, २०७३, पृ. ४५०) । यो विद्युतीय शैक्षिक सामग्रीहरूमध्ये महत्त्वपूर्ण शिक्षण सामग्री हो । लेखेर वा कोरेर तयार गरिएका शिक्षण सामग्रीहरू यसको सहायताले सबै विद्यार्थीले देख्ने गरी भित्तामा वा पर्दामा देखाउने गरिन्छ । वर्तमान समयमा यसको प्रयोग शिक्षण सिकाई क्रियाकलापमा बढ्दै गएको देखिन्छ ।

(उ) **व्यङ्ग्य चित्र (कार्टुन)**

बालबालिकालाई रोचक ढङ्गले कथा नाटक आदि शिक्षण गर्नुपर्दा व्यङ्ग्य चित्रको प्रयोग गर्नु प्रभावकारी हुन्छ । यस्ता चित्रहरूले शिक्षणमा मनोरञ्जन प्रदान गर्नुका साथै सिकारूहरूलाई अझ बढी स्थायी बनाउन सहयोग पुऱ्याउँछन् । बालबालिकालाई रोचक ढङ्गले कथा नाटक आदि शिक्षण गर्नुपर्दा व्यङ्ग्य चित्रको प्रयोग गर्नु प्रभावकारी हुन्छ । यस्ता चित्रहरूले शिक्षणमा मनोरञ्जन प्रदान गर्नुका साथै सिकारूहरूलाई अझ बढी स्थायी बनाउन सहयोग पुऱ्याउँछन् ।

(ऊ) **तस्वीर**

विभिन्न किसिमका क्यामराबाट कैद गरिएका वास्तविक आकृतिलाई तस्वीर भनिन्छ । यसलाई शिक्षण सिकाइको क्रममा एउटा महत्त्वपूर्ण सामग्रीको रूपमा लिइन्छ । कुनै पनि लेखक तथा साहित्यकारको वर्णन गर्न, कुनै पनि वस्तु वा ठाउँको जानकारी गराउन, तस्वीरको प्रयोग गर्नु उपयुक्त मानिन्छ । तस्वीरले विद्यार्थीको अभिप्रेरणा जगाई सिकाइ लाई रोचक, आकर्षक र चिरस्थायी बनाउँछ । त्यसैले शिक्षण सिकाइ क्रियाकलापमा तस्वीर भर पर्दो र महत्त्वपूर्ण सामग्री हो (ढकाल र खतिवडा, २०७३, पृ. ४५३) ।

(ऋ) **पोस्टर**

पोस्टर एक प्रकारको विज्ञापन हो । यसले मानिसको ध्यान छिटो आर्कषित गर्दछ । पोस्टरले छिटो आफ्नो सन्देश दिने कार्य गर्दछ । यसबाट व्यक्तिले तुरून्त आफ्नो धारणा बनाउँछन् । पोस्टर विभिन्न उद्देश्यले टाँसिएका हुन्छन् । जस्तै : प्रशिक्षण केन्द्र सञ्चालन गर्न, विज्ञापन गर्न, उत्पादित वस्तु विक्री वितरण गर्न आदि । यसको प्रयोग भाषा शिक्षणमा कक्षा सजाउन बोधको अभ्यास गराउन पोस्टरको महत्त्वपूर्ण भूमिका हुन्छ ।

(ए) **पाठ्यपुस्तक**

भाषा पाठ्यपुस्तक शिक्षण सिकाईको महत्त्वपूर्ण तथा आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूप भाषिक अपेक्षाहरू हासिल गर्न सक्दछन् । यो विद्यार्थीको स्तर अनुभव र सिकाई क्षमतालाई ख्याल गरेर सङ्गठित गरिएको महत्त्वपूर्ण सामग्री हो । भाषा पाठ्यपुस्तक प्रत्येक कक्षाका लागि छुट्टै निर्माण गरिएको हुन्छ । जसमा बर्षभरी के पढाउने ? कसरी पढाउने ? कति पढाउने ? भन्ने जस्ता कुराहरूको जानकारी प्रदान गरी भाषा शिक्षकहरूलाई समेत आधार प्रदान

गरेको हुन्छ (ढकाल र खतिवडा, २०७३, पृ. ४५३) । अतः भाषा पाठ्यपुस्तक विद्यार्थीलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, कक्षाकार्यलाई प्रभावकारी बनाउन जस्ता महत्त्वपूर्ण सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो ।

(ऐ) **शिक्षक निर्देशिका**

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षकलाई निर्देशन दिने पुस्तकलाई निर्देशिका भनिन्छ । यसले पाठ्यपुस्तकको प्रयोग कसरी गर्ने, कुन-कुन सामग्री र विधिको प्रयोग गर्ने, कसरी मूल्याङ्कन गर्ने भन्ने जस्ता यावत कुराहरूको ज्ञान दिन्छ । साथै यसले पाठ्यक्रमको उद्देश्यको वर्णन वार्षिक योजना बनाउने, निर्देशन प्रत्येक पाठमा लाग्ने समय पाठबारे छोटो परिचय क्रियाकलाप र मूल्याङ्कन गर्ने तरिका उल्लेख गरिएको हुन्छ । तसर्थ शिक्षक निर्देशिका शिक्षण कार्यलाई प्रभावकारी बनाउने महत्त्वपूर्ण सामग्री हो ।

(घ) **श्रव्यदृश्य सामग्री**

सुन्न र देख्न पनि सकिने खालका शैक्षिक सामग्रीलाई श्रव्य दृश्य सामग्री भनिन्छ । यस अन्तर्गत चलचित्र, टेलिभजन, भिडियो जस्ता चित्र र ध्वनियुक्त सामग्रीहरू पर्दछन् । यस्ता सामग्रीहरूको निर्माण र प्रयोग शिक्षककै सक्रियातामा बढी मात्रामा रहन्छन् । कतिपय स्थितिमा शिक्षकले विद्यार्थी र आफ्ना स्टाफको समेत सहयोग लिन सक्दछन् । यसको प्रयोगले विशेष गरेर विद्यार्थीलाई सुनाइ, बोलाइ, पढाइ, र लेखाइ सीपको विकासमा सघाउ पुऱ्याउनका साथै नाटकीकरण, वाचनकला, अभिनय जस्ता कुराको अभ्यास गराउनको लागि यी सामग्रीको प्रयोग उपयुक्त मानिन्छ, जसलाई निम्नानुसार तल उल्लेख गरिएको छ (ढकाल र खतिवडा, २०७३, पृ. ४५०) ।

(अ) **टेलिभिजन**

भाषा शिक्षणका क्रममा टेलिभिजन सबैभन्दा प्रभावकारी श्रव्य सामग्री हो । यो सामग्री शिक्षक विना शिक्षकको अध्यापनसँगै स्थानीय वक्ताका साथ विशेषज्ञका साथ प्रयोग गर्न सकिन्छ । श्रव्य दृश्य सामग्रीको रूपमा टेलिभिजनका माध्यमले विद्यार्थीलाई रूचिपूर्ण तरिकाले भाषा सिक्न सक्दछ । टेलिभिजनका माध्यमले सिकेका कुराहरू मस्तिष्कमा स्थायी रूपमा रहन्छन् । भाषाको शुद्धोच्चारण, सही वाक्य गठन क्षमता, बोध क्षमता र अभिव्यक्तिगत गहनता प्राप्तिका लागि टेलिभिजनबाट उपयोगी कार्यक्रम प्रसारण गरिनुपर्दछ । नेपाल टेलिभिजनबाट भाषाको बोध र अंभिव्यक्ति क्षमता विकास गर्ने खालका

कार्यक्रमहरू कमै मात्र प्रसारित भएको देखिन्छ । यसको विकास र समुचित रूपमा गर्नुपर्ने आवश्यकता देखिन्छ (ढुङ्गेल र दाहल, २०६३, पृ. ३१६) । विद्यार्थीले मनोरञ्जनका साथसाथै विभिनन्न ज्ञान, भाषिक सीपहरू टेलिभिजनका माध्यमबाट प्राप्त गर्न सक्दछन् । विविध धर्म संस्कृति र अन्य गतिविधिहरूको जानकारी गराउनको लागि टेलिभिजन एक उपयोगी सामग्रीका रूपमा देखिन्छ ।

(आ) **चलचित्र (सिनेमा)**

भाषा शिक्षणसँग सम्बन्धित चलचित्र बनाएर विद्यार्थीहरूललाई भाषाको शुद्धोच्चारण, श्रुतिबोध क्षमता र प्रभावकारी अभिव्यक्ति गर्ने क्षमता बृद्धि गर्न सकिन्छ । फिल्मका माध्यमबाट सामाजिक, साँस्कृतिक पृष्ठभूमिमा भाषा सिकाउने काम हुन्छ । नेपालमा नेपाली भाषा शिक्षणका क्रममा चलचित्र (सिनेमा) को अझै हुन सकेको छैन । उच्चारण, श्रुतिबोध र वक्तृत्वकलासँग सम्बन्धित छोटा छोटा चलचित्र बनाएर भाषा सिकाउँदा प्रभावकारी हुन्छ (ढुङ्गेल र दाहाल, २०६३, पृ. १६) । विद्यार्थीलाई उपयुक्त र विषयवस्तु सान्दर्भिक वस्तुको जानकारी दिन सिनेमा वा चलचित्र प्रर्दशन गर्न पनि सकिन्छ ।

(इ) **भिडियो**

श्रव्यदृश्य सामग्री मध्ये भिडियो पनि प्रमुख शिक्षण सहायक सामग्री हो । पाठ्यवस्तु वा अन्य सामग्रीलाई सि.डि.मा राखेर भिडियो मार्फत विद्यार्थी समक्ष प्रस्तुत गर्दा विद्यार्थीलाई विषयवस्तु बुझ्न सजिलो हुन्छ (पोखरेल र काफ्ले २०७४, पृ. १४०) यसबाट नयाँ कुरा सिक्नको लागि जिज्ञासा तत्परता र उत्प्रेरणा पनि सिर्जना हुन्छ ।

(ई) **कम्प्युटर**

कम्प्युटर शिक्षाको आधार सामग्री र सहायक सामग्री दुवै हो । भाषा शिक्षणका सन्दर्भमा विभिन्न तथ्याङ्क तालिका र विविध सन्दर्भलाई प्रस्तुत गर्नका लागि कम्प्युटरको उपयोग गर्न सकिन्छ । विश्वमा दिन प्रतिदिन नयाँ नयाँ कुराको खोज र आविष्कार भईरहेकाले इन्टरनेटबाट विविध ज्ञान प्राप्त गर्न पनि कम्प्युटरको खाँचो पर्दछ (पोखरेल र काफ्ले, २०७४, पृ. १४०) । कम्प्युटरको सहायताले विद्यार्थीहरूको विषयवस्तुको सहजै जानकारी लिन सक्दछन् । कम्प्युटरमा विषयवस्तुको प्रर्दशन गरेर शिक्षकले तयार गरेका विषयवस्तुलाई विद्यार्थीहरूको कम्प्युटरमा विषयवस्तुको प्रदर्शन गरेर शिक्षकले तयार गरेका

विषयवस्तुलाई विद्यार्थीहरूको कम्प्युटरमा राखिदिए कम्प्युटरमै विषयवस्तुका बारेमा लेख्न लगाएर आदि तरिकाले सिकाइलाई प्रभावकारी बनाउन सकिन्छ ।

(उ) **पाठ्य सामग्री**

पाठ्यवस्तुलाई स्पष्ट पार्नका लागि उपयोगमा ल्याइने सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, पाठ्यक्रम, अभ्यास पुस्तिका, पोस्ट, पर्चा, तालिका आदि सामग्रीलाई सहायक पाठ्य सामग्री अन्तर्गत राख्न सकिन्छ ।

**सन्दर्भ पुस्तक**

पाठ्यपुस्तकमा समावेश गरिएका पाठ वा पाठ्यवस्तुलाई थप स्पष्ट पार्नका निम्ति उपयोगमा ल्याउन सकिने पुस्तकलाई सन्दर्भ पुस्तक भनिन्छ । सन्दर्भ पुस्तकको उपयोग प्रारम्भिक कक्षा भन्दा माथिल्लो कक्षाहरूमा बढी उपयोगी मानिन्छन् । कथा, कविता, उपन्यास, निबन्ध, जिवनी आदि विधा शिक्षणको क्रममा यी विधासँग सम्बन्धित थुप्रै सन्दर्भ पुस्तकहरू उपयोगमा ल्याउन सकिन्छ (पन्त, २०६७, पृ. ३०७) । त्यस्तै व्याकरणात्मक धारणा प्रष्ट पार्नका लागि पनि पाठ्यपुस्तक बाहेक थप थुप्रै सन्दर्भ पुस्तक उपयोगमा ल्याउन सकिन्छ ।

**शिक्षक निर्देशिका**

खासगरी शिक्षकलाई कुन पाठ्यवस्तु शिक्षणका लागि के कति समय छुट्याउने हो ? के कस्ता सामग्री प्रयोग गर्ने हो ? कुन विधि अपनाउन सकिन्छ ? मूल्याङ्कन कसरी गर्ने भन्ने सम्बन्धमा पाठ्यपुस्तकमा राखिएका पाठहरूलाई पाठ्यवस्तु र घण्टीमा विभाजन गरी शिक्षण क्रियाकलाप समेत उल्लेख गरिएको सामाग्री शिक्षक निर्देशिका हो । भाषा शिक्षणको क्रममा शिक्षक निर्देशिका शिक्षक सहायक सामग्री बन्न सक्दछ । शिक्षक निर्देशिकाले पाठ्यक्रमको उद्देश्य अनुसार पाठ्यपुस्तकको प्रत्येक पाठ पाठमा लाग्ने समय पाठबारे छोटो परिचय क्रियाकलाप र मूल्याङ्कन गर्ने तरिका उल्लेख गरिएको हुन्छ । तसर्थ शिक्षक निर्देशिका शिक्षण कार्यलाई प्रभावकारी बनाउने महत्त्वपूर्ण सामग्री हो ।

**पत्रपत्तीका**

विभिन्न खालका पत्रपत्तीकालाई पनि शिक्षण सहायक सामग्रीको रूपमा लिन सकिन्छ । विभिन्न खालका पत्रपत्तीकामा उल्लेखित लेख रचना विभिन्न खालका समाचारहरू सूचना

तथा विज्ञापन आदिको बारेमा जानकारी दिनको लागि पत्रपत्तीकालाई सहायक सामग्रीको रूपमा उपयोग गर्न सकिन्छ ।

### पाठ्यपुस्तक

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्त्वपूर्ण तथा आधिकारिक सामग्रीको रूपमा लिन सकिन्छ । यसका कारण विद्यार्थीहरूको सम्बन्धित तह र कक्षाको पाठ्यक्रम अनुरूप भाषिक अपेक्षाहरू हाँसिल गर्न सक्दछन् । यो विद्यार्थीको स्तर अनुभव र सिकाई क्षमतालाई ख्याल गरेर सङ्गठित गरिएको हुन्छ । जसमा बर्षभरी के पढाउने ? कसरी पढाउने ? कसरी पढाउने ? कति पढाउने ? भन्ने जस्ता कुराहरूको जानकारी प्रदान गरी भाषा शिक्षकहरूलाई समेत आधार प्रदान गरेको हुन्छ । यसले विद्यार्थीलाई दोहोऱ्याएर पढ्न अभ्यास गर्न कक्षा कार्यलाई प्रभावकारी बनाउनको लागि यसको उपयोग गर्न सकिन्छ ।

### पोस्टर

विभिन्न खालका पोस्टरहरूलाई पाठ्य सामग्रीको रूपमा लिने गरिन्छ । पोस्टर एक प्रकारको विज्ञापन हो । यसले मानिसहरूको ध्यान छिटो आकर्षित गर्दछ । पोस्टरले छिटो आफ्नो सन्देश दिने कार्य गर्दछ । यसबाट व्यक्तिले तुरून्त आफ्ना धारणा बनाउँदछन् । पोस्टर विभिन्न उद्देश्यले टाँसिएका हुन्छन् (पोखरेल र काफ्ले, २०७४, पृ. १३४) । जस्तै : विभिन्न खालका विज्ञापन गर्न उत्पादित वस्तुलाई बिक्री वितरण गर्न जस्ता आदि भाषा शिक्षणमा कक्षा सजाउन, बोधको अभ्यास गराउन, पोस्टरको महत्त्वपूर्ण भूमिका रहन्छ ।

### (ङ) लिखित सामग्री

प्रायजसो लिखित सामग्रीहरू शिक्षकले नै तयार गर्नुपर्ने हुन्छ । केही लिखित सामग्रीहरू सङ्कलन गरेमात्र पनि पुग्छ । यस्ता सामग्री निर्माण, र सङ्कलनमा शिक्षक नै बढी सक्रिय रहनुपर्दछ । लिखित सामग्रीहरू जस्तै, शब्दार्थ सूची, शिक्षक नोट, बुँदा टिपोट, दैनिक पाठयोजना प्रश्नपत्र, प्रश्नसूची, लिखित उदाहरणका सूची आदि रहन्छन् (पोखरेल र काफ्ले, २०७४, पृ. १३४) । नेपाली भाषा शिक्षणका लागि रोचक प्रकारका अभ्यासगत क्रियाकलाप मार्फत विविधतामूलक आकर्षण बढी भाषा शिक्षणका उद्देश्यहरूलाई जीवन्त राख्न र उपलब्धी हासिल गराउनको लागि विद्यार्थी भाइबहिनीहरूको सहभागिता र सक्रिय बृद्धि गर्न समेत लिखित सामग्रीको आवश्यकता रहने गर्दछ ।

(अ) **पाठ्य सामग्री**

विभिन्न सन्दर्भपुस्तक, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका आदिलाई पाठ्य सामग्रीका रूपमा लिइन्छ । विषयवस्तुलाई स्पष्ट रूपमा प्रस्तुत गर्नका लागि सन्दर्भ पुस्तक प्रयोग गर्न सकिन्छ । शिक्षक निर्देशिकाले अध्यायपन गर्ने शिक्षक शिक्षिकालाई शिक्षण तरिका र सम्पूर्ण कार्यकलापमा निर्देश गर्ने भएकाले यसलाई शिक्षण सामग्रीको रूपमा राखिन्छ । त्यस्तै गरी पाठ्यक्रम, विभिन्न पत्रपत्तीका, पर्चापोस्टर आदिलाई पनि पाठ्य सामग्रीको रूपमा लिन सकिन्छ (पोखरेल र काफ्ले, २०७४, पृ. १३६) यस्ता सामग्रीहरू तयारी तथा बनीबनाऊको अवस्थामा रहेका हुन्छन् । यस्ता सामग्रीहरूलाई सङ्कलन गर्नका लागि शिक्षक नै बढी सक्रिय हुन आवश्यक देखिन्छ ।

(आ) **स्पर्श सामग्री**

शिक्षणका सन्दर्भमा स्पर्श गरेर ज्ञान आर्जन गर्न सक्ने सामग्रीलाई नै स्पर्श सामग्री भनिन्छ । यस्ता सामग्रीहरूलाई तल्ला कक्षाहरूमा बढी उपयोगमा ल्याउन सकिन्छ । शिक्षण गर्दा मौलिक सामग्री, दृश्य सामग्री, श्रव्य सामग्री, श्रव्यदृश्य सामग्रीहरू प्रयोग गरेर पनि पाठ स्पष्ट पार्न नसकिएको अवस्थामा स्पर्श सामाग्रीको प्रयोग गर्न उपयुक्त हुन्छ । यस्तो सामाग्रीबाट विद्यार्थी भाइ बहिनीहरूमा धारणा स्पष्ट गर्नको लागि सजिलो हुने गर्दछ । यस्ता सामग्रीहरू भित्र खस्रा, चिल्ला, सारा, गिला, चिप्ला, ताता, चिसा, झनझनाउन, ठिहिराउने, लेस्याइला, चिम्टाइला, धारिला आदि धारणा दिने वस्तुहरू यस अन्तर्गत पर्दछ । यस्ता स्पर्श सामग्रीहरू प्रारम्भिक कक्षाहरूमा उपयोग गर्न सकिन्छ । यस्ता सामग्रीहरूबाट अमूर्त कुराहरू सिकाउन सकिन्छ (शर्मा र पौडेल, २०७३, पृ. ४४८) । जस्तै : अमिलो, पिरो, तितो, नुनिलो, गुलियो, टर्रो आदि । त्यसै गरेर अङ्गमा छुवाउने, टाँस्न, मुसार्ने आदि किसिमका सामग्रीलाई उपयोग गर्न सकिन्छ । खास गरी दोस्रो भाषी विद्यार्थीहरूलाई भाषाका अमूर्त धारणा बसाल्न यी सामग्री उपयोगी हुन्छन् ।

### २.२.३ शैक्षिक सामग्रीको महत्त्व

शिक्षण तथा सिकाइ शारीरिक, मानसिक र बौद्धिक प्रक्रिया हो । शिक्षण सिकाइ कार्यकलापमा शैक्षिक सामग्रीको के कस्तो महत्त्व हुन्छ ? यसको प्रयोग बिना भाषा शिक्षण रूचिपूर्ण तथा प्रभावकारी हुन नसक्ने तथ्यबाट नै प्रष्ट हुन्छ । भाषिक सीप विकासका क्रममा विषयवस्तुको ज्ञान रूचिपूर्ण ढङ्गले प्रदान गर्न तथा पाठलाई सार्थक र सरल

बनाउनका तथा भाषिक अभ्यासमा विद्यार्थीलाई बढी सक्रिय बनाउन समेत सहयोग पुऱ्याउने भएकाले यसको उपयोगी पक्ष टड्कारो बन्न गएको हो । शैक्षिक सामग्री स्थानीय वातावणमा उपलब्ध हुने खालको हुनुपर्दछ । पाठ्यपुस्तकको प्रकृति हेरी स्थानीय साधनबाट शैक्षिक सामग्रीको निर्माण गरी त्यसको उपयुक्त ढङ्गले उपयोग गरेमा भाषिक सीप हाँसिल गराउन सफलता प्राप्त हुन्छ । यसरी भाषा शिक्षणका सिकाइका सन्दर्भमा उपयुक्त मात्रामा शैक्षिक सामग्रीको प्रयोग गर्नाले भाषा शिक्षण प्रभावकारी बन्ने भएकोले यसको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

विज्ञान र प्रविधिको विकासले शैक्षिक सामग्री रूपमा श्रव्यदृश्य सामग्रीहरूको विकास भएको पाईन्छ । विशेष गरी सूचना प्रविधिमा आएको विकासले शिक्षण सिकाई क्रियाकलापमा पनि नयाँ मूल्य र मान्यता स्थापित गरेको छ । आधुनिक समयमा उपयुक्त शैक्षिक सामग्रीको निर्माण र प्रयोगले शिक्षण कार्यलाई आकर्षक मात्र होईन प्रभावकारी र अर्थपूर्ण बनाएको छ । यसमा विद्यार्थीले सिकेको ज्ञानलाई दिगो बनाउँदै यसले विद्यार्थीमा रूचि जगाई स्वतन्त्र सिकाइ तथा विचारको अभिबृद्धि गर्दछ । शैक्षिक सामग्रीको प्रयोगले शिक्षकको समयको बचत हुन्छ । विषयवस्तुको व्यावहारिक अनुभव प्राप्त गर्न शिक्षक र विद्यार्थी दुबैलाई सहयोग पुऱ्याउनुका साथै थप पृष्ठ पोषण प्राप्त गर्दछ । सिकाइलाई प्रभावकारी र स्थायी बनाउन मद्दत पुग्दछ । पाठ्यक्रमको उद्देश्य पूरा गर्न र शिक्षकको पेसागत दक्षता बनाउन पनि शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ (शर्मा र पौडेल, २०७३, पृ. ४४७) । विषयवस्तुको सही वास्तविक र अर्थपूर्ण धारणा दिन शिक्षण सामग्री सहयोग गर्दछ । यसले मौखिक सञ्चारलाई क्रियाकलापसँग जोड्नका लागि पनि शैक्षिक सामग्री महत्त्वपूर्ण हुने देखिन्छ ।

### २.२.४ शैक्षिक सामग्रीको भण्डारण र व्यवस्थापन

भण्डारण एक महत्त्वपूर्ण प्रक्रिया हो किनभने यसले बालबालिकाको सिकाइमा उत्प्रेरित गर्दछ भने सिकाइ र अनुभवलाई शिक्षण सिकाइ सामग्रीको अनुभवका आधारमा दिगोपन गराउँदछ । भण्डारणका आधारमा विभिन्न सामग्रीहरूको क्षतिग्रस्त वा भाँचिनबाट सुरक्षित गर्दछ । धेरै पटक सामग्रीहरूको प्रयोग गरिसकेपछि कुच्चिन, भाँच्चिनबाट बचाउन सहयोग गर्दछ । शिक्षण सामग्रीको भण्डारलेण सामग्रीको व्यवस्थापन र मर्मत गरी सामग्रीको जीवन अवधि लामो बनाउनुका साथै सामग्रीको खरिद र मर्मतमा थोरै रकम गर्न सकिन्छ । शैक्षिक सामग्रीहरूको जाँच, प्रयोग र मर्मत गरी पुर्न प्रयोग गर्न र विभिन्न

डिजाइन दिन समेत सहयोग गर्दछ । विभिन्न इलेक्ट्रोनिकजन्य सामग्रीहरू वा महङ्गा सामग्रीको भण्डार गर्दा बढी होसियार अपनाइने भएकाले शैक्षिक सामग्रीको भण्डारण महत्त्वपूर्ण बन्दै आएको छ (शैक्षिक अभ्यासहरूमा प्राथमिक तह, २०१६, पृ. ८२) । शैक्षिक सामग्री व्यवस्थापनका सम्बन्धमा विद्यालयका शिक्षक तथा प्रधानाध्यापकले विभिन्न व्यवस्थापनका नियम प्रक्रिया र सिद्धान्तहरूको कार्यान्वयन गरिनु पर्दछ, जुन निम्नानुसार चर्चा गरिएको छ :

- मर्मत सम्भारको लागि उचित र पर्याप्त भण्डारण ठाउँ उपलब्ध गराइनु पर्दछ ।
- शिक्षण सिकाइका सामग्रीहरूलाई व्यवस्थित र मर्मत गरिएको हुनुपर्दछ ।
- सबै शैक्षिक सामग्रीहरू मर्मत गरिएको र आवधिक गरी जाँच गरिएको हुनुपर्दछ ।
- कुनै पनि शैक्षिक सामग्री क्षति नहोस भन्नका लागि समय समयमा निरीक्षण गरिनु पर्दछ ।
- कक्षाकोठामा राखिएका सबै शिक्षण सिकाइका शैक्षिक सामग्रीहरू सूचीकृत भण्डारण गर्ने ठाउँमा धेरै स्थानहरूमा प्रदर्शित गर्नका लागि तयारी अवस्थामा राखिनु पर्दछ । जसले पर्दर्शित गर्नमा सहयोग गर्ने गर्दछ ।
- खरिद गरिएका र नगरिएका सबै शैक्षिक सामग्रीहरूको सही रूपमा प्रविष्टि र दर्ता अवस्थामा राखिएको हुनुपर्दछ ।
- शिक्षण सिकाइका सामग्रीहरूको पूर्व परीक्षण गर्न सल्लाह दिइ शिक्षकसँग छलफल गरी शिक्षण सिकाइका सामग्रीको प्रकृति अनुसार फरक फरक रूपमा राखिनु पर्दछ । (शैक्षिक अभ्यासहरूमा प्राथमिक तह, २०१६, पृ. ८२)

### २.२.५ नेपाली भाषा शिक्षणमा सहायक सामग्रीको आवश्यकता

अर्काले सय भनेर सुनाएको कुराभन्दा प्रत्यक्षरूपमा देखेको अथवा अनुभव र उपयोग गरेको कुरा पक्कै पनि बढी प्रभावकारी हुन्छ । शैक्षिक सामग्री अथवा सहायक सामग्रीले विद्यार्थीमा जिज्ञासा बढाउँछ, रूचि पैदा गर्दछ, प्रत्यक्ष अनुभव सञ्चार गरेर चिरस्थायी धारणा बसाल्न मद्दत पुऱ्याउँछ । सही र प्रभावकारी ढङ्गले भाषिक सुझ तथा सीपको विकास गर्न मद्दत पुऱ्याउँछ र अन्ततः भाषा शिक्षणका उद्देश्य वा अपेक्षाहरूको उपलब्धी तहमा प्रभावकारी ढङ्गले पुऱ्याउँन रावणको काम गर्छ । यति मात्र होइन शिक्षकको भाषा शिक्षण कौशलको अभिवृद्धि गर्न तथा सरल प्रयासले गहन र गुणात्मक प्राप्ति उपलब्ध गर्न पनि शिक्षण

सहायक सामग्रीको आवश्यकतालाई पहिचान गर्न सकिन्छ । यसका साथै शैक्षिक सामग्रीहरूबाट भाषा शिक्षण प्राप्त गर्न सकिने फाइदाहरूको आलोकमा पनि नेपाली भाषा शिक्षणमा सहायक सामग्रीका आवश्यकतालाई पहिचान गर्न सकिन्छ । जसलाई बुँदागत रूपमा तल उल्लेख गर्न सकिन्छ :

(क) नेपाली भाषा शिक्षणलाई रोचक बनाउन,

(ख) नेपाली भाषाका पाठ्यवस्तुलाई सरल उद्देश्यपूर्ण एवम् प्रभावकारी रूपमा प्रस्तुति गर्न,

(ग) विद्यार्थीहरूमा नेपाली भाषा सिकाईप्रति उत्प्रेरणा जगाउन र चिरस्थायी धारणा विकास गर्न,

(घ) नेपाली भाषा शिक्षणमा रोचक प्रकारका अभ्यासात्मक कार्यकलापहरू मार्फत विविधतामूलक आकर्षण थपि भाषा शिक्षणको उद्देश्यलाई जीवन्त र उपलब्धिमूलक आकर्षण थपि भाषा शिक्षणको उद्देश्यलाई जीवन्त र उपलब्धिमूलक पुऱ्याउँन,

(ङ) नेपाली भाषा शिक्षणमा विद्यार्थी सहभागितामा सक्रियता बृद्धि गर्न,

(च) नेपाली भाषा सम्बन्धी वस्तुगत धारणा र सीप विकास गर्ने वास्तविक शैली निर्माण गर्न,

(छ) नेपाली भाषाका बारेमा विद्यार्थीको अनुभव क्षेत्र तथा चिन्तन क्षेत्रको विस्तार र विकास गर्न,

(ज) नेपाली भाषा शिक्षकहरूको शिक्षण कौशल अभिबृद्धि गरी दक्ष र अनुभवि भाषा शिक्षक निर्माणमा टेवा पुऱ्याउन, (शर्मा र पौडेल, २०६८, पृ. ४४८) ।

विषयवस्तुलाई रूचिपूर्ण, प्रसङ्गपूर्ण, तथा सरल किसिमले शिक्षण गर्दै भाषिक सीपहरूमा पर्याप्त अभ्यास गराउन शिक्षण सहायक सामग्रीको आवश्यकता पर्दछ । सिकाइ प्रक्रियालाई सफल बनाउने विभिन्न साधनहरूमध्ये शिक्षण सहायक सामग्रीलाई महत्त्वपूर्ण शैक्षिक सामग्रीका रूपमा लिइन्छ । विद्यार्थीहरूलाई सिकाइ प्रति उत्प्रेरित गर्न यसको आवश्यकता रहन्छ ।

### २.२.६ शैक्षिक सामग्रीका उपयोगिता

शिक्षण क्रियाकलापलाई सरल, सहज र प्रभावकारी बनाउन प्रयोग गरिने तथा पाठ प्रस्तुतिका क्रममा उपयोग गरिने जुनसुकै सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ । भाषा

शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोगबाट विभिन्न किसिमका फाइदाहरू हुने गर्दछन्, जसलाई निम्न बुँदामा तल उल्लेख गरिएको छ :

(क) शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ यर्थात प्रस्तुतीकरणलाई रूचिकर र प्रभावकारी बनाउँछ ।

(ख) शैक्षिक सामग्रीले शब्द र वस्तु बिच समन्वय देखाउन सुविधा प्रदान गर्दछ ।

(ग) विषयवस्तुलाई सरल, अर्थपूर्ण रोचक र प्रभावकारी बनाउँदै ठोस र स्पष्ट धारणाहरू बनाउन मद्दत गर्दछ ।

(घ) विषयवस्तुको पुनरावृत्ति सामान्यीकरण र सारांश प्रस्तुत गर्नमा सहयोग पुऱ्याउँदछ ।

(ङ) शैक्षिक सामग्री प्रयोग गरिएका कक्षाामा विद्यार्थीको सहभागिता र अन्य कक्षाको दाँजोमा बढी प्रभावकारी हुन्छ ।

(च) शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ दिक्क लाग्दो नहुने भएकाले विद्यार्थीहरू उत्प्रेरित हुनुका साथै सिकाई प्रति आकर्षित हुन्छन् ।

(छ) शैक्षिक सामग्रीले सिकाईलाई एकै साथ मनोरञ्जन दिन्छ ।

(ज) शैक्षिक सामग्रीले कुनै विषयवस्तु तथा घटनाको बारेमा सकारात्मक सोच र धारणाको विकास गराउन मद्दत गर्दछ (निरौला, २०७०. पृ. ५२) ।

शैक्षिक सामग्री प्रयोगले सिकाइलाई रूचिकर र प्रभावकारी बनाउनुका साथै विषयवस्तुको पुनरावृत्ति, सामान्यीकरण र सारांश प्रस्तुत गर्न शिक्षण सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । जसमा विद्यार्थी सहभागितालाई बृद्धि गराई सिकाइलाई मनोरञ्जन दिनुका साथै उनीहरूमा सोच र धारणाको विकास गराउन सहयोग पुऱ्याउँछ ।

### २.२.७ शैक्षिक सामग्री प्रयोगमा हुने समस्या

शिक्षण सिकाइका क्रममा प्रयोग गरिने शैक्षिक सामग्री क्रियाकलाप, बहुआयामिक हुन आवश्यक देखिन्छ । शिक्षण सिकाइमा शैक्षिक सामग्रीको निर्माण र प्रयोग बहुउपयोगी भएता पनि बजारमा उपलब्ध हुने सामग्रीहरू गाउँबस्तीमा पुग्न सकेका छैनन् । रेडियो तथा एफ.एम. मा प्रसारित श्रव्य सामग्रीहरूको प्रसारणमा समस्या छ । रेडियो तथा एफ.एम. बाट प्रसारित सामग्रीहरू स्पष्टसँग सुनिदैनन् । टेलिभिजनबाट प्रसारित हुने सामग्रीहरू

केबुल प्रसारण लाइन र विद्युत अभावका कारण सबै शिक्षक तथा विद्यार्थीहरूसम्म पुग्न सकेको छैन । वेवसाइटमा आधारित सामग्रीहरू टेलिफोन, इन्टरनेट, कम्प्युटर र विद्युतको अभावमा लक्षित वर्गसम्म पुग्न सकेका छैनन् (ढकाल र खतिवडा, २०७४, पृ.१३४) । त्यसैले शैक्षिक सामग्रीको र प्रयोगका केही सीम, जटिलता र चुनौतिहरू रहेका छन् । जुन यस प्रकार छन् ।

**(क) दक्ष जनशक्तिको अभाव**

भाषा शिक्षणमा शैक्षिक सामग्री उपयोगका विधि, प्रविधि सम्बन्धी सुझ र सीप प्रदान गर्ने खालका शिक्षण र दक्ष जनशक्तिको अभाव छ । कुनै नयाँ पुस्तक र सामग्रीको प्रयोग गर्नु अघि त्यसको प्रशिक्षण गर्नुपर्ने हुन्छ । जस्तैः ओभरहेड प्रोजेक्टर, एल.सिडी प्रोजेक्टर, कम्प्युटर, इन्टरनेट जस्ता आधुनिक उपकरणको प्रयोग सञ्चालन र मर्मत गर्न दक्ष जनशक्तिको विद्यालयहरूमा अभाव भएका कारणले गर्दा स्रोत साधन भएका विद्यालयमा पनि शिक्षण सिकाइको निम्ति तिनको सही प्रयोग हुन सकिरहेको छैन् (पौडेल, २०७१, पृ.२१६) ।

**(ख) शिक्षण निर्देशनको अभाव**

हालसम्म सम्बन्धित भाषा पाठ्यपुस्तक पाठ्य सामग्रीमा शिक्षकलाई उपयोगी हुने खालका शिक्षा निर्देशनहरू दिने व्यवस्था प्रायः देखिदैन । हरेक पाठ शिक्षणमा दिगो प्रबन्ध गरेर सम्बन्धित पाठ शिक्षणका उदेश्य, पाठ्यवस्तु, सम्भाव्य शिक्षण विधि र प्रविधिको उपयोग गर्न सकिने शैक्षिक सामग्री विद्यार्थी अभ्यास तथा कार्यकलाप र मूल्याङ्कन प्रक्रियाको प्रभावकारी सूचना दिनु उपयुक्त हुन्छ । यसले गर्दा सम्बन्धित पाठका शिक्षण सीमा, अपेक्षा र सम्भावित गतिविधिका स्पष्ट झल प्राप्त हुन सक्छन् र शैक्षिक सामग्रीको उपयोगमा एकरूपता र प्रभावकारिता हाँसिल हुन सक्छ (पौडेल, २०७१, पृ. २१७) ।

**(ग) कमजोर मनोबल**

भाषा शिक्षणको क्रममा असर पार्ने तत्त्वहरू मध्य कमजोर मनोबललाई पनि लिने गरिन्छ । कमजोर मनोबलका कारण पनि कतिपय सामुदायिक तथा संस्थागत विद्यालयहरूमा मैले गर्न सक्दिन । बुढो भइयो गरे पनि के फाइदा छ ? गरेपनि नगरेपनि उस्तै त हो । जस्ता नकरात्मक सोचको विकास भएको पाइन्छ । यस प्रकारको भावनाले मस्तिष्कमा प्रसय पाएको खण्डमा शिक्षकले सिक्न सक्दैनन् । शिक्षकले सिकेनन् भने विद्यार्थीहरूलाई सिकाउन

सक्दैनन् । अमूर्त कुराहरू सिकाउन सकिन्छ । (शर्मा र पौडेल, २०७३, पृ. ४४८) । जस्तै : अमिलो, पिरो, तितो, नुनिलो, गुलियो, टर्रो आदि । त्यसै गरेर अङ्गमा छुवाउने, टाँस्ने, मुसार्ने आदि किसिमका सामग्रीलाई उपयोग गर्न सकिन्छ । खास गरी दोस्रो भाषी विद्यार्थीहरूलाई भाषाका अमूर्त धारणा बसाल्न यी सामग्रीहरू उपयोगी हुन्छन् ।

**२.२.८ समाधानका उपाय**

नेपाली भाषा शैक्षिक सामग्री प्रयोग सम्बन्धी समस्याहरू अनेकौं छन् । तिनै विभिन्न समस्याहरूका कारणले अपेक्षित शैक्षिक सामग्रीहरूको निर्माण कार्य धमिलो, अस्पष्ट र अन्योलपूर्ण तथा हेलचक्रयाईपूर्ण अवस्थामा छ । स्रोतसाधनको समान पहुँच यो धर्तीमा कहीँ पनि छैन । जतिसुकै विकसित राष्ट्रहरूमा पनि रहेको देखिदैन । हाम्रो देशको सबै ठाउँहरूमा रेडियो, टेलिभिजन, कम्प्युटर र इन्टरनेट पुगेपछि मात्र शिक्षण सिकाइमा यस प्रकारका शैक्षिक सामग्रीहरूको प्रयोग हुन सक्दछ । त्यसैले स्रोत साधनको पहुँच बढाएर र दक्ष जनशक्तीको विकास गर्दै क्रमिक रूपमा कक्षाकोठाको शैक्षिक सामग्रीको प्रयोग बढाउन आवश्यक देखिन्छ । हरेक बर्ष केही नयाँ सोच र विचार भएका शिक्षक र प्र.अ.हरू नै अवधारणालाई व्यवहारमा साकार तुल्याउन अग्रसर हुनेछन् (ढकाल र खतिवडा, २०७३, पृ. १३४) । अहिले नै विद्यालयहरूमा भएका कम्प्युटर प्रयोग गर्न जान्ने र सक्ने हो, भने पनि शिक्षण सिकाइमा फाइदा पुग्ने देखिन्छ । त्यस्तै काम गर्ने र नगर्ने बिचको विभेद रहनु दण्ड र पुरस्कारको निति लागु नहनु, जस्ता कारणले दक्ष शिक्षकको समेत मनोबल गिर्ने अवस्था विद्यमान छ । देशमा अपेक्षित रूपमा सिकाइ संस्कृतिको विकास हुन सकेको देखिदैन्, तर सबै सरोकारवालाले ध्यान दिने हो, भने कक्षा कोठामा श्रव्यदृश्य सामग्री प्रयोग गर्दा आइपर्ने समस्यालाई समाधान गर्न सकिन्छ ।


## निष्कर्ष

पाठ्यक्रमका उद्देश्यहरू पूरा गर्नका लागि चाहिने सम्पूर्ण सामग्रीहरूलाई नै शैक्षिक सामग्री भनिन्छ । शैक्षिक सामग्रीले प्रत्यक्ष रूपमा शिक्षक र विद्यार्थीलाई फाइदा पुऱ्याउँछ । शिक्षकले कक्षामा गएर सरल आकर्षक र प्रभावकारी रूपमा पाठ्यक्रमका उद्देश्यहरू पूरा गराउन वा विभिन्न विषयवस्तुहरूलाई शिक्षण गर्नका लागि प्रयोग गरिने सामग्रीहरूलाई शैक्षिक सामग्रीका रूपमा लिइन्छ । ती शैक्षिक सामग्रीहरूलाई मौखिक, श्रव्य, दृश्य, श्रव्यदृश्य जस्ता नामहरूबाट विभाजन गर्न सकिन्छ । यि शैक्षिक सामग्रीको भाषा शिक्षणमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।  शैक्षिक सामग्रीको प्रयोगले जटिल विषयवस्तु शब्द, अर्थ

भाव आदि कुरालाई समेत प्रष्ट पार्न सहज हुने र आधुनिक युगमा विद्यार्थीको भाषिक क्षमता अभिवृद्धिका लागि शैक्षिक सामग्रीको विकास भएको हुदा उपयुक्त ढङ्गले प्रयोग गरेमा शैक्षिक सामग्रीले महत्त्वपूर्ण खेल्नुका साथै भाषा शिक्षणलाई व्यवहारिक र प्रभावकारी रूपमा अगाडि बढाउन सहयोग पुऱ्याउँदछ र पाठका जटिल अंशलाई सरल ढङ्गले बुझाउन, अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न, कक्षालाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउनको लागि शैक्षिक सामग्रीको प्रयोग निकै उपयोगी मानिन्छ ।

## २.३ अवधारणात्मक खाका

प्रस्तुत शोधकार्यमा कक्षा पाँचमा नेपाली विषयमा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अध्ययनको अवधारणात्मक खाका यस प्रकार रहेको छ :



# अध्याय : तीन

# अनुसन्धान विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत अध्ययनमा नमुना छनोटमा परेका विद्यालयमा गई अवलोकन गरी शैक्षिक सामग्रीको विवरण खोजी गरिएको छ । यसका साथै सम्बन्धित विषयको प्र.अ., शिक्षक, विद्यार्थीलाई प्रश्नावली भर्न लगाइ तथ्याङ्क सङ्कलन गरिएको छ । प्राप्त तथ्याङ्कलाई अभिलेख तालिकीकरण गरी तिनको वर्णनात्मक व्याख्या विश्लेषण गरिएकाले यस अध्ययनको ढाँचा गुणात्मक रहेको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत अध्ययनमा वीरेन्द्रनगर नगरपालिकाका सम्पूर्ण विद्यालयहरू जनसङ्ख्याका रूपमा रहेका छन् । जसमध्ये ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालय र त्यहाँ अध्यापनरत १० जना नेपाली विषयका शिक्षक, ५ जना प्र.अ. र २० जना विद्यार्थीहरूलाई सम्भावनारहित उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी छनोट गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

प्रस्तुत अध्ययनमा आधारभूत तह कक्षा पाँचमा नेपाली शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको प्रयोगको अवस्थासँग सम्बन्धित रहेको छ । यस अध्ययनसँग सम्बन्धित शाब्दिक प्रकतिका तथ्याङ्कलाई प्रयोग गरिएकाले यस अध्ययनको प्रकृति गुणात्मक रहेको छ । यस अध्यनका लागि निम्नानुसार तथ्याङ्कका स्रोतको उपयोग गरिएको छ :

### (अ) प्राथमिक स्रोत

अनुसन्धानको विषयक्षेत्र र वस्तु नै प्राथमिक स्रोत भएकाले यस अध्ययनमा आधारभूत तह कक्षा पाँचमा नेपाली विषय अध्ययन गर्ने प्र.अ., शिक्षक, विद्यार्थीलाई प्राथमिक स्रोतका रूपमा उपयोग गरिएको छ । उक्त सरोकारवालाबाट तथ्याङ्क सङ्कलन गर्न शिक्षकको लागि कक्षा अवलोकन फाराम, विद्यार्थीका लागि प्रश्नावली र प्र.अ.का लागि अन्तरवार्ता सूची तयार गरी ती सामग्रीका आधारमा तथ्याङ्क सङ्कलन गरिएको छ ।

(आ) **द्वितीय स्रोत**

अनुसन्धानको विषयसँग सम्बन्धित रहेका विभिन्न द्वितीय सामग्रीहरूको प्रयोग गरिएको छ । उक्त सामग्रीमा शब्दकोश, पाठ्यपुस्तक, सन्दर्भपुस्तक, अप्रकाशित शोधपत्र, अध्ययन प्रतिवेदन, लेख, पत्रपत्तीका लगायतका सामग्रीलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ ।

## ३.४ सामग्री निर्माण र मानकीकरण

प्रस्तुत शोधकार्य अध्ययनका क्रममा सामग्री सङ्कलनका लागि सूचनाका रूपमा १० वटा विद्यालय तथा कक्षा पाँचमा अध्यापनरत जम्मा १० जना नेपाली विषयका शिक्षकको कक्षाको अवलोकनका साथै प्र.अ., शिक्षक, विद्यार्थीसँग मिश्रित प्रश्नावलीको प्रयोग तथ्याङ्क लिइएको छ । यसका साथै तयार गरिएका प्र.अ., शिक्षक र विद्यार्थीहरूका प्रश्नावलीलाई पूर्वपरीक्षण गरिएको छ । उक्त पूर्वपरीक्षण पश्चात् आवश्यक संशोधन, परिमार्जन गरिएको छ । सामग्री सङ्कलनका लागि सामग्री टिपोट फारामलाई आवश्यक सुधार गरिएको छ । संशोधित प्रश्नपत्र र सामग्री टिपोट फारामलाई विषयविज्ञ, गुरूहरू र शोध निर्देशकको सहयोगमा मानकीकरण गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि क्षेत्रीय अध्ययन तथा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ, जसबाट प्राथमिक तथ्याङ्क तथा शिक्षक र विद्यार्थीबाट प्रश्नपत्रको माध्यममाबाट तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क निम्न दुई स्रोतबाट सङ्कलन गरिएको छ :

(क) **क्षेत्रीय अध्ययन विधि**

प्रस्तुत शोधकार्यका लागि वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ र १२ का १० वटा सामुदायिक र निजी विद्यालयका आधारभूत तह कक्षा पाँचमा नेपाली विषय शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्री प्रयोग अवस्थामा केन्द्रित रहेको छ । यस अध्ययनमा सामग्रीको विवरण सङ्कलनका लागि अध्ययनकर्ता स्वंयम् विद्यालयमा उपस्थित भएर नेपाली विषय पढ्ने विद्यार्थीहरूको समूहमा छलफल गरिएको छ र सोही विद्यालयमा गई सामग्रीको विवरण टिपोट गरिएको छ । यसका साथै शिक्षकको कक्षा अवलोकनको साथै

विद्यार्थी, शिक्षक र प्र.अ.सँग प्रश्नावलीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएकाले क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ ।

**(ख) पुस्तकालयीय विधि**

तथ्याङ्क सङ्कलनको निम्ति तयार पारिएको द्वितीय स्रोतको रूपमा पाठ्यपुस्तक, लेखरचना, अप्रकाशित शोधपत्र, कृति समीक्षा उपयोग गरिएको छ । यस्ता सामग्रीबाट अध्ययनको सैद्धान्तिक पक्षको निर्माण गरिएको छ । तसर्थ यस अध्ययनमा पुस्तकालयीय अध्ययन विधिको उपयोग  गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषणको विधि र प्रक्रिया

प्रस्तुत शोधकार्यमा सङ्कलित तथ्याङ्कको तार्किक आधारमा व्याख्या र विश्लेषण गरिएको छ । तथ्याङ्क सङ्कलनका लागि नमुनाका रूपमा लिइएका विद्यालयमा गई प्रश्नपत्र र टिपोट पत्रबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

यसका साथै प्रश्नपत्रको प्रयोग गरी शैक्षिक सामग्री प्रयोगको अवस्था, प्रयोगमा देखिएका समस्या र समाधानका बारेमा तथ्याङ्क सङ्कलन गरिएको छ । तथ्याङ्क सङ्कलन गरिसकेपछि प्राप्त तथ्याङ्कलाई अभिलेख गरी वर्णनात्मक, विश्लेषणात्मक विधिद्वारा तथ्यलाई वर्गीकरण गरी तालिकीकरणका माध्यमबाट विभिन्न शीर्षक र उपशीर्षकमा राखी प्रस्तुत गरिएको छ ।

## ३.७ अनुसन्धान प्रतिवेदनको ढाँचा

प्रस्तुत शोधपत्रको ढाँचा निम्नानुसार रहेको छ :

**(क) पूर्व भाग**

अनुसन्धानको पूर्व भागमा अध्यनको परिचयात्मक जानकारी प्रदान गरिएको छ । जसमा अध्यनको पूर्व भागमा मुख पृष्ठ, प्रतिवद्धता पत्र, शोध निर्देशनको सीफारिस पत्र, स्वीकृति पत्र, कृतज्ञता ज्ञापन, शोधसार, विषयसूची, तालिका सूची, सङ्क्षिप्त शब्द सूची, र चिन्ह सूची उल्लेख गरिएको छ ।

(ख) **मूल भाग**

शोध अध्ययनको मुख्य भागका रूपमा अध्याय एकदेखि अध्याय पाँचसम्म र सन्दर्भ सूचीलाई समेटिएको छ । यस भागमा अध्ययनका लागि सामग्रीलाई अध्याय, शीर्षक, उपशीर्षकमा विभाजन गरी सामग्रीलाई विश्लेषण र प्रस्तुतीकरण गरिएको छ। अध्याय एकमा अध्ययनको पृष्ठभूमी, समस्या कथन, उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको परिसीमा र रूपरेखालाई अध्याय एकमा समावेश गरिएको छ भने शोध अध्ययनको अध्याय दुईमा पूर्वकार्यको समीक्षा, पूर्वकार्यको उपादेयता, शोधपत्रको अवधारणात्मक खाका र अध्ययन गर्न लागि सैद्धान्तिक अवधारणालाई उल्लेख गरिएको छ । यसैगरी अध्याय तीनमा अनुसन्धान विधि अन्तर्गत अनुसन्धानको ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, सामग्री निर्माण र मानकीकरण, जनसङ्ख्या तथा नमुना छनोट, तथ्याङ्क सङ्कलनका विधि, तथ्याङ्कको ढाँचा प्रस्तुत गरिएको छ। अध्याय चारमा तथ्याङ्कको व्याख्या र विश्लेषण रहेको छ भने अध्याय पाँचमा निष्कर्ष सुझाव र सन्दर्भ सूचीलाई समावेश गरिएको छ।

(ग) **उत्तर भाग**

उत्तर भाग नै शोधपत्रको अन्तिम भाग हो । यस भागमा शोध अध्ययनलाई बैधता र प्रमाणिकता प्रदान गर्न आवश्यक पर्ने सामग्री उल्लेख गरिने हुँदा सोही अनुसार यस शोध अध्ययनको यस भागमा परिशिष्ट र व्यक्तिवृत्तलाई राखिएको छ।

# अध्याय : चार

# तथ्याङ्कको व्याख्या र विश्लेषण

## ४.१ विद्यालयमा रहेका शिक्षण सामग्रीहरूको विवरण

प्रस्तुत अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गत वडा नं. ११ र १२ मा सञ्चालामा रहेका १० सामुदायिक र संस्थागत विद्यालयको आधारभूत तह कक्षा पाँचमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोगको अवस्थाको अध्ययन गरिएको छ । उक्त विद्यालयका आधारभूत तहमा अध्यापनरत प्र.अ., शिक्षक र विद्यार्थीलाई प्रश्नावली, अवलोकन र अन्तरवार्ता विधिका आधारमा प्राप्त गरिएका तथ्याङ्कलाई अध्ययनको उद्देश्य अनुसार तालिकामा विभिन्न शीर्षक, उपशीर्षकमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा शैक्षिक सामग्री विवरण तयार पार्नका लागि शिक्षकसँगको प्रश्नावलीबाट प्राप्त सूचना र स्थलगत अवलोकनका क्रममा गरिएको टिपोटबाट प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ । छनोटमा परेका १० वटा विद्यालयमा रहेका शैक्षिक सामग्रीको विवरण क्रमशः प्रस्तुत गरिएको छ । जसमा शैक्षिक सामग्रीको विवरणमा सामग्रीको नाम, मौजुद सङ्ख्या/थान, सामग्रीको प्रकाशित मिति, निर्माण मिति, खरिद मिति निर्माता तथा प्रकाशक मूल्य जस्ता सूचनाहरू स्पष्ट खुलाइएको छ ।

### ४.१.१ ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टरमा रहेका शैक्षिक सामग्री

यस अध्ययनमा शोधकर्ता स्वंयम अध्ययन क्षेत्र अन्तर्गत रहेको ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टरमा रहेका कक्षा पाँचको नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीहरूलाई अवलोकन फारामको माध्यमबाट अवलोकन गरी सामग्रीको विवरण गरिएको छ । यसका साथै कक्षा पाँचमा पढाउने नेपाली विषयको शिक्षकसँग गरिएको प्रश्नावलीका आधारमा सङ्कलित सूचनाका आधारमा उक्त विद्यालयमा रहेका शैक्षिक सामग्रीको विवरण निम्नानुसार छ :

## तालिका नं. १

## ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टरमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | पाठ्यपुस्तक | ३ | २०७७ | विद्यार्थी पुस्तक | २०९ | |
| २. | पाठ्यक्रम | १ | २०६९ | पा.वि.के. | ३५० | |
| ३. | शब्दकोश | ४ | २०५५७ | अक्सफोर्ड | १२०० | |
| ४. | निर्देशिका | १ | २०७२ | प.वि.के. | ३०० | |
| ५. | नक्सा | ६ | २०६३ | एभरेष्ट नक्सा | ३९५ | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ६. | ग्लोब | ७ | २०६३ | एभरेष्ट पब्लिकेशन | २००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ७. | पोजेक्टर | १ | २०७१ | इसर (सुर्खेत आइ.टि.से) | ५५००० | |
| ८. | कम्प्युटर | १५ | २०६४ | सुर्खेत आइ.टि.से. | ३५००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ९. | ल्यापटप | ५ | २०६३ | सुर्खेत आइ.टि.से. | ६४००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| १०. | सेतो पाटी | २१ | २०७७ | फर्निचर | १५०० | |
| ११. | चार्ट पेपर | आ.अ. | २०७७ | शिक्षक स्वंयम | १५० | |
| १२. | गोजी तालिका | १ | २०७७ | शिक्षक स्वंयम | २५० | |
| १३. | फलाटिन पाटी | १ | २०७० | शिक्षक स्वंयम | ३०० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार कक्षा पाँचको नेपाली विषयको अध्ययन अध्यापन गर्दा प्रयोगमा ल्याइने सामग्रीमा ३ वटा पाठ्यपुस्तक राखिएको छ । पाठ्यक्रम १ वटा राखिएको छ भने विद्यार्थीको भाषिक स्थिति र शब्दभण्डारको विकास गर्नका लागि ४ वटा शब्दकोश राखिएको पाइयो । यस विद्यालयमा १ वटा मात्र शिक्षक निर्देशिका र जम्मा नक्सा ६ वटा रहेका छन् । यसका साथै यस विद्यालयमा विद्यार्थीलाई शिक्षणमा प्रभावकारी बनाउन १ वटा प्रोजेक्टर, कम्प्युटर १५ वटा, ल्यापटप ५ वटा रहेको पाइयो भने ल्यापटप ५ वटा, सेतो पाटी २१ वटा रहेको पाइयो । यस विद्यालयमा कक्षा एक देखि दससम्म जम्मा ४५० जना विद्यार्थी रहेका छन् भने कक्षा पाँचमा १२ जना छात्रा र १० जना छात्र गरी जम्मा २२ जना विद्यार्थीहरू अध्ययनरत छन् । तसर्थ सङ्ख्या विद्यार्थी सङ्ख्याको तुलनामा शैक्षिक सामग्री

पर्याप्त भएतापनि कक्षामा शिक्षकले कम प्रयोग नगर्ने भएकाले पनि शैक्षिक सामग्री कम भएको पाइयो भने चार्ट पेपर आफैले प्रयोग गर्ने गरेको र गोजी तालिकाको प्रयोगमा पनि कम मात्रामा १ वटा मात्र प्रयोग गरिदै आएको पाइयो । विद्यालयमा दैनिक रूपमा उक्त विद्यार्थी सङ्ख्याका आधारमा हेर्ने हो भने माथिको सङ्ख्याका आधारमा शैक्षिक सामग्रीको सङ्ख्या कम रहेको देखिन्छ ।

### ४.१.२ बाल उद्यान बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्री

बालउद्यान बोर्डिङ स्कुलमा गई अवलोकन फाराम र शिक्षक विद्यार्थी प्रश्नावलीको माध्यमबाट प्राप्त भएका सूचनाका आधारमा शैक्षिक सामग्रीको विवरण निम्नानुसार छ :

**तालिका नं. २**

**बाल उद्यान बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्री**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | ३ | पहिलो सं. २०६३ | क्रिएसन पब्लिकेसन | २२० | |
| २ | पाठ्यक्रम | १ | दोस्रो सं. २०७७ | पाठ्यक्रम विकास केन्द्र | ३५० | |
| ३ | शब्दकोश | १ | २०७८ | नेपाल प्रज्ञा प्रतिष्ठान | १२०० | |
| ४ | निर्देशिका | १ | २०७० | पाठ्यक्रम विकास केन्द्र | ३०० | |
| ५ | नक्सा | ३ | २०७८ | एभरेष्ट नक्सा | ३९५ | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ६ | ग्लोब | १ | २०७० | एभरेष्ट पब्लिकेसन | २०००० | |
| ७ | प्रोजेक्टर | २ | २०७५ | इप्सन | २५०० | |
| ८ | ल्यापटप | १ | २०७२ | डेल | ६४००० | |
| ९ | कम्प्युटर | १० | २०७० | टेक्नो | ३५००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| १० | चार्ट पेपर | ३० | शिक्षक आफै | २०७७ | ११० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | फलाटिनपाटी | १ | शिक्षक आफै | २०७७ | ४५० | |
| १२ | गोजी तालिका | १ | शिक्षक आफै | २०७७ | ४५ | |
| १३ | सेतोपाटी | १ | फर्निचर | २०७७ | १५०० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार यस श्री बाल उद्यान बोर्डिङ स्कुलका कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको विवरण हेर्दा विद्यालयमा जम्मा पाठ्यपुस्तक २ वटा राखिएको पाइयो । पाठ्यक्रम १ वटा राखिएको छ भने शब्दकोश १ वटा शिक्षक निर्देशिका १ वटा, नक्सा ३ वटा राखिएको छ भने ग्लोब १ वटा रहेको पाइयो । प्रोजेक्टर २ वटा ल्यापटप १ वटा रहेको पाइयो । विद्यालयमा चार्टपेपर जस्ता सामग्री ३० वटा, फ्लाटिन पाटी १ वटा, गोजी तालिका १ वटा र सेतोपाटी १ वटा रहेको पाइयो । उक्त विद्यालयमा जम्मा २२५ जना विद्यार्थी रहेका छन् भने कक्षा पाँचमा ६ जना छात्रा र ६ जना छात्र गरी जम्मा १२ जना रहेका छन् । विद्यार्थी सङ्ख्याको आधारमा शैक्षिक सामग्रीको परिणाम कम देखिन्छ ।

यस विद्यालयमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोगमा कमी रहेको छ भने शैक्षिक सामग्री सबै विद्यार्थी सङ्ख्याका तुलनामा व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेका छ । शिक्षण सिकाइका क्रममा प्रयोग गरिने दैनिकी सामग्री र कहिलेकाही प्रयोग गर्ने सामग्रीहरूको सङ्ख्या विद्यार्थीको तुलनामा थप गर्नुपर्ने देखिन्छ ।

### ४.१.३ गोल्डेन वर्ड एकेडेमीमा रहेका शैक्षिक सामग्री

गोल्डेन वर्ड एकेडेमी विद्यालयमा गई अवलोकन फाराम र शिक्षक विद्यार्थी प्रश्नावलीको माध्यमबाट प्राप्त भएका सूचनाका आधारमा शैक्षिक सामग्रीको विवरण निम्नानुसार छ :

**तालिका नं. ३**
**गोल्डेन वर्ड एकेडेमीमा रहेका शैक्षिक सामग्री**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | ३ | २०७८ | रसिया | २०८ | |
| २ | पाठ्यक्रम | १ | २०७८ | पा.वि.के. | ३५० | |
| ३ | शब्दकोश | २ | २०७० | नेपाल प्रज्ञा प्रतिष्ठान | १२०० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | निर्देशिका | १ | २०७८ | पा.वि.के. | ३०० | |
| ५ | नक्सा | ३ | २०७८ | विहानी पुस्तक | २०० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ६ | ग्लोब | २ | २०७० | विहानी पुस्तक | २००० | |
| ७ | प्रोजेक्टर | २ | २०७५ | एसा | ५१००० | |
| ८ | कम्प्युटर | १० | २०७५ | श्यामसुन | ३२००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ९ | सेतोपाटी | १ | २०७० | फर्निचर | १५०० | |
| १० | चार्ट पेपर | ३० | २०७८ | हाम्रो पुस्तक | १५० | |
| ११ | फलाटिन पाटी | १ | २०७७ | शिक्षक स्वंयम | २५० | |
| १२ | गोजी तालिका | १ | २०७७ | शिक्षक स्वंयम | ३०० | |
| १३ | ल्यापटप | १ | २०७४ | | | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार गोल्डेन वर्ड विद्यालयमा ३ थान पाठ्यपुस्तक र १ थान पाठ्यक्रम रहेका छन् । शब्दकोश जम्मा २ वटा छ भने  शिक्षक निर्देशिका १ वटा पाइयो । यस विद्यालयमा जम्मा विद्यार्थी २७५ जना रहेका छन् भने कक्षा पाँचमा जम्मा १९ जना रहेका छन् । उक्त विद्यालयमा शिक्षक निर्देशिका १ वटा रहेको पाइयो । विद्यालयमा ३ वटा नक्सा राखिएको छ भने २ वटा ग्लोब राखिएको छ । प्रोजेक्टर जम्मा २ वटा राखिएकाले विद्यार्थी सङ्ख्याको आधारमा यो उपयुक्त हो किनभने सबै विद्यार्थीका लागि हेर्ने, देख्ने र सुन्ने एउटै साधनले सबैलाई पुग्ने गर्दछ । यसका साथै कम्प्युटर जम्मा १० वटा, सेतेपाटी १ वटा फ्लाटिन पाटी  १ वटा, गोजी तालिका १ वटा र ल्यापटप १ वटा रहेको पाइयो । यसरी हेर्दा यस विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा पाठ्य सामग्रीको भण्डारण र प्रयोगमा जोड दिनुपर्ने देखिन्छ । अतः शिक्षण सामग्रीको प्रयोगले विद्यार्थीको सिकाइमा प्रभावकारी हुने भएकाले पनि यस विद्यालयमा शैक्षिक सामग्री अझ थप गरी आधुनिक शिक्षण सामग्री र प्रयोगमा बढी जोड दिनु आवश्यक छ ।

### ४.१.४ ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्री

ब्राइटल्यान्ड बोर्डिङ स्कुलमा गई अवलोकन फाराम र शिक्षक विद्यार्थी प्रश्नावलीका माध्यमबाट टिपोट गरिएका सूचनाका आधारमा शैक्षिक सामग्रीहरूको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ४

ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम | १ | २०७७ | कोशिष प्रकाशन | ९५० | |
| २ | पाठ्यपुस्तक | २ | २०६३ | पा.वि.के. | – | |
| ३ | शब्दकोश | २ | २०७१ | विद्यार्थी प्रकाशन | १२५० | |
| ४ | निर्देशिका | २ | २०७४ | अल्फा स्टेशनरी | ३०० | |
| ५ | नक्सा | ३ | २०६६/०६७ | हाम्रो पुस्तक पसल | २३० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ६ | ग्लोब | २ | २०७७/०७८ | हाम्रो पुस्तक पसल | ६३० | |
| ७ | प्रोजेक्टर | २ | २०७३/०७७ | सुर्खेत आ.इ.टि. सेन्टर | ५०००० | |
| ८ | ल्यापटप | २ | २०७३/०७६ | सुर्खेत आ.टि. सेन्टर | ५२००० | |
| ९ | सेतोपाटी | २६ | २०६९ | फर्निचर | ३०० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| १० | चार्ट पेपर | ७ | २०७७ | शिक्षक स्वंयम | ३५ | |
| ११ | फलाटिन पाटी | २ | २०७७ | शिक्षक स्वंयम | ३५० | |
| १२ | गोजी तालिका | २ | २०७७ | शिक्षक स्वंयम | २०० | |
| १३ | कम्प्युटर | १० | २०७५ | सुर्खेत आ.इ.टि. सेन्टर | ४०००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार पाठ्यक्रम १ वटा, पाठ्यपुस्तक १ वटा रहेका छन् छ भने विद्यार्थीको सिकाइ प्रभावकारी बनाउने शिक्षण निर्देशिका २ वटा रहेका छन । यस विद्यालयमा जम्मा ४२६ जना विद्यार्थी मध्ये कक्षा पाँचमा ९ जना छात्र र १७ जना छात्रा गरी जम्मा २६ जना विद्यार्थी अध्ययनरत छन् । यस विद्यालयमा नक्सा ३ वटा, ग्लोब २ वटा, प्रोजेक्टर २ वटा, ल्यापटप २ वटा, सेतो पाटी २६ वटा रहेको पाइयो । सेतो पाटी विद्यार्थी सङ्ख्याको आधारमा पर्याप्त रहेको देखिन्छ । चार्ट पेपर ७ वटा, फ्लाटिन पार्टी २ वटा राखिएको छ यसका साथै गोजी तालिका २ वटा र कम्प्युटर १० वटा राखिएको छ ।

विद्यार्थीलाई सिकाइ प्रभावकारी बनाउन शैक्षिक सामग्री पर्याप्त भएतापनि कक्षामा त्यसको प्रयोगमा कमी रहेको छ ।

### ४.१.५ चेतना विद्यानिकेतनमा रहेका शैक्षिक सामग्री

यस अध्ययनमा अनुसन्धानकर्ता प्रत्यक्ष रूपमा चेतना विद्यानिकेतन बोर्डिङ स्कुलमा गई अवलोकन फाराम र शिक्षक विद्यार्थी प्रश्नावलीका माध्यमबाट टिपोट गरिएका सूचनाका आधारमा शैक्षिक सामग्रीहरूको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ५**

**चेतना विद्यानिकेतनमा रहेका शैक्षिक सामग्री**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पोस्टर | २५ | २०७४ | - | २५ | |
| २ | फ्लाटिन पाटी | ८ | २०७० | विद्यालय | १२०० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ३ | गोजी तालिका | ८ | २०७३ | विद्यालय | ३०० | |
| ४ | शिक्षण पाटी | ४ | २०५८ | विद्यालय | २००० | |
| ५ | ग्लोब | २ | २०५८ | हाम्रो पुस्तक पसल | २००० | |
| ६ | ल्यापटप | ३ | २०६७ | एप्पल | ४०००० | |
| ७ | कम्प्युटर | ८ | २०६५ | डेल | १४००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ८ | मोबाइल | १ | २०५८ | सामसुङ | १५००० | |
| ९ | टेपरेकर्डर | २ | २०५८ | - | १२०० | |
| १० | नक्सा | ८ | २०५८ | अक्सफोर्ड प्रकाशन गृह | १५० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ११ | प्रोजेक्टर | २ | २०७२ | एप्सन | ४५००० | |
| १२ | शब्दकोश | २ | २०७१ | विद्यार्थी प्रकाशन | १२५० | |
| १३ | शिक्षक निर्देशिका | २ | २०७४ | पा.वि.के | २०० | |
| १४ | पत्रपत्रिका | ४ | दैनिक | विभिन्न प्रकाशन | ३०० मासिक | |
| १५ | टेलिभिजन | १ | २०६१ | एल.जि. | २०००० | |
| १६ | पाठ्यपुस्तक | ४ | २०७५ | पा.वि.के. | १२० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

मथिको तालिका अनुसार कम्प्युटरको सङ्ख्या ८ वटा, पाठ्यपुस्तक ४ वटा, फ्लाटिन पाटी ८ वटा, गोजीतालिका ८ वटा, शिक्षण पाटी ४ वटा, ग्लोब २ वटा, मोबाइल १ वटा, टेपरेकर्डर २ वटा, प्रोजेक्टर २ वटा, शब्दकोश २ वटा, शिक्षक निर्देशिका २ वटा, टेलिभिजन १ वटा, विभिन्न भूगोलका नक्सा २ वटा र ल्यापटप ३ वटा रहेका छन् । यस विद्यालयमा जम्मा ४५० जना विद्यार्थी रहेका छन् जसमध्ये आधारभूत तह कक्षा पाँचमा १५ छात्रा र ११ जना छात्र गरी जम्मा २६ जना विद्यार्थी अध्ययनरत छन् । विद्यार्थी सङ्ख्याको आधारमा हेर्दा त्यो सङ्ख्या ज्यादै कम भएको मान्नु पर्दछ । किनभने उक्त शैक्षिक सामग्री सङ्ख्या समग्र विद्यालयको भएकाले कक्षा पाँचमा मात्र शैक्षिक सामग्री उपलब्ध र प्रयोग कम गर्ने गरिएको पाइन्छ । यसका साथै विद्यालयमा सुर्खेतबाट प्रकाशन हुने विभिन्न प्रकाशनका ४ वटा पत्रपत्तीका दैनिक रूपमा ल्याइन्छन् । आधारभूत तहका विद्यार्थीलाई त्यस्ता दैनिक पत्तीकाले खासै आकर्षित गर्न सक्दैन । विद्यालयमा रहेका अन्य सामग्रीहरूमा उक्त विवरणमा रहेका सामग्रीहरू विद्यार्थी सङ्ख्याका आधारमा न्यून रहेको भएतापनि अन्य विद्यालयको तुलनामा यस विद्यालयमा शैक्षिक सामग्री केही मात्रामा बढी नै रहेका छन् ।

### ४.१.६ श्री हस्तवीर आधारभूत विद्यालयमा रहेका शैक्षिक सामग्री

हस्तवीर आधारभूत विद्यालयमा गई अवलोकन फाराम र शिक्षक विद्यार्थी प्रश्नावलीका माध्यमबाट टिपोट गरिएका सूचनाका आधारमा शैक्षिक सामग्रीहरूको विवरण निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

**तालिका नं. ६**

**श्री हस्तवीर आधारभूत विद्यालयमा रहेका शैक्षिक सामग्री**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | १ | २०७८ | ज.शि.सा.केन्द्र | निःशुल्क | |
| २ | पाठ्यक्रम | २ | २०७६ | पा.वि.के. | निःशुल्क | |
| ३ | शिक्षण निर्देशिका | ६ | २०७२ | पा.वि.के. | २४०० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ४ | शब्दकोश | ३ | २०७१ | भान्जा प्रकाशन प्रा.लि. | १८०० | |
| ५ | नक्सा | ५ | २०६५ | साझा प्रकाशन | ३०० | सम्पूर्ण विद्यालयको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | कक्षाकोठाको जोडेर |
| ६ | कम्प्युटर | ५ | २०७७ | एक्सेस कम्प्युटर | २५००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ७ | ल्यापटप | ३ | २०७७/०८७ | वि.न.पा. बाट | निःशुल्क | |
| ८ | पोजेक्टर | १ | २०७० | वि.न.पा. बाट | निःशुल्क | |
| ९ | सेतोपाटी | १५ | २०६५ | वि.व्य.स. | १५००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| १० | बल | ५ | २०७८ | अल्फा स्टेसनरी | ५००० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार मा श्री हस्तविर आधारभूत विद्यालयमा पाठ्यपुस्तक १ वटा राखिएको छ । पाठ्यक्रम २ वटा, शिक्षण निर्देशिका ६ वटा, शब्दकोश ३ वटा, नक्सा ५ वटा रहेको पाइयो । विद्यार्थीलाई प्रविधिमैत्री बनाउने उद्देश्यले ५ वटा कम्प्युटर राखिएको पाइयो भने ३ वटा ल्यापटप, १ वटा प्रोजेक्टर रहेका छन् । यसका साथै विद्यार्थीको प्रत्येक कक्षामा रहने गरी १५ वटा सेतो पाटीको व्यवस्थापन गरिएको छ भने खेलकुद सामग्रीका रूपमा जम्म ५ वटा बल रहेको पाइयो । यस विद्यालयमा जम्मा ५८५ जना विद्यार्थी रहेका छन् भने कक्षा पाँचमा ४५ छात्रा २५ जना छात्र गरी जम्मा ७५ जना जना रहेका छन् । उल्लिखित शैक्षिक सामग्री विद्यार्थी सङ्ख्याका आधारमा कम रहेका छन् । विद्यार्थीको सिकाइ क्षमता वृद्धिका लागि विद्यालयले विभिन्न स्थानीय स्तरका सामग्रीको पनि त्यतिकै मात्रामा प्रयोग गरिएको र आवश्यकता अनुसार व्यवस्थापन हुँदै आएको पाइन्छ ।

उक्त विद्यालयमा शैक्षिक सामग्रीको विवरण हेर्दा विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा कम रहेको छ । शैक्षिक सामग्री थप गरी स्थानीय स्तरका सामग्रीको पर्याप्त राखिनुपर्ने, प्रविधिगत शैक्षिक सामग्री व्यवस्थापन गरिएको देखिदैन । शैक्षिक रूपमा दैनिक प्रयोगमा ल्याइने सामग्रीको कमी रहेको छ भने विद्यालयले उपलब्ध गर्ने सामग्री खरिद गर्नुपर्ने देखिन्छ ।

### ४.१.७ श्री शिव माध्यमिक विद्यालय लाटिकोइलीमा रहेका शैक्षिक सामग्री

प्रस्तुत अध्ययनमा अध्ययन कर्ता श्री शिव माध्यमिक  विद्यालय लाटिकोइली विद्यालयमा प्रत्यक्ष उपस्थिति भएर अवलोकन फाराम र विद्यार्थी शिक्षकसँग गरिएको प्रश्नावलीबाट

प्राप्त उत्तरको आधारमा सङ्कलन गरिएको शैक्षिक सामग्रीको विवरण निम्नानुसारका रहेको छ :

**तालिका नं. ७**

**श्री शिव माध्यमिक विद्यालय लाटिकोइलीमा रहेका शैक्षिक सामग्री**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | १ | २०७८ | जनक शिक्षा सामग्री केन्द्र लि. | निःशुल्क | |
| २ | पाठ्यक्रम | १ | २०६३ | साझा प्रकाश प्रा.लि. | निःशुल्क | |
| ३ | शब्दकोश | ३ | २०७१ | अल्फा स्टेशनरी | १७७५ | |
| ४ | निर्देशिका | ३ | २०७६ | अल्फा स्टेशनरी | ११५ | |
| ५ | नक्सा | ५ | २०६२ | साझा प्रकाशन | ३०० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ६ | ग्लोब | २ | २०६२ | अल्फा स्टेशनरी | ४०० | |
| ७ | प्रोजेक्टर | २ | २०७४/०७५ | अल्फा स्टेशनरी | २५००० | |
| ८ | ल्यापटप | ४ | २०७७ | अल्फा बोर्दश | ६५००० | |
| ९ | कम्प्युटर | ३३ | २०७७ | अल्फा बोर्दश | ६३००० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| १० | सेतोपाटी | २२ | २०७६ | अल्फा बोर्दश | १५०० | सम्पूर्ण विद्यालयको कक्षाकोठाको जोडेर |
| ११ | चार्ट पेपर | ५ | २०७७ | फर्निचर | निःशुल्क | |
| १२ | फलाटिन पाटी | ३ | २०७७ | शिक्षक स्वयम् | निःशुल्क | |
| १३ | गोजी तालिका | ३ | २०७७ | शिक्षक स्वयम् | निःशुल्क | |
| १४ | शिव दर्शन | १ | २०७६ | शिव. मा.वि. परिवार | निःशुल्क | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथि उल्लिखित तालिका अनुसार श्री शिव माध्यमिक विद्यालयमा प्रयोग गरिने सामग्रीमा ३ वटा शब्दकोश, ३ वटा निर्देशिका, ५ वटा नक्सा रहेको पाइयो । प्रविधियोग्य शिक्षा बनाउने

र सिकाइमा आकर्षक बनाउन प्रोजेक्टरको पनि राखिएको छ । जसमा २ वटा प्रोजेक्टर, ४ वटा ल्यापटप, ३३ वटा कम्प्युटर, २२ वटा सेतो पाटी रहेका छन् । कक्षा पाँचमा १ वटा सेतो पाटी राखिएको छ भने विद्यालयमा जम्मा २२ वटा सेता पाटी छन् । ५ वटा चार्ट पेपर, ३ वटा फ्लाटिन पार्टी, ३ वटा फ्लाटिन पाटी, ३ वटा गोजी तालिका राखिएका छन् भने १ वटा शिव दर्शनका तस्वीरहरू रहेको पाइयो ।

यस विद्यालयमा जम्मा विद्यार्थी ६०५ जना विद्यार्थी मध्ये कक्षा पाँचमा ३६ जना छात्रा र २९ जना छात्र गरी जम्मा ६५ जना विद्यार्थी अध्ययनरत छन् । यसरी हेर्दा यस विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा शैक्षिक सामग्री पर्याप्त रहेका छैनन । स्थानीय स्तरका सामग्रीको कमी रहेको पाइयो । पाठ्यक्रम र पाठ्यपुस्तक सामग्रीको कम उपलब्ध गरिएको छ । शिक्षणका क्रममा प्रयोग गरिने दैनिक सामग्रीहरू भने विद्यालयमा पर्याप्त राखिएका पाइयो ।

### ४.१.८ श्री अमरज्योति नमुना माध्यमिक विद्यालय नेवारेमा रहेका शैक्षिक सामग्री

प्रस्तुत अध्ययनमा अध्ययन कर्ता श्री अमरज्योति माध्यमिक विद्यालय नेवारेमा उपस्थिति भई अवलोकन फाराम र विद्यार्थी शिक्षकसँग गरिएको प्रश्नवलीबाट प्राप्त उत्तरको आधारमा सङ्कलन गरिएको शैक्षिक सामग्रीको विवरण निम्नानुसारका रहेको छ :

**तालिका नं. ८**

**श्री अमरज्योति नमुना माध्यमिक विद्यालय नेवारेमा रहेका शैक्षिक सामग्री**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | २ | २०७७ | जनक शिक्षा | निःशुल्क | |
| २ | पाठ्यक्रम | २ | २०७६ | पा.वि.के. | निःशुल्क | |
| ३ | शब्दकोश | १ | २०७२ | प्रज्ञा प्रतिष्ठान | ११०० | |
| ४ | निर्देशिका | १ | २०७७ | जनक शिक्षा | ३०० | |
| ५ | नक्सा | ३ | २०७६ | अल्फा स्टेशनरी | ३८५ | |
| ६ | ग्लोब | १ | २०७६ | अल्फा स्टेशनरी | ७४० | |
| ७ | प्रोजेक्टर | १ | २०७७ | इप्सन | ४५००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ल्यापटप | १ | २०७७ | डेल | ६८००० | |
| ९ | कम्प्युटर | १ | २०७७ | एसर | २५००० | |
| १० | सेतोपाटी | १ | २०७६ | फर्निचर | २४०० | |
| ११ | चार्टपेपर | १३ | २०७८ | शिक्षक स्वंयम् | १५० | |
| १२ | गोजी तालिका | १ | २०७७ | शिक्षक स्वंयम् | २५० | |
| १३ | फलाटिन पाटी | १ | २०७७ | शिक्षक स्वंयम् | ३०० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिकामा श्री अमरज्योति नमुना माध्यमिक विद्यालयका नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीहरूको विवरण उल्लेख गरिएको छ, जसमध्ये उपलब्ध सामग्रीहरूको विवरण सङ्कलन गर्दा पाठ्यपुस्तक र पाठ्यक्रम २/२ वटा रहेका छन् भने नेपाली भाषा विषयका शब्दकोश, शिक्षक निर्देशिका १/१ वटा रहेको पाइयो । विद्यालयमा विद्यार्थीका लागि प्रयोग गरिने नक्सा ३ वटा उपलब्ध गराइएको छ भने ग्लोब १ वटा, प्रोजेक्टर, ल्यापटप, कम्प्युटर, सेतोपाटी, गोजी तालिका, फ्लाटिन पाटी जस्ता शैक्षिक सामग्रीहरू १/१ वटा रहेको पाइयो भने चार्ट पेपर १३ वटा रहेका छन् । यस विद्यालयमा जम्मा २५०० विद्यार्थी रहेका छन् जसमा कक्षा पाँचमा २५ छात्रा र २३ जना छात्र गरी जम्मा ४३ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

यसरी यस विद्यालयमा विद्यार्थी सङ्ख्याको तुलनामा शैक्षिक सामग्रीको उपलब्धता भएपनि कक्षामा प्रयोग कम रहेको छ । उक्त विवरणमा रहेका शैक्षिक सामग्रीहरू दैनिकी प्रयोग गरिने सामग्री बढी रहेका छन् भने स्थानीय स्तरका सामग्री कम राखिएको छ । विद्यार्थी सङ्ख्याका आधारमा न्यून रहेको भएतापनि अन्य विद्यालयको तुलनामा यस विद्यालयमा शैक्षिक सामग्री केही मात्रामा बढी नै रहेका छन् ।

### ४.१.९ नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

अध्ययनकर्ता सम्बन्धित श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा गई टिपोट गरेका तथा त्यहाँका आधारभूत तह कक्षा पाँचमा नेपाली विषय पढाउने शिक्षकसँग गरिएको प्रश्नावली र अवलोकन फारामको आधारमा सङ्कलित सूचनाका आधारमा विद्यालयमा उपलब्ध भएका शैक्षिक सामग्रीको विवरणलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

तालिका नं. ९
नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | १ | २०७८ | जनक शिक्षा सामग्री | निशुल्क | |
| २ | पाठ्यक्रम | १ | २०६३ | पा.वि.के. | – | |
| ३ | शब्दकोश | १ | २०६० | शब्दसागर | ११०० | |
| ४ | निर्देशिका | १ | २०६३ | पा.वि.के. | १६५ | |
| ५ | नक्सा | १ | २०६६ | हाम्रो पुस्तक पसल | २८५ | |
| ६ | प्रोजेक्टर | १ | २०६९ | ड्रिम सलुसन | ५०००० | |
| ७ | ल्यापटप | १ | २०६९ | ड्रिम सलुसन | ८०००० | |
| ८ | सेतो पाटी | १ | २०६३ | हाम्रो पुस्तक पसल | ३५० | |
| ९ | चार्ट पेपर | १ | २०७० | शिक्षक स्वंयम | ७० | |
| १० | फालाटिन पाटि | १ | २०७७ | शिक्षक स्वंयम | २०० | |
| ११ | गोजी तालिका | १ | २०७७ | शिक्षक स्वंयम | ३०० | |
| १२ | कम्प्युटर | १ | २०७५ | ड्रिम सलुसन | ४०००० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालयमा नेपाली भाषा शिक्षणका क्रममा प्रयोग गरिने शैक्षिक सामग्रीहरूको विवरणलाई उल्लेख गरिएको छ । विद्यालयमा पाठ्यपुस्तक १ वटा, पाठ्यक्रम १ वटा, शब्दकोश १ वटा, शिक्षक निर्देशिकाको प्रयोग १ वटा रहेको पाइयो । यसका साथै अन्य सामग्रीहरूमा नक्सा १ वटा, प्रोजेक्टर १ वटा, ल्यापटप १ वटा, सेतोपाटी १ वटा, चार्ट पेपर १ वटा, फ्लाटिन पाटी १ वटा, गोजी तालिका १ वटा र कम्युटर १ वटा मात्र रहेका छन् । यस विद्यालयमा जम्मा १२०० विद्यार्थी रहेका छन् भने कक्षा पाँचमा ४१ जना छात्रा र ३१ जना छात्र गरी जम्मा ७२ जना विद्यार्थी अध्ययनरत छन् । विद्यार्थी सङ्ख्या अनुसारका सामग्रीहरूको व्यवस्थापन कम गरिएको देखिन्छ ।

यसरी शैक्षिक सामग्री व्यवस्थापनमा स्थानीय स्तरका सामग्री कम राखिएका छन भने विद्यार्थी सङ्ख्याका आधारमा शैक्षिक सामग्रीको विवरण कम राखिएकाले पनि सामग्री अझ थप गर्नुपर्ने देखिन्छ । विद्यार्थीलाई पर्याप्त मात्रामा शिक्षणको आवश्यकता अनुसार प्रयोग गरिने सामग्रीहरूको कमी रहेको देखिन्छ भने दैनिक प्रयोगका सामग्रीहरू बढी राखिएका छन् ।

### ४.१.१० श्री सरस्वती प्राथमिक विद्यालयमा रहेका शैक्षिक सामग्री

श्री सरस्वती प्राथमिक विद्यालयमा शोधकर्ताले प्रत्यक्ष अवलोकन फाराम मार्फत टिपोट गरिएका र आधारभूत तह कक्षा पाँचमा नेपाली विषय पढाउने शिक्षकहरूसँग गरिएको प्रश्नावली मार्फत सङ्कलित सूचनाको आधारमा शैक्षिक सामग्रीको विवरण निम्नानुसार रहेको छ :

**तालिका नं. १०**

**श्री सरस्वती प्राथमिक विद्यालयमा रहेका शैक्षिक सामग्रीहरूको विवरण**

| क्र. सं. | सामग्रीको नाम | सङ्ख्या | प्रकाशित /निर्माण वर्ष | निर्माण तथा प्रकाशक | मूल्य (प्रतिगोटा रू.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | २ | २०५७ | पा.वि.के. | - | |
| २ | पाठ्यक्रम | १ | २०६९ | पा.वि.के. | १६५ | |
| ३ | शब्दकोश | १ | २०५७ | नेपाली वृहत् शब्दकोश | ६०० | |
| ४ | निर्देशिका | १ | २०७२ | पा.वि.के. | २०० | |
| ५ | नक्सा | १ | २०६६ | अल्फा स्टेशनरी | २८० | |
| ६ | प्रोजेक्टर | - | - | - | - | |
| ७ | ल्यापटप | १ | २०६६ | नगर शिक्षा | ४०००० | |
| ८ | सेतोपाटी | ८ | २०६५ | अल्फा स्टेशनरी | ४५० | सम्पूर्ण विद्यालयका कक्षाकोठाको जोडेर |
| ९ | चार्टपेपर | आ.अ. | २०७५ | अल्फा स्टेशनरी | २५० | |
| १० | फलाटिन पाटी | १ | २०७६ | शिक्षक आफै | ३०० | |
| ११ | गोजी तालिका | १ | २०७६ | शिक्षक आफै | ३५० | |
| १२ | झ्यालीपत्ती | १ | २०७६ | शिक्षक आफै | २५० | |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिकामा श्री सरस्वती माध्यमिक विद्यालयमा पाठ्यपुस्तक २ वटा, पाठ्यक्रम १ वटा, शब्दकोश १ वटा, शिक्षक निर्देशिका १ वटा राखिएका छन् । यस बाहेकका नक्सा १ वटा रहेको पाइयो भने ल्यापट १ वटा रहेको छ । विद्यालयमा जम्मा ८ वटा सेतो पाटी रहेका छन् भने कक्षा पाँचमा १ वटा शिक्षण पाटी राखिएको छ । चार्ट पेपरको प्रयोग शिक्षक आफैले तयार गरेर शिक्षण गर्ने गरेका छन् । यसका साथै यस विद्यालयमा फ्लाटिन पाटी १ वटा, गोजी तालिका १ वटा, झ्यालिपत्ती १ वटा रहेको पाइयो ।

यस विद्यालयमा जम्मा २५० जना विद्यार्थी रहेका छन् जसमा आधारभूत तह कक्षा पाँचमा १५ जना छात्रा र १० जना छात्र गरी जम्मा २५ जना विद्यार्थी अध्ययनरत छन् । यसरी यस विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा शैक्षिक सामग्रीको व्यवस्थापन र प्रयोग कम भएको देखिन्छ । दैनिक प्रयोगका सामग्री बढी उपलब्ध छन् भने प्रविधिगत शिक्षण सामग्रीको प्रयोग उक्त विद्यालयमा कम राखिएको छ । शिक्षण सिकाइका लागि स्थानीय शिक्षण सामग्री कम उपलब्ध गरिएको छ ।

### ४.१.११ विद्यालयमा रहेका शैक्षिक सामग्रीको समष्टिगत विवरण

यहाँ सबै १० वटा विद्यालयहरूमाा उपलब्ध शैक्षिक सामग्रीको समष्टिगत विवरण उल्लेख गरिएको छ । छनोटमा परेका विद्यालयहरूमा रहेको सामग्रीहरूलाई तुलनात्मक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका नं. ११**
**विद्यालयमा रहेका शैक्षिक सामग्रीको समष्टिगत विवरण**

| क्र सं. | शिक्षण सामग्री | ह्युरिस्टिक स्कुल | बाल उद्यान | गोल्डेन वर्ड | ब्राइट ल्याण्ड | चेतना विद्या निकेतन | हस्तवीर आ.वि. | शि.वि मा.वि. | अमरज्योति मा.वि. | नेरा चन्द्रगंगा मा.वि. | सरस्वति प्रा.वि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रम | १ | १ | १ | १ | १ | २ | १ | २ | १ | १ |
| २ | पाठ्यपुस्तक | ३ | ३ | ३ | २ | ४ | १ | १ | २ | १ | २ |
| ३ | शब्दकोश | ४ | १ | २ | २ | २ | ३ | ३ | १ | १ | १ |
| ४ | निर्देशिका | १ | १ | १ | २ | २ | ६ | ३ | १ | १ | १ |
| ५ | नक्सा | ६ | ३ | ३ | ३ | २ | ५ | ५ | ३ | १ | १ |
| ६ | ग्लोब | ७ | १ | २ | २ | २ | – | २ | १ | १ | १ |
| ७ | प्रोजेक्टर | २ | २ | २ | २ | २ | १ | २ | १ | १ | १ |
| ८ | ल्यापटप | ५ | १ | १ | २ | ३ | ३ | ४ | १ | १ | १ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सेतोपाटी | २१ | १ | १ | २६ | ४ | १५ | २२ | १ | १ | ८ |
| १० | चार्ट पेपर | आ.अ | १ | ३० | ७ | १० | – | ५ | आ.अ. | १ | आ.अ. |
| ११ | फलाटिन पाटी | १ | आ.अ | १ | २ | ८ | – | ३ | १ | १ | १ |
| १२ | गोजी तालिका | १ | १ | १ | ३ | २ | – | ३ | १ | १ | १ |
| १३ | शिवदर्शन किताब | – | – | – | – | – | – | १ | – | – | – |
| १४ | कम्प्युटर | १५ | १ | १० | १० | ८ | ५ | ३३ | १ | १ | १ |
| १५ | बल | – | – | – | – | | ५ | – | – | – | – |
| १६ | पोष्टर | – | – | – | – | २५ | – | – | – | – | – |
| १७ | मोबाइल | – | – | – | – | १ | – | – | – | – | – |
| १८ | टेप रेकर्डर | – | – | – | – | २ | – | – | – | – | – |

स्रोत : शिक्षक प्रतिक्रिया तथा अवलोकन

माथिको तालिका अनुसार समावेश भएका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका शिक्षण सामग्रीहरूको उपलब्धताको स्तर खासै फरक रहेको देखिदैन । पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षण पाटी, मार्कर जस्ता आधारभूत सामग्रीहरू सबै विद्यालयहरूमा समान सङ्ख्यामा प्रयोग भएका छन् ।

यसरी विद्यालय तहमा प्रयोग गरिएका सामग्रीहरूमा ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टरमा कक्षा पाँचको नेपाली विषयको अध्ययन अध्यापन गर्दा प्रयोगमा ल्याइने सामग्रीमा ३ वटा पाठ्यपुस्तक राखिएको छ । पाठ्यक्रम १ वटा राखिएको छ भने विद्यार्थीको भाषिक स्थिति र शब्दभण्डारको विकास गर्नका लागि ४ वटा शब्दकोशको प्रयोग गर्ने गरिएको छ । विद्यालयमा १ वटा मात्र शिक्षक निर्देशिका प्रयोग गरिने गरिएको र जम्मा नक्सा ६ वटा राखिएको छ । यसका साथै १ वटा प्रोजेक्टर, कम्प्युटर १५ वटा, ल्यापटप ५ वटा रहेका छन् भने ल्यापटप ५ वटा, सेतो पाटी २१ वटा रहेका छन् । यो सङ्ख्या विद्यार्थी सङ्ख्याको तुलनामा कम राखिएको छ भने चार्ट पेपर आफैले प्रयोग गर्ने गरेका छन् र गोजी तालिकाको प्रयोग पनि कम मात्रामा १ वटा मात्र प्रयोग गरिदै आएको पाइयो । फ्लाटिन पाटी १ वटा मात्र राखिएकाले पनि यस विद्यालयको विद्यार्थी सङ्ख्याको तुलनामा शैक्षिक सामग्रीको व्यवस्थापनमा कमी रहेको छ ।

श्री बाल उद्यान बोर्डिङ स्कुलका कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको विवरण हेर्दा विद्यालयमा जम्मा पाठ्यपुस्तक ३ वटा रहेका छन् । पाठ्यक्रम १ वटा रहेको पाइयो भने शब्दकोश १ वटा शिक्षक निर्देशिका १ वटा, नक्सा ३

वटा रहेका छन् भने ग्लोब १ वटा रहेको छ। प्रोजेक्टर २ वटा ल्यापटप १ वटा राखिएको छ भने विद्यार्थीको सिकाइको लाई कम्प्युटर १० वटा राखिएका छन् । विद्यालयमा चार्टपेपर जस्ता सामग्री १ वटा, फ्लाटिन पाटी १ वटा, गोजी तालिका १ वटा रहेका छन् । यस विद्यालयमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोगमा कमी रहेको छ।

गोल्डेन बर्ड एकेडेमीका कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको विवरण अवलोकन गर्दा उक्त विद्यालयमा पाठ्यपुस्तक ३ वटा राखिएको छ भने पाठ्यक्रमको सङ्ख्या १ वटा रहेको पाइयो । शब्दकोश जम्मा २ वटा रहेका छन् भने शिक्षक निर्देशिका १ वटा मात्र रहेको पाइयो । विद्यार्थीको सङ्ख्याको आधारमा १ वटा मात्र राखिनुले पनि शैक्षिक सामग्री कम रहेको छ। विद्यालयमा ३ वटा नक्सा राखिएको छ भने १ वटा ग्लोब रहेको पाइयो । प्रोजेक्टर जम्मा २ वटा राखिएका छन् । यसका साथै कम्प्युटर जम्मा १० वटा, सेतेपाटी १ वटा फ्लाटिन पाटी  १ वटा, गोजी तालिका १ वटा र ल्यापटप १ वटा रहेका छन् । यसरी हेर्दा यस विद्यालयमा विद्यार्थी सङ्ख्याको आधारमा पाठ्य सामग्रीको भण्डारण र प्रयोगमा जोड दिनुपर्ने देखिन्छ।

ब्राइटल्याण्ड सेकेन्डरी स्कुलमा प्रयोगमा ल्याइने सामग्रीको विवरणमा पाठ्यक्रम १ वटा, पाठ्यपुस्तक १ वटा प्रयोग गरिएको छ भने विद्यार्थीको सिकाइ प्रभावकारी बनाउन शिक्षक निर्देशिका १ वटा रहेको पाइयो । यो विद्यार्थी सङ्ख्याको आधारमा कम रहेको छ भने नक्सा ३ वटा, ग्लोब २ वटा, प्रोजेक्टर २ वटा, ल्यापटप २ वटा, सेतो पाटी २६ वटा रहेका छन् । चार्ट पेपर ७ वटा, फ्लाटिन पार्टी २ वटा रहेका छन् । यसका साथै गोजी तालिका ३ वटा र कम्प्युटर १० वटा रहेको पाइयो । विद्यार्थीलाई भाषा शिक्षणमा सिकाइलाई प्रभावकारी बनाउनका लागि शैक्षिक सामग्री बढी रहेको छ।

चेतना विद्या निकेतन बोर्डिङ स्कुलमा रहेका शैक्षिक सामग्रीहरूमा पाठ्यपुस्तक ४ वटा, फ्लाटिन पाटी २ वटा, गोजीतालिका ८ वटा, फ्लाटिन पाटी ८ वटा, ग्लोब २ वटा, प्रोजेक्टर २ वटा, कम्प्युटर ८, शिक्षक निर्देशिका २ वटा, विभिन्न भूगोलका नक्सा २ वटा र ल्यापटप २ वटा, पोष्टर २५ वटा, मोबाइल १ र टेप रेकर्डर २ वटा रहेका छन् । कम्प्युटरको सङ्ख्या १० वटा रहनु सकारात्मक भएपनि विद्यार्थी सङ्ख्याको आधारमा हेर्दा त्यो सङ्ख्या ज्यादै कम भएको मान्नु पर्दछ । विद्यालयमा सुर्खेतबाट प्रकाशन हुने विभिन्न प्रकाशनका

पत्रपत्तीका दैनिक रूपमा ल्याइन्छन् । उक्त सङ्ख्या राखिएको छैन । आधारभूत तहका विद्यार्थीलाई त्यस्ता दैनिक पत्रिकाले खासै आकर्षित गर्न सक्दैन ।

श्री हस्तविर आधारभूत विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीको विवरण अवलोकन गरी सङ्कलन गर्दा जम्मा पाठ्यपुस्तक १ वटा राखिएको छ । पाठ्यक्रमको उपलब्धतालाई अध्ययन गर्दा जम्मा २ वटा, शिक्षण निर्देशिका ६ वटा, शब्दकोश ३ वटा, नक्सा ५ वटा राखिएको छ । विद्यार्थीलाई प्रविधिमैत्री बनाउने उद्देश्यले ५ वटा कम्प्युटर रहेका छन भने ३ वटा ल्यापटप, १ वटा प्रोजेक्टर रहेको पाइयो । यसका साथै विद्यार्थीको प्रत्येक कक्षामा रहने गरी १५ वटा सेतो पाटीको व्यवस्थापन गरिएको छ भने खेलकुद सामग्रीका रूपमा जम्मा ५ वटा बल रहेका छन् ।

श्री शिव माध्यमिक विद्यालयमा विद्यालयमा प्रयोग गरिएका सामग्रीमा ३ वटा शब्दकोश, ३ वटा निर्देशिका, ५ वटा नक्सा रहेका छन । प्रविधियोग्य शिक्षा बनाउने र सिकाइमा आकर्षक बनाउने भएकाले प्रोजेक्टरको पनि राखिएको छ । जसमा २ वटा प्रोजेक्टर, ४ वटा ल्यापटप, ३३ वटा कम्प्युटर, २२ वटा सेतो पाटी रहेका छन् । ५ वटा  चार्ट पेपर, ३ वटा फ्लाटिन पार्टी, ३ वटा  फ्लाटिन पाटी, ३ वटा गोजी तालिका राखिएका छन् भने १ वटा शिव दर्शनका तस्वीरहरू रहेका छन् । पाठ्यपुस्तकमा उल्लेख गरे बमोजिम र विद्यार्थीको सिकाइ अनुकूलताका सामग्रीको विवरण हेर्दा कम रहेको छ ।

श्री अमरज्योति नमुना माध्यमिक विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरूको विवरण सङ्कलन गर्दा पाठ्यपुस्तक र पाठ्यक्रम २/२ वटा रहेको पाइयो भने नेपाली भाषा विषयका शब्दकोश, शिक्षक निर्देशिका १/१ वटा राखिएका छन् । विद्यालयमा विद्यार्थीका लागि प्रयोग गरिने नक्सा ३ वटा रहेको पाइयो भने ग्लोब १ वटा, प्रोजेक्टर, ल्यापटप, कम्प्युटर, सेतोपाटी, गोजी तालिका, फ्लाटिन पाटी जस्ता शैक्षिक सामग्रीहरू १/१ वटा रहेका छन् । विद्यालयमा विद्यार्थी सङ्ख्याको तुलनामा शिक्षण सामग्रीको उपलब्धता कम भएको छ ।

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय चन्द्रगंगा माध्यमिक विद्यालयमा पाठ्यपुस्तक १ वटा, पाठ्यक्रम १ वटा, शब्दकोश १ वटा, शिक्षक निर्देशिकाको प्रयोग १ वटा राखिएको छ । यसका साथै  विद्यार्थीको आवश्यकता अनुसार अन्य शैक्षिक सामग्रीहरूमा नक्सा १ वटा, प्रोजेक्टर १ वटा, ल्यापटप १ वटा, सेतोपाटी १ वटा, चार्ट पेपर १ वटा, फ्लाटिन पाटी १

वटा, गोजी तालिका १ वटा र कम्प्युटर १ वटा मात्र रहेका छन् । जम्मा विद्यार्थी सङ्ख्या अनुसारका शैक्षिक सामग्रीहरूको व्यवस्थापन कम गरिएको देखिन्छ ।

श्री सरस्वती माध्यमिक विद्यालयमा पाठ्यपुस्तक २ वटा, पाठ्यक्रम १ वटा, शब्दकोश १ वटा, शिक्षक निर्देशिका १ वटा  रहेको पाइयो । यस बाहेकका नक्सा १ वटा राखिएको छ भने प्रोजेक्टर राखिएको छैन भने ल्यापट १ वटा मात्र रहेको पाइयो । विद्यालयमा ८ वटा सेतो पाटी राखिएको छ । चार्ट पेपरको प्रयोग शिक्षक आफैले तयार गरेर शिक्षण गर्ने गरेको पाइयो । यसका साथै यस विद्यालयमा फ्लाटिन पाटी १ वटा, गोजी तालिका १ वटा, झ्यालिपत्ती १ वटा राखिएका छन् ।

प्रस्तुत अध्ययनमा उपलब्ध शैक्षिक सामग्रीहरूको नियमित रूपमा, कहिलेकाँही वा प्रयोग गर्दै नगर्ने अवस्था केलाइएको छ । जसमा विद्यालयमा दैनिक प्रयोगमा ल्याइएका शैक्षिक सामग्रीहरू, आवश्यकता अनुसार प्रयोगमा ल्याइएका र सबैभन्दा बढी प्रयोगमा ल्याइने शैक्षिक सामग्रीहरूको अध्ययन गरी विवरण तयार गरिएको छ ।

## ४.२ शैक्षिक सामग्री प्रयोगको अवस्था

शैक्षिक सामग्री प्रयोगको अवस्था सम्बन्धमा अध्ययन १० वटा सामुदायिक विद्यालयको कक्षा पाँचका कक्षाकोठाको अवलोकनबाट प्राप्त सामग्रीको विश्लेषणमा आधारित छ । रूजु सूचीको प्रयोग गरी शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई पहिल्याउने प्रयास गरिएको छ ।

प्रयोगको अवस्थालाई उत्तम, मध्यम, निम्न र प्रयोग नगरेका मध्य वर्ग निर्धारण गरी तिनलाई ३, २, १, ० दिइएको छ । उत्तमले ३ लाई बुझाइएको छ, मध्यमले २ लाई बुझाइएको छ, निम्नले १ लाई बुझाइएको छ भने प्रयोग नगरिएकोलाई शून्यले जनाइएको  छ । यसरी रूजु सूचीका आधारमा प्राप्त विवरणलाई तलको तालिकामा उल्लेख गरिएको  छ :

**तालिका नं. १२**
**शैक्षिक सामग्रीको प्रयोगको अवस्था**

| क्र. सं. | विवरण | ह्युरिस्टिक स्कुल | बाल उद्यान | गोल्डेन वर्ड | ब्राइट ल्याण्ड | चेतना विद्या निकेतन | हस्तवीर आ.वि. | शि.व मा.वि. | अमरज्योति मा.वि. | ने.रा. चन्द्रगंगा मा.वि. | सरस्वति प्रा.वि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | ३ | ३ | १ | ३ | ३ | ३ | २ | ३ | ३ | ३ |
| २ | पाठ्यक्रम | २ | २ | २ | १ | २ | १ | १ | १ | १ | १ |
| ३ | शब्दकोश | २ | १ | २ | १ | १ | २ | २ | ३ | २ | १ |
| ४ | निर्देशिका | १ | १ | १ | १ | १ | २ | २ | १ | २ | १ |
| ५ | नक्सा | १ | १ | १ | १ | १ | ० | १ | १ | १ | १ |
| ६ | ग्लोब | १ | १ | १ | १ | १ | ० | १ | १ | १ | १ |
| ७ | प्रोजेक्टर | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ |
| ८ | ल्यापटप | १ | १ | १ | १ | २ | २ | २ | ३ | २ | १ |
| ९ | कम्प्युटर | १ | १ | १ | १ | १ | २ | २ | २ | १ | २ |
| १० | चार्टपेपर | २ | २ | २ | २ | २ | १ | ३ | ३ | २ | १ |
| ११ | फ्लाटिन पाटी | १ | २ | १ | १ | २ | ० | २ | १ | १ | १ |
| १२ | गोजीतालिका | १ | २ | २ | २ | ३ | ० | २ | २ | २ | ३ |
| १३ | सेतोपाटी | १ | १ | २ | २ | ३ | १ | २ | २ | २ | २ |
| १४ | झ्यालीपत्ती | १ | १ | १ | १ | १ | १ | १ | २ | २ | २ |
| १५ | बल | ० | ० | ० | ० | ० | २ | ० | १ | १ | ० |
| १६ | शिवदर्शन | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| १७ | टेलिभिजन | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | ० |
| १८ | टेपरेकर्डर | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |

माथिको तालिकामा अध्ययनमा छनोटमा परेका ८० प्रतिशत विद्यालयमा पाठ्यपुस्तकको प्रयोग उत्तम देखिन्छ । ती विद्यालयका शिक्षकहरूद्वारा सिकाइको प्रमुख आधार पाठ्यपुस्तलाई मानेको देखिन्छ । १० प्रतिशत विद्यालयमा पाठ्यपुस्तकको प्रयोग मध्यम छ किनभने शिक्षकले कक्षामा पाठ्यपुस्तक नै प्रयोग नगरेको देखिन्छ भने १० प्रतिशत शिक्षकले पाठ्यपुस्तक शैक्षिक सामग्रीले प्रयोग गर्ने न्यून रूपमा प्रयोग गरेका छन् किनभने पाठ्यपुस्तकका विषयवस्तुका बारेमा पूर्ण रूपमा जानकारी भएकाले पाठ्यपुस्तक हेर्नु आवश्यक नठानी प्रयोग न्यून गरेका छन् ।

पाठ्यक्रमको प्रयोग गर्ने विद्यालयमा ६० प्रतिशत मध्यम रहेका छन् भने ४० प्रतिशत विद्यालयका शिक्षकले पाठ्यक्रमको प्रयोग निम्न गरेका छन् । पाठ्यक्रम विद्यालयमा पर्याप्त उपलब्ध नभएको र कक्षा शिक्षणमा आवश्यकता  नभएकाले पनि निम्न रूपमा पाठ्यक्रमको प्रयोग गरेका छन् । त्यसैगरी शब्दकोशको प्रयोग गर्ने विद्यालय १० प्रतिशतले निम्न रूपमा प्रयोग गरेका छन् किनभने कक्षा पाँचमा सरल खालका शब्दहरू भएकाले प्रयोग नगरेको देखिन्छ । ५० प्रतिशत विद्यालयले मध्यम रूपमा शब्दकोश प्रयोग गरेका छन् किनभने ती विद्यालयले शब्दकोश कक्षामा आवश्यकता रहेकाले प्रयोग गरेका छन् । ती

विद्यालयका १० प्रतिशत विद्यालयमा शब्दकोशको प्रयोग उत्तम रहेको छ । ती विद्यालयका शिक्षकले कक्षामा कठिनाइ शब्दको अर्थ बताउन शब्दकोश प्रयोग उत्तम गरेका छन् भने ४० प्रतिशत विद्यालयमा शब्दकोशको प्रयोग निम्न रहेको छ किनभने उक्त विद्यालयका शिक्षकले शब्दकोश नै विद्यालयमा नभएकाले निम्न गरेका छन् । छनोट गरिएका विद्यालयमा शिक्षक निर्देशिकाको प्रयोग ७० प्रतिशत विद्यालयमा निम्न प्रयोग गरिएको छ किन भने शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध नभएको र भएपनि निर्देशिका अनुसार कक्षामा समय नपुग्ने भएकाले प्रयोगको अवस्था निम्न छ भने ३० प्रतिशत विद्यालयमा निर्देशिकाको प्रयोग मध्यम रहेको छ किनभने शिक्षक निर्देशिका कहिलेकाही मात्र आवश्यकता पर्ने भएकाले मध्यम प्रयोग गरेका छन् । कक्षा पाँचमा नक्साको प्रयोग गर्ने विद्यालय ९० प्रतिशत निम्न रहेका छन् किनभने नक्सा नेपाली विषयको लागि सम्बन्धित विषयवस्तुसँग प्रयोगमा दैनिक रूपमा नआउने भएकाले निम्न प्रयोग भएको छ भने नक्साको प्रयोग नै नगरेका विद्यालय १० प्रतिशत रहेका छन् । विद्यालयमा ग्लोबको प्रयोग ९० प्रतिशतले निम्न प्रयोग गरेका छन् किनभने नेपाली विषयको लागि सम्बन्धित विषयवस्तुसँग प्रयोगमा दैनिक रूपमा प्रयोगमा नआउने भएकाले उक्त सामग्री प्रयोग निम्न रूपमा रहेको छ भने १० प्रतिशत विद्यालयले ग्लोबको प्रयोग गरेका छैनन् किनकि शिक्षणका क्रममा कक्षामा ग्लोबको आवश्यकता नभएकाले प्रयोग गरेका छैनन् ।

प्रोजेक्टरको प्रयोग १०० प्रतिशत विद्यालयमा निम्न प्रयोग गरेका छन् किनभने प्रविधिसँग ज्ञान नभएकाले र चलाउन झन्झट भएकाले प्रयोग निम्न गरेका छन् । ल्यापट प्रयोग गर्ने विद्यालय १० प्रतिशत उत्तम रहेका छन् भने ४० प्रतिशतले मध्यम र ५० प्रतिशतले निम्न प्रयोग गरेका छन् किनभने सबै विद्यालयमा ल्यापटपबाट शिक्षण गर्न समय नपुग्ने र सबै विद्यार्थीलाई ल्यापटबाट देखाउन नसकिने भएकाले प्रयोगको अवस्था निम्न छ । कम्प्युट प्रयोगमा ४० प्रतिशत विद्यालयले मध्यम प्रयोग गरेका छन् भने ६० प्रतिशतले निम्न प्रयोग गरेका छन् । किनभने विद्यालयमा कम्प्युटर नै नभएकाले र त्यस सम्बन्धी ज्ञान कम भएकाले कक्षामा प्रयोग गरेको देखिदैन । चार्ट पेपरको प्रयोग गर्ने विद्यालय २० प्रतिशतले उत्तम प्रयोग गरेका छन् भने ६० प्रतिशतले मध्यम प्रयोग र २० प्रतिशतले निम्न प्रयोग गरेको देखिन्छ । फ्लाटिन पाटी प्रयोग गर्ने विद्यालय ३० प्रतिशतले मध्यम प्रयोग गरेका छन् भने ६० प्रतिशत विद्यालयमा निम्न र कतिपनि प्रयोग गर्ने विद्यालय १० प्रतिशत रहेका छन् । गोजी तालिकाकाको प्रयोग २० प्रतिशत विद्यालयले उत्तम रहेको छ भने ६० प्रतिशत

विद्यालयले मध्यम र १० प्रतिशतले निम्न प्रयोग गरेका छन भने १० प्रतिशत विद्यालयले फ्लाटिन पाटी कक्षामा प्रयोग नै गरेका छैनन् किनभने फ्लाटिन पाटी कक्षामा प्रयोग गर्न समय नपुग्ने भएकाले पनि प्रयोग गर्न नसकिएको देखिन्छ । गोजी तालिकाको प्रयोग २० प्रतिशतले उत्तम प्रयोग गरेका छन् किनभने शब्द शिक्षणमा आवश्यकता पर्ने भएकाले प्रयोग उत्तम गरेका छन् भने ६० प्रतिशत विद्यालयले मध्यम प्रयोग गरेका छन् र १० प्रतिशत विद्यालयले निम्न र १० प्रतिशत विद्यालयले कक्षामा गोजीतालिका प्रयोग गरेका छैनन्  किनभने ती विद्यालयका शिक्षकले आवश्यकता नभएकाले प्रयोग गरेका छैनन् । सेतोपाटीको प्रयोग गर्ने विद्यालय १० प्रतिशत रहेका छन् भने ६० प्रतिशत विद्यालयले निम्न प्रयोग गरेका छन् किनभने सबै शिक्षकले विषयवस्तु अनुसार मात्र सेतो पाटीको प्रयोग गर्नुपर्ने भएकाले निम्न प्रयोग गरेका छन् ।

छनोट गरिएका विद्यालयमा झ्यालिपत्ती प्रयोग गर्ने विद्यालय ७० प्रतिशत विद्यालयले निम्न रहेका छन् किनभने विद्यालयमा नभएका कारणले प्रयोग निम्न गरेका छन् भने ३० प्रतिशत विद्यालयले मध्यम प्रयोग गरेका छन् किनभने कक्षामा झ्यालीपत्तीको प्रयोगमा शब्द शिक्षण गर्दा आवश्यकता पर्ने भएकाले प्रयोग गरेका छन् । बल सामग्रीको प्रयोग कक्षामा २० प्रतिशत विद्यालयले मध्यम प्रयोग गरेका छन् भने २० प्रतिशतले निम्न प्रयोग गरेको र ६० प्रतिशत विद्यालयले बलको प्रयोग गरेका छैनन् । किनभने बल कक्षामा शिक्षणका क्रममा आवश्यकता नभएकाले निम्न प्रयोग गरेको देखिन्छ । शिवदर्शन मासिक पत्तीकाको प्रयोग गर्ने विद्यालय १० प्रतिशत मध्यम रहेका छन् भने ९० प्रतिशत विद्यालयले प्रयोग नै गरेका छैनन् किनभने विद्यालयमा उक्त सामग्री नभएकाले प्रयोग गरेका छैनन् भने टेलिभिजनको प्रयोग गर्ने विद्यालय १० प्रतिशत निम्न रहेका छन् भने ९० प्रतिशतले कक्षामा टेलिभिजन शिक्षण गर्दा सम्भव नभएकाले र सामग्री पनि नभएकाले यसको प्रयोग गरेका छैनन् भने टेप रेकर्डको प्रयोग अध्ययनका छनोट गरिएका कुनै पनि विद्यालयले प्रयोग गरेका छैनन् ।

यसरी कक्षा शिक्षणका क्रममा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूमा सबैभन्दा बढी पाठ्यपुस्तकको प्रयोग उत्तम रूपमा गरिएको छ । पाठ्यपुस्तक सबै शिक्षकहरूले कक्षामा प्रयोगमा जोड दिएका छन् भने निम्न रूपमा प्रयोग गरिएका सामग्रीहरूमा पाठ्यक्रम, नक्सा,ग्लोब,प्रोजेक्टर, कम्प्युटर, फ्लाटिन पाटी र झ्याली पत्ती सामग्री प्रयोग निम्न रूपमा गरेका छन् । नेपाली भाषा शिक्षण सिकाइका क्रममा बल, शिवदर्शन, टेलिभिजन, टेपरेकर्डर

जस्ता शैक्षिक सामग्री कुनै विद्यालयले प्रयोग गरेका छैनन् । यसरी शैक्षिक सामग्री प्रयोग कम गरिएकाले अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक सामग्री प्रयोगको अवस्था कमजोर देखिएको छ ।

### ४.२.१ दैनिक रूपमा प्रयोगका आधारमा शैक्षिक सामग्री

दैनिक रुपमा शैक्षिक सामग्रीको प्रयोगको अवस्था सम्बन्धी विद्यार्थीलाई सोधिएका प्रश्नावलीबाट प्राप्त प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. १३**

**दैनिक रूपमा र आवश्यकता अनुसार प्रयोगमा ल्याइने शैक्षिक सामग्री**

| क्र. सं. | विद्यालय | दैनिक प्रयोगमा ल्याइने सामग्रीहरू | आवश्यकता अनुसारका सामग्रीहरू | सबैभन्दा बढी प्रयोगमा ल्याइने सामग्रीहरू |
|---|---|---|---|---|
| १ | ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर | पेन, मार्कर, चित्रपत्ती, वाक्यपत्ती, पोष्टर, | ढुङ्गाका टुक्रा, पात, माटो, तस्वीर, प्रोजेक्टर, ल्यापटप, ग्लोब, कैँची | पेष्टरहरू, काठका टुक्राहरू, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश |
| २ | बाल उद्यान बोर्डिङ स्कुल | मार्कर, डस्टर, पाठ्यपुस्तक र आवश्यकता अनुसार | पत्रपत्तीका, नक्सा, सन्दर्भ पुस्तक, रेकर्डर, प्रतिमूर्ति, प्रोजेक्टर, भिडियो | गोजी तालिका, चार्ट पेपर, फ्लाटिन बोर्ड, चित्र आदि |
| ३ | गोल्डेन वर्ड एकेडेमी | विषयवस्तु अनुसार जस्तै गोजी तालिका सेतो पाटी, पाठ्यपुस्तक मार्कर | चार्ट, चित्र, पोस्टर, वास्तविक वस्तु | चित्र पत्ती, अर्थपत्ती, गोजी तालिका, वाक्यपत्ती, शब्दपत्ती आदि |
| ४ | ब्राइटल्याण्ड बोर्डिङ स्कुल | शिक्षण पाटी, मार्कर, पाठ्यपुस्तक | गोजी तालिका, फ्लाटिनपाटी, शब्दपत्ती,अक्षरपत्ती, | कम्प्युटर, ल्यापटप, प्रोजेक्टर |

| | | | | |
|---|---|---|---|---|
| | | | पोस्टर, तालिका प्रोजेक्टर | |
| ५ | चेतना विद्या निकेतन | सेतोपाटी, मार्कर, डस्टर, पाठ्यपुस्तक | पाठ्यपुस्तक, श्रव्यदृश्य सामग्री, चित्रपत्ती, वाक्यपत्ती, प्रोजेक्टर | गोजी तालिका, फ्लाटिन पाटी, शब्दपत्ती, अर्थपत्ती |
| ६ | श्री हस्तवीर आधारभूत विद्यालय | सेतोपाटी, पाठ्यपुस्तक, डस्टर, मार्कर | शब्दकोश, पाठ्यक्रम, शिक्षक निर्देशिका | गोजी तालिका, फ्लाटिन पाटी, शब्दपत्ती, अर्थपत्ती |
| ७ | श्री शिव माध्यमिक विद्यालय | पाठ्यपुस्तक गोजी तालिका, , शब्दपत्ती, अर्थपत्ती | वर्णमाला, बाह्रखरी चार्ट | फ्लाटिन पाटी, सेतोपाटी, मार्कर, डस्टर |
| ८ | श्री अम्मर ज्योति नमुना माध्यमिक विद्यालय | सेतो पाटी, मार्कर, डस्टर, पाठ्यपुस्तक | चित्र, पाठ्यपुस्तक, गोजी तालिका, कार्डपत्ती | प्रोजेक्टर, ल्यापटप, चार्टपेपर, गोजितालिका, चित्र |
| ९ | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय | सेतो पाटी, मार्कर, डस्टर, पाठ्यपुस्तक | प्रोजेक्टर, विभिन्न तस्वीर, शब्दपत्ती, निर्देशिका, शब्दकोश | गोजी तालिका, वाक्यपत्ती, शब्दावली, झ्यालीपत्ती |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | सेतो पाटी, मार्कल, डस्टर, पाठ्यपुस्तक | ह्वाइटबोर्ड, मार्कर, शिक्षक निर्देशिका | ह्वाइटबोर्ड, मार्कर, शब्दार्थ पत्ती, वाक्यपत्ती, झ्याली तालिका |

आधारभूत तह कक्षा पाँचमा नेपाली विषय शिक्षण गर्दा न्यूनतम रूपमा चाहिने आधारभूत सामग्री सबै विद्यालयमा छन् । आधुनिक प्रविधिका (प्रोजेक्टर, भिडियो, रेकर्डर) जस्ता शैक्षिक सामग्रीहरू ४ वटा विद्यालयमा मात्र हप्तामा ३ दिन प्रयोगमा ल्याउने गरेका छन् । यस अध्ययनमा माथिको तालिकालाई हेर्दा दैनिक प्रयोगमा ल्याइने शैक्षिक सामग्रीहरू सबै विद्यालयमा मिल्दो जुल्दो रहेको देखिन्छ ।

जसमा दैनिक ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर विद्यालयले दैनिक रूपमा पेन, मार्कर, चित्रपत्ती, वाक्यपत्ती, पोष्टर जस्ता सामग्रीहरूको प्रयोग गरेका छन् । आवश्यकता अनुसार प्रयोग गर्ने सामग्रीहरूमा ढुङ्गाका टुक्रा, पात, माटो, तस्वीर, प्रोजेक्टर, ल्यापटप, ग्लोब, कैँची जस्ता सामग्रीहरूको प्रयोग गर्ने गरेका छन् भने सबैभन्दा बढी प्रयोग गर्ने सामग्रीहरूमा पेष्टरहरू, काठका टुक्राहरू, शब्दपत्ती, वाक्यपत्ती, शब्दकोश जस्ता सामग्री प्रयोग गर्दै आएका छन् ।

त्यसैगरी बाल उद्यान बोर्डिङ स्कुलले दैनिक रूपमा मार्कर, डस्टर, पाठ्यपुस्तक र आवश्यकता अनुसार विधागत रूपमा अन्य सामग्रीको प्रयोग गर्ने गरेका छन् भने आवश्यकता अनुसार पत्रपत्तीका, नक्सा, सन्दर्भ पुस्तक, रेकर्डर, प्रतिमूर्ति, प्रोजेक्टर, भिडियो जस्ता सामग्रीहरू पनि उत्तिकै मात्रामा प्रयोग गरेका छन् भने सबैभन्दा बढी उक्त विद्यालयले गोजी तालिका, चार्ट पेपर, फ्लाटिन बोर्ड, चित्र आदि सामग्रीहरू प्रयोग गर्ने गरेको देखिन्छ ।

गोल्डेन वर्ड एकेडेमी विद्यालयले गरेको सामग्री प्रयोगको अवस्थालाई हेर्दा विषयवस्तु अनुसार जस्तै गोजी तालिका सेतो पाटी, पाठ्यपुस्तक मार्कर जस्ता सामग्री दैनिक रूपमा प्रयोग गरेको पाइन्छ । आवश्यकता अनुसार शिक्षकले कक्षामा नेपाली भाषा शिक्षण गर्दा चार्ट, चित्र, पोस्टर, वास्तविक वस्तु जस्ता सामग्री नै बढी प्रयोगमूलक देखिन्छ । कक्षा शिक्षणका क्रममा सबैभन्दा बढी चित्र पत्ती, अर्थपत्ती, गोजी तालिका, वाक्यपत्ती, शब्दपत्ती आदि सामग्री नै प्रयोग गरिदै आएका छन् ।

ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा शिक्षण पाटी, मार्कर, पाठ्यपुस्तक  जस्ता शैक्षिक सामग्रीको प्रयोग दैनिक रूपमा गर्ने गरेका छन् भने आवश्यकता अनुसार उक्त विद्यालयका शिक्षकले गोजी तालिका, फ्लाटिनपाटी, शब्दपत्ती,अक्षरपत्ती, पोस्टर, तालिका प्रोजेक्टर सामग्री प्रयोग गर्ने गरेको देखियो र सबैभन्दा बढी प्रयोग गर्ने सामग्रीमा कम्प्युटर, ल्यापटप, प्रोजेक्टर रहेका छन् ।

चेतना विद्या निकेतन विद्यालयमा शैक्षिक सामग्री प्रयोगको अवस्थालाई विश्लेषण गर्दा विद्यालयमा सेतोपाटी, मार्कर, डस्टर,  पाठ्यपुस्तक दैनिक रूपमा प्रयोग गर्ने गरेको देखिन्छ भने पाठ्यपुस्तक, श्रव्यदृश्य सामग्री, चित्रपत्ती, वाक्यपत्ती, प्रोजेक्टर जस्ता सामग्री

आवश्यकता अनुसार र सबैभन्दा बढी गोजी तालिका, फ्लाटिन पाटी, शब्दपत्ती, अर्थपत्ती सामग्री प्रयोग हुँदै आएको छ ।

हस्तविर आधारभूत विद्यालयमा कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गर्ने सामग्रीहरूमा सेतोपाटी, पाठ्यपुस्तक, डस्टर, मार्कर जस्ता सामग्री दैनिक रूपमा प्रयोग गर्ने गरेको पाइयो भने आवश्यकता अनुसार शब्दकोश, पाठ्यक्रम, शिक्षक निर्देशिका सामग्री प्रयोग गर्ने गरेका छन् भने सबैभन्दा बढी प्रयोग गर्नेमा गोजी तालिका, फ्लाटिन पाटी, शब्दपत्ती, अर्थपत्ती रहेका छन् ।

श्री शिव माध्यमिक विद्यालयमा कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीको अवस्था हेर्दा दैनिक रूपमा पाठ्यपुस्तक गोजी तालिका, शब्दपत्ती, अर्थपत्ती रहेका छन् भने आवश्यकता अनुसार वर्णमाला, बाह्रखरी चार्ट प्रयोग गर्ने गरेका छन् भने सबैभन्दा बढी प्रयोग गर्ने सामग्रीमा फ्लाटिन पाटी, सेतोपाटी, मार्कर, डस्टर रहेका छन् ।

श्री अमरज्योति नमुना माध्यमिक विद्यालयमा कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा दैनिक रूपमा प्रयोग गरिने शैक्षिक सामग्रीमा सेतो पाटी, मार्कर, डस्टर, पाठ्यपुस्तक रहेका छन् भने चित्र, पाठ्यपुस्तक, गोजी तालिका, कार्डपत्ती जस्ता सामग्रीलाई आवश्यकता अनुसार प्रयोग गर्ने गरेको र सबैभन्दा बढी प्रयोग गर्नेमा प्रोजेक्टर, ल्यापटप, चार्टपेपर, गोजी तालिका, चित्र शैक्षिक सामग्री रहेका छन् ।

श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा प्रयोग गर्ने शैक्षिक सामग्रीहरूको अवस्था अध्ययन गर्दा दैनिक रूपमा सेतो पाटी, मार्कर, डस्टर, पाठ्यपुस्तक नै बढी प्रयोग गर्ने गरेको देखियो भने आवश्यकता अनुसार सेतो पाटी, मार्कर, डस्टर, पाठ्यपुस्तक सामग्री रहेका छन् भने सबैभन्दा बढी प्रयोग गर्नेमा यस विद्यालयका शिक्षकले गोजी तालिका, वाक्यपत्ती, शब्दावली, झ्यालीपत्ती आदि सामग्रीको प्रयोग गर्ने गरेका छन् ।

श्री सरस्वती प्राथमिक विद्यालयमा कक्षा पाँचमा नेपाली शिक्षण गर्दा दैनिक रूपमा सेतो पाटी, मार्कल, डस्टर, पाठ्यपुस्तक प्रयोग गर्ने गरेका छन् भने आवश्यकता अनुसार सेतो पाटी, मार्कर, शिक्षक निर्देशिका बढी प्रयोग गर्ने गरेको र शिक्षकले नेपाली शिक्षणमा सबैभन्दा बढी ह्वाइटबोर्ड, मार्कर, शब्दार्थ पत्ती, वाक्यपत्ती, झ्याली तालिकाको प्रयोग गर्ने

गरेका छन् ।

सबैभन्दा बढी प्रयोगमा ल्याइने शैक्षिक सामग्रीहरूमा पाठ्यपुस्तक, शिक्षण पाटी, बोर्ड मार्कर, शब्दकोश, शब्दार्थपत्ती जस्ता शैक्षिक सामग्रीहरू सबैभन्दा बढी प्रयोगमा ल्याइएका छन् भने उक्त सामग्रीहरू कक्षा पाँचमा नेपाली विषय अध्ययन अध्यापन गराउने शिक्षकहरूले प्रयोग गर्दै आएका छन् । समग्रमा दैनिक रूपमा र आवश्यकता अनुसार प्रयोगमा ल्याइने शैक्षिक सामग्रीको प्रयोगको अवस्थालाई हेर्दा दैनिक प्रयोगमा ल्याइने सामग्रीहरू सबै विद्यालयमा मिल्दोजुल्दो रहेको भएतापनि आधुनिक प्रविधिका (प्रोजेक्टर, भिडियो र रेकर्डर) जस्ता शैक्षिक सामग्रीहरू ४ वटा विद्यालयले मात्र हप्तामा ३ दिन प्रयोगमा ल्याउने गरेका छन् । आवश्यकता अनुसार प्रयोगमा ल्याइने शैक्षिक सामग्रीहरूको सङ्ख्या सबै विद्यालयहरूमा फरक फरक किसिमको रहेका छन् भने पाठ्यपुस्तक, शिक्षण पाटी, मार्कर, शब्दकोश, शब्दार्थ पत्ती जस्ता शैक्षिक सामग्रीहरू सबै विद्यालयले सबैभन्दा बढी प्रयोगमा ल्याउने गरेका छन् ।

### ४.२.२ विधागत शिक्षणका आधारमा शैक्षिक सामग्रीको प्रयोग

शिक्षकलाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ६ देखि ८ मा तपाईले नेपाली भाषा शिक्षण गर्दा विधा अनुसार कुन कुन शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नको उत्तरमा सहभागी शिक्षकहरूले दिइएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. १४**

**विधागत शिक्षणमा प्रयोग गरिएका सामग्री**

| क्र सं. | विद्यालयको नाम | कथा विधा | कविता विधा | मनोवाद विधा | जीवनी विधा | चिठी विधा | वादविवाद |
|---|---|---|---|---|---|---|---|
| १ | ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर | चित्र, पोस्टर, शब्दपत्ती, वाक्यपत्ती, रेकर्डर | चित्रपत्ती, शब्दपत्ती, वाक्यपत्ती, सन्दर्भ पुस्तक | चित्र, पोस्टर, चार्टपेपर, शब्दपत्ती, वाक्यपत्ती, | चित्र, चार्टपेपर, वाक्यपत्ती, श शब्दपत्ती जन्म मृत्युका पोष्टर | नमुना चिठी, चार्टपेपर, शब्दपत्ती, वाक्यपत्ती | चित्र, पोस्टर, चार्टपेपर, शब्दपत्ती, वाक्यपत्ती |
| २. | बाल उद्यान | गोजी तालिका, | पाठ्यपुस्तक, कविताका | सन्दर्भ पुस्तक, | पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, | पाठ्यपुस्तक, चिठीको | पाठ्यपुस्तक, अडियो |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बोर्डिङ स्कुल | शब्द र अर्थ लेखिएका प्लेकार्डहरू | हरफहरू लेखिएका प्लेकार्डहरू | अडियो, भिडियो रेकर्डर, टिपोटपत्ती, शब्दकोश, पाठ्यपुस्तक, प्रोजेक्टर | शब्दकोश, गोजी तालिका, फोटो, भिडियो, शिक्षण पाटी, वाक्यपत्ती, प्लेकार्ड | नमुना पाटी, शब्द पत्ती, गोजी तालिका, फ्लाटिन पाटी, वाक्तविक चिठी | भिडियो, शब्दकोश, सन्दर्भ पुस्तक, तार्किक बुँदापत्ती, चित्र, शिक्षण पाटी, रेकर्डर, प्रोजेक्टर |
| ३ | गोल्डेन वर्ड एकेडेमी | कथाका पुस्तकहरू, कथा भएका श्रव्य र दृश्य सामग्री | टेप रेकर्डर, कविताका हरफहरू भएका पत्तीहरू | पाठ्यपुस्तक, अडियो, शिक्षण पाटी | लेखकको, परिचय, दिइएको चार्ट बोर्ड, दैनिक सामग्रीहरू | नमुना चिठी, टिकट, चार्ट, वास्तविक वस्तु | पाठ्यपुस्तक, अडियो, भिडियो , व्यक्ति |
| ४ | ब्राइटल्याण्ड बोर्डिङ स्कुल | पाठ्यपुस्तक, शिक्षण पाटी, सन्दर्भ पुस्तक, वाक्यपत्तीहरू, श्रव्यदृश्य | पाठ्यपुस्तक, शिक्षण पाटी, पत्ती, टेपरेकर्डर, शब्दकोश, मोबाइल, प्रोजेक्टर, | पाठ्यपुस्तक, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फ्लाटिन पाटी | पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शब्दकोश, चित्र, शिक्षण पाटी, वाक्यपत्ती | पाठ्यपुस्तक, शिक्षण पाटी, नमुना चिठी, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, | पाठ्यपुस्तक, श्रव्यदृश्य, सन्दर्भ पुस्तक, शिक्षण पाटी, टेपरेकर्डर, प्रोजेक्टर |
| ५ | चेतना विद्या निकेतन | चार्ट, तालिका, चित्र, श्रव्यदृश्य | टेपरेकर्डर, शब्दार्थ पत्ती, कवि परिचय पत्ती, प्रोजेक्टर | चार्ट, तालिका | चित्र, पोस्टर, पाठ्यपुस्तक, शिक्षण पाटी, परिचय पत्ती, फ्लाटिन पाटी | नमुना चिठी, शब्दपत्ती | वाक्यपत्ती |
| ६ | श्री हस्तवीर आधारभूत विद्यालय | तस्वीर, इन्टरनेट | टेपरेकर्डर, मोबाइल, पाठ्यपुस्तक | पाठ्यपुस्तक, भिडियो, नमुना मनोवाद | चित्र, शिक्षण पाटी, पाठ्यपुस्तक | नमुना चिठी, खाम, पाठ्यपुस्तक | श्रव्यदृश्य सामग्री, शिक्षण पाटी |
| ७ | श्री शिव | - | अभ्यास | किताब, | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | माध्यमिक विद्यालय | | पुस्तिका, बालगीत चार्ट | ठूला किताब, | | | |
| ८ | श्री अम्मर ज्योति नमुना माध्यमिक विद्यालय | पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका | पाठ्यपुस्तक, टेपरेकर्डर, | शब्दपत्ती, वाक्यपत्ती, नमुना मनोवाद | चित्र, शब्दपत्ती, वाक्यपत्ती शिक्षक निर्देशिका | नमुना चिठी, शिक्षण पाटी, बोर्डमार्कर, पाठ्यपुस्तक | अभिनयात्मक शैलीबाट, पाठ्यपुस्तक, शब्दपत्ती, वाक्यपत्ती |
| ९ | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय | चित्र, पाठ्यपुस्तक, शब्दपत्ती, वाक्यपत्ती, फ्लाटिन पाटी, गोजी तालिका शिक्षक निर्देशिका | पाठ्यपुस्तक, रेकर्डर, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, फ्लाटिन पाटी | पाठ्यपुस्तक, शब्दपत्ती, वाक्यपत्ती, मौखिक सामग्री, गोजी तालिका, फ्लाटिन पाटी | तस्वीर, पाठ्युपस्तक, मौखिक सामग्री, शब्दपत्ती, वाक्यपत्ती, प्रोजेक्टर, गोजी तालिका, | नमुना चिठी, पाठ्यपुस्तक, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका, प्रोजेक्टर, | पाठ्यपुस्तक, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | सन्दर्भ सामग्री, चार्ट, शब्दपत्ती, गोजी तालिका | सन्दर्भ पुस्तक, पाठ्यपुस्तक, टेपरेकर्डर | सन्दर्भ पुस्तक, शब्दपत्ती, वाक्यपत्ती, फ्लाटिन पाटी | पाठ्यपुस्तक, फोटो/तस्वीर, शब्दपत्ती वाक्यपत्ती | नमुना चिठी, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक | सन्दर्भपुस्तक, पाठ्यपुस्तक |

विधागत आधारमा कविता विधाका लागि कविको तस्वीर, चित्रपत्ती, वाक्यपत्ती जस्ता सामग्रीको बढी प्रयोग गरिएको छ । कथा विधाका लागि कथा रचनाकारको तस्वीर, वाक्यपत्ती र शब्दपत्तीमा बढी जोड दिइएको छ भने मनोवाद विधामा पनि वाक्यपत्ती र शब्दपत्ती पुस्तक सामग्री बढी प्रयोग गरिएको छ । जीवनी विधाको लागि जीवनीकारका जन्ममृत्यु लेखिएका तस्वीर पाठ्यपुस्तक, गोजीतालिका वाक्यपत्ती लगायतका सामग्रीहरू बढी प्रयोग गरिएका छन् । चिठी विधाको प्रयोगमा पुरानो चिठीको नमुना, टिकट, पाठ्यपुस्तक, चिठीको खामको नमुना सामग्री बढी प्रयोग गरेको देखिन्छ । वादविवाद विधाको लागि पाठ्यपुस्तक, अडियो भिडियो, शब्दकोश, सन्दर्भ पुस्तक, तार्किक बुँदापत्ती,

चित्र, शिक्षण पाटी, रेकर्डर, प्रोजेक्टर जस्ता सामग्रीको प्रयोग गरिएको छ । शिक्षण सिकाइका क्रममा शिक्षकले विधागत रूपमा प्रयोग गरिएका सामग्रीहरू उपयुक्त र प्रभाकारी रहेका छन् ।

### ४.२.३ व्याकरण शिक्षणका क्रममा शैक्षिक सामग्रीको प्रयोग

व्याकरण शिक्षणका क्रममा प्रयोग गरिएका सामग्रीको मूल्याङ्कन शिक्षकलाई प्रश्न सोधिएको थियो । ती व्याकरणका विषयवस्तु शिक्षण गर्दा कुन कुन सामग्री प्रयोग गर्नुहुन्छ भन्ने प्रश्नावली सोधिएको प्रश्नमा सम्बन्धित तहमा नेपाली विषय पढाउने शिक्षकहरूले दिइएको उत्तर अनुसार निम्न प्रकारका शिक्षण सामग्रीहरू प्रयोग गर्ने गरेका छन् । भाषा सिकाइका लागि पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरू राखिएका हुन्छन् । शिक्षकलाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ९ मा तपाईले नेपाली शिक्षण गर्दा व्यारण विधामा कुन कुन शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ भनी सोधिएकोमा सहभागी शिक्षकहरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. १५**

**व्याकरण शिक्षणमा प्रयोगमा ल्याइएका  सामग्री**

| क्र.सं. | विद्यालय | सामग्रीको नाम |
|---|---|---|
| १ | ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर | पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, शिक्षण पाटी, शब्दपत्ती, तालिका प्रोजेक्टर |
| २ | बाल उद्यान बोर्डिङ स्कुल | पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, शिक्षण पाटी, पत्ती, तालिका, शब्दकोश, अडियो, रेकर्डर, प्रोजेक्टर |
| ३ | गोल्डेन वर्ड एकेडेमी | शब्दपत्ती, वाक्यपत्ती, फ्लाटिन बोर्ड, शिक्षण पाटी, पाठ्यपुस्तक, चार्ट |
| ४ | ब्राइटल्याण्ड बोर्डिङ्ग स्कुल | पाठ्यपुस्तक शिक्षण पाटी, फ्लाटिन पाटी, शब्दपत्ती, शब्दकोश, प्रोजेक्टर |
| ५ | चेतना विद्यानिकेतन | तालिका, फ्लाटिन पाटी, शब्दपत्ती, वाक्यपत्ती, वास्तविक वस्तु, फ्लाटिन पाटी |
| ६ | श्री हस्तवीर आधारभूत विद्यालय | व्याकरण सम्बन्धी पाठ्यपुस्तक, चार्ट तालिका वाक्यपत्ती |

| | | |
|---|---|---|
| ७ | श्री शिव माध्यमिक विद्यालय | अभ्यास पुस्तिका, वर्णपत्ती, शब्दपत्ती, वाक्यपत्ती |
| ८ | श्री अमर ज्योति नमुना माध्यमिक विद्यालय | शिक्षण पाटी, मार्कर, व्याकरण पुस्तकहरू तालिका, प्रोजेक्टर |
| ९ | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय | शिक्षण पाटी, प्रोजेक्टर, तालिका, गोजी तालिका, वाक्यपत्ती, शब्दपत्ती, टेपरेकर्डर |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, चार्ट, तालिका |

माथिको तालिका अनुसार व्याकरकण शिक्षणका क्रममा प्रयोगमा ल्याइने शैक्षिक सामग्रीको तुलनात्मक रूपमा विश्लेषण गर्दा नमुना छनोटमा परेका १० वटै विद्यालयहरूमा एकै प्रकारका शैक्षिक सामग्रीहरू उपयोगमा ल्याइएका छन् । जसमा ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर विद्यालयमा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, शिक्षण पाटी, शब्दपत्ती, तालिका प्रोजेक्टर जस्ता शैक्षिक सामग्रीका माध्यमबाट व्याकरण शिक्षण गर्ने गरेका छन् । त्यसैगरी बाल उद्यान बोर्डिङ स्कुलका शिक्षकले व्याकरण शिक्षण गर्दा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षक निर्देशिका, शिक्षण पाटी, पत्ती, तालिका, शब्दकोश, अडियो, रेकर्डर, प्रोजेक्टर जस्ता शैक्षिक सामग्रीको प्रयोग गरेका छन् ।

गोल्डेन वर्ड एकेडेमीका शिक्षकले शब्दपत्ती, वाक्यपत्ती, फ्लाटिन बोर्ड, शिक्षण पाटी, पाठ्यपुस्तक, चार्टको प्रयोग गर्ने गरेका छन् भने ब्राइटल्याण्ड बोर्डिङ स्कुल पाठ्यपुस्तक शिक्षण पाटी, फ्लाटिन पाटी, शब्दपत्ती, शब्दकोश, प्रोजेक्टर प्रयोग गर्ने गरेका छन् । ब्राइटल्याण्ड बोर्डिङ्ग स्कुलमा पाठ्यपुस्तक शिक्षण पाटी, फालटिन पाटी, शब्दपत्ती, शब्दकोश, प्रोजेक्टरलाई व्याकरण शिक्षण गर्दा प्रयोग गरेको देखिन्छ ।

चेतना विद्या निकेतनका शिक्षकले तालिका, फ्लाटिन पाटी, शब्दपत्ती, वाक्यपत्ती, वास्तविक वस्तु, फ्लाटिन पाटीको प्रयोग गर्ने गरेको देखिन्छ । श्री हस्तवीर आधारभूत विद्यालयमा व्याकरण सम्बन्धी पाठ्यपुस्तक, चार्ट तालिका, वाक्यपत्ती प्रयोग गर्ने गरेको र श्री शिव माध्यमिक विद्यालयमा अभ्यास पुस्तिका, वर्णपत्ती, शब्दपत्ती, वाक्यपत्ती जस्ता सामग्रीको प्रयोग गर्ने गरेका छन् । श्री अमरज्योति नमुना माध्यमिक विद्यालयका शिक्षकले शिक्षण पाटी, मार्कर, व्याकरण पुस्तकहरू तालिका जस्ता शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको देखियो । श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा शिक्षण पाटी, प्रोजेक्टर, तालिका, गोजी तालिका, वाक्यपत्ती, शब्दपत्ती, टेपरेकर्डर, जस्ता शैक्षिक सामग्री प्रयोग गर्ने

गरेको देखिन्छ । यसका साथै श्री सरस्वती प्राथमिक विद्यालयमा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, चार्ट, तालिका जस्ता सामग्री प्रयोग गर्दै आएका छन् ।

यसरी नमुना छनोटमा परेका १० वटै विद्यालयमा व्याकरण शिक्षणका क्रममा प्रयोगमा ल्याइने शैक्षिक सामग्रीहरू एकै प्रकार रहेको देखिए तापनि आधुनिक प्रविधिसँग सम्बन्धित प्रोजेक्टर चार वटा विद्यालयले मात्र प्रयोग गरी व्याकरण शिक्षण गर्ने गरेका छन् भने अन्य ६ वटा विद्यालयमा प्राजेक्टरको प्रयोग नगरी व्याकरण शिक्षण गरेका छन् । व्याकरण शिक्षणको क्रममा विभिन्न किसिमका शैक्षिक सामग्रीहरू प्रयोग गरी शिक्षण गर्ने गरेका छन् भने शिक्षणमा प्रयोग गरिने शैक्षिक सामग्रीको सङ्ख्या न्यून रहेको छ ।

### ४.२.४ सामग्रीको भण्डारण

प्रस्तुत अध्ययनमा कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा उपयोगमा ल्याउन सकिने सामग्री भण्डारको अवस्था उल्लेख गरिएको छ । अध्ययनकर्ता स्वंयम ती विद्यालयमा पुगेर त्यहाँको कक्षा पाँचका कक्षाकोठा, स्टाफ अफिस, प्र.अ. अफिस, भण्डार कक्ष ल्यावमा गरिएको अवलोकन अनुसार प्र.अ.लाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ४ मा शैक्षिक सामग्री भण्डारण गर्नु उपयुक्त मान्नु हुन्छ ? र कहाँ गर्नु भएको छ ? भनी सोधिएकोमा सहभागी प्र.अ.हरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं. १६**

**सामग्री भण्डारणको स्थान**

| क्र.सं. | विद्यालय को नाम | कक्षा कोठा | स्टाफ अफिस | प्र.अ. अफिस | भण्डारण कक्ष | ल्याव | अन्य |
|---|---|---|---|---|---|---|---|
| १ | ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर | शिक्षण पाटी, चित्र, शब्दपत्ती, गोजी तालिका, फोटो/ चार्टहरू | क्यालेन्डर, नक्सा, पत्रपत्तीका, टेलिफोन, मोबाइल, पोस्टर | - | शब्दकोश, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ पुस्तक, ग्लोब | कम्प्युटर प्रोजेक्टर, | |
| २ | बाल उद्यान बोर्डिङ स्कुल | शिक्षण पाटी, फोटो, चार्टहरू, शब्दपत्ती, | फोटो/ चार्ट, क्यालेन्डर, पत्रपत्तीका, गोजीतालिका, | नक्सा, पोस्टर, क्यालेन्डर, टेलिफोन | पाठ्यपुस्तक, शिक्षक, निर्देशिका, पाठ्यक्रम, | कम्प्युटर, प्रोजेक्टर, रेकर्डर, टेलिभिजन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | तालिका | फ्लाटिनपाटी, मोबाइल | | शब्दकोश, सन्दर्भपुस्तक, प्रतिमूर्ति, | | |
| ३ | गोल्डेन वर्ड एकेडेमी | शिक्षण पाटी, शब्दपत्ती, चित्र | पोस्टर, नक्सा, टेलिफोन, पत्रपत्तीका | - | निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, शब्दकोश, सन्दर्भपुस्तक, | कम्प्युटर, अडियो, भिडियो | |
| ४ | ब्राइटल्याण्ड बोर्डिङ्ग स्कुल | शिक्षण पाटी, चित्र/चार्ट, गोजीतालिका | चार्ट/पोस्टर, नक्सा, ग्लोब, क्यालेन्डर, पत्रपत्तीका, फ्लाटिनपाटी, | ल्यापटप, टेलिफोन, | पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका | कम्प्युटर, प्रोजेक्टर, टेपरेकर्डर | |
| ५ | चेतना विद्यानिकेतन | शिक्षण पाटी, फ्लाटिन पाटी, गोजी तालिका, | ल्यापटप, मोबाइल, क्यालेण्डर, पत्रपत्तीका | नक्सा, ग्लोब, पोस्टर | पाठ्यपुस्तक, शिक्षक निर्देशिका, | डेक्स्टप, प्रोजेक्टर, टेपरेकर्डर, टेलिभिजन | |
| ६ | श्री हस्तवीर आधारभूत विद्यालय | शिक्षण पाटी, तालिका/ चार्ट, गोजी तालिका | पोस्टर, टेलिफोन, चित्र/नक्सा, मोबाइल, तस्वीर | - | पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, प्रतिमूर्ति, अभ्यास पुस्तिका, शब्दकोश, फ्लाटिन पाटी | कम्प्युटर, टेपरेकर्डर, टेलिभिजन | |
| ७ | श्री शिव माध्यमिक विद्यालय | शिक्षण पाटी, चार्ट/तालिका, शब्दपत्ती, वाक्यपत्ती, गोजी तालिका | पोस्टर, नक्सा मोबाइल | - | पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका, तालिम स्रोत, सामग्री पुस्तक, फ्लाटिन पाटी | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | श्री अमर ज्योति नमुना माध्यमिक विद्यालय | शिक्षण पाटी, शब्दार्थ पत्ती, | नक्सा, टेलिफोन, ग्लोब, पत्रपत्तीका, गोजी तालिका, पोस्टर, फ्लाटिन पाटी | - | शिक्षक निर्देशिका, पाठ्यपुस्तक, पाठ्यक्रम | टेपरेकर्डर, कम्प्युटर, प्रोजेक्टर | |
| ९ | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय | शिक्षण पाटी, शब्दपत्ती, वाक्यपत्ती, गोजीतालिका, फ्लाटिन पाटी | टेलिफोन, पत्रपत्तीका, टेलिभिजन, | फोटो/ तस्वीर, नक्सा, ग्लोब | पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका प्रतिमूर्ति | प्रोजेक्टर, कम्प्युटर, चुम्बकीय पाटी, | |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | शिक्षण पाटी, वाक्यपत्ती, तालिका, चित्र, गोजीतालिका, शब्दार्थ पत्ती, | ग्लोब, पोस्टर, नक्सा, मोबाइल, फ्लाटिन पाटी, प्रतिमूर्ति, तस्वीर | - | पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भपुस्तक, | कम्प्युटर, प्रोजेक्टर, टेपरेकर्डर | |

माथिको तालिका अनुसार समावेश भएका दसवटा विद्यालयमा शैक्षिक सामग्री भण्डारको अवस्था खासै फरक रहेको देखिदैन । शिक्षण कार्य सम्पन्न भइसकेपछि कक्षाकोठामा नै भण्डारण गरिने शिक्षण पाटी, चित्र, फोटो/चार्ट, तालिका, गोजीतालिका, फ्लाटिन पाटी, शब्दपत्ती, वाक्यपत्ती जस्ता शिक्षण सामग्रीहरू सबै विद्यालयमा समान सङ्ख्यामा रहेका छन् । ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर क्यालेण्डर, नक्सा, पत्रपत्तीका, टेलिफोन, मोबाइल, पोस्टर, जस्ता शिक्षण सामग्रीहरू, स्टाफ अफिसमा नै भण्डारण गरिएका छन् । शब्दकोश, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भपुस्तक, ग्लोबलाई भण्डार कक्षमा, कम्प्युटर, प्रोजेक्टर जस्ता विद्युतीय शैक्षिक सामग्रीहरूलाई छुट्टै ल्याव कक्षको व्यवस्था गरी भण्डारण गरिएका छन् ।

बाल उद्यान बोर्डिङ स्कुलमा फोटो/चार्ट क्यालेन्डर, पत्रपत्तीका, गोजीतालिका, फ्लाटिन पाटी, मोबाइल आदि शैक्षिक सामग्रीहरू स्टाफ अफिसमा नै भण्डार गरिएको छ भने नक्सा, पोस्टर, टेलिफोन, प्र.अ. अफिसमा भण्डार गरिएको छ । कम्प्युटर, प्रोजेक्टर, टेपरेकर्डर, टेलिभिजन जस्ता विद्युतीय शैक्षिक सामग्रीलाई ल्याव कक्षमा भण्डारण गरिएको छ । गोल्डेन

वर्ड एकेडेमीमा पोस्टर, नक्सा, टेलिफोन, पत्रपत्तीकालाई स्टाफ अफिसमा, पाठ्यपुस्तुक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भपुस्तक, शब्दकोशलाई भण्डारण कक्ष र कम्प्युटर, अडियो, भिडियो जस्ता विद्युतीय शैक्षिक सामग्रीहरूलाई ल्याव कक्षमा भण्डार गरिएको छ । ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा चार्ट/पोस्टर, नक्सा, ग्लोब, क्यालेण्डर, पत्रपत्तीका, फ्लाटिन पाटी, स्टाफ अफिसमा, ल्यापटप, टेलिफोन, प्र.अ. अफिसमा पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, भण्डारण कक्षमा कम्प्युटर, प्रोजेक्टर, टेपरेकर्डर जस्ता शैक्षिक सामग्रीहरूलाई ल्याव कक्षमा नै भण्डार गरिएको छ । चेतना विद्यानिकेतनमा ल्यापटप, मोबाइल, क्यालेण्डर, पत्रपत्तीका, स्टाफ अफिसमा, नक्सा, ग्लोब, पोस्टर, प्र.अ. अफिसमा, पाठ्यपुस्तक, शिक्षक, निर्देशिका, भण्डारण कक्षमा डेक्स्टप, प्रोजेक्टर, टेपरेकर्डर, टेलिभिजन आदिलाई छुट्टै ल्याप कक्षको व्यवस्था गरी भण्डारण गरिएको छ । श्री हस्तवीर आधारभूत विद्यालयमा पोस्टर, टेलिफोन, चित्र/नक्सा, मोबाइल, तस्वीर, स्टाफ अफिसमा नै भण्डार गरिएको पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, प्रतिमूर्ति, अभ्यास पुस्तिका, शब्दकोश, फ्लाटिन पाटीलाई भण्डारण कक्षमा, कम्प्युटर, टेपरेकर्डर, टेलिभिजन जस्ता विद्युतीय शिक्षण सामग्रीलाई ल्याप कक्षमा भण्डार गरिएको छ ।

श्री शिव माध्यमिक विद्यालयमा पोस्टर, नक्सा, मोाबाइल, स्टाफ अफिसमा, पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, अभ्यास पुस्तिका, तालिम स्रोत सन्दर्भ पुस्तकहरू, फ्लाटिन पाटी जस्ता शैक्षिक सामग्रीहरूलाई भण्डारण कक्षमा नै भण्डार गरिएको छ । श्री अमर ज्योति नमुना माध्यमिक विद्यालयमा नक्सा, टेलिफोन, ग्लोब, पत्रपत्तीका, गोजीतालिका, पोस्टर, फ्लाटिन पाटी, जस्ता शैक्षिक सामग्रीहरू सबै स्टाफ अफिसमा नै भण्डार गरिएको छ । शिक्षक निर्देशिका, पाठ्यपुस्तक, पाठ्यक्रमलाई भण्डारण कक्षमा भण्डार गरिएको छ भने टेपरेकर्डर, कम्प्युटर, प्रोजेक्टर जस्ता शैक्षिक सामग्रीलाई ल्याव कक्षमा नै भण्डारण गरिएको छ । श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा टेलिभिजन, टेलिफोन, पत्रपत्तीका, स्टाफ अफिसमा राखिएको छ भने फोटो/तस्वीर, नक्सा, ग्लोब जस्ता शैक्षिक सामग्रीहरू प्र.अ. अफिसमा भण्डारण गरिएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, प्रतिमूर्ति आदिलाई भण्डार कक्षमा र प्रोजेक्टर, कम्प्युटर, चुम्बकीय पाटी, लिङ्ग्वारेकर्डर जस्ता विद्युतीय शैक्षिक सामग्रीलाई छुट्टै ल्याव कक्षको व्यवस्था गरी भण्डार गरिएको छ । श्री सरस्वती प्राथमिक विद्यालयमा ग्लोब, पोस्टर, नक्सा, मोबाइल, फ्लाटिन पाटी, प्रतिमूर्ति, तस्वीर जस्ता शैक्षिक सामग्रीहरू स्टाफ अफिसमा नै भण्डारण गरिएको छ

भने पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ पुस्तकलाई भण्डार कक्षको व्यवस्था गरिएको र कम्प्युटर, प्रोजेक्टर, टेपरेकर्डर जस्ता विद्युतीय शैक्षिक सामग्रीहरूलाई ल्याव कक्षमा व्यवस्थापन गरी भण्डारण गरिएको छ ।

यसरी नमुना छनोटमा परेका सबै विद्यालयहरूमा शैक्षिक सामग्री भण्डारणको अवस्थालाई हेर्दा एउटै प्रकारले शैक्षिक सामग्रीहरू भण्डारण गरिएको देखिए पनि भण्डारण कक्ष, ल्याव कक्ष र कक्षाकोठाभन्दा पनि सबैभन्दा बढी शैक्षिक सामग्रीहरू स्टाफ अफिसमा नै भण्डारण गर्ने गरेको पाइयो भने प्र.अ. कक्षमा सबैभन्दा कम शैक्षिक सामग्रीहरू भण्डारण गरिएको छ ।

## ४.३ शैक्षिक सामग्री प्रयोगका तौरतरिका

प्रस्तुत अध्ययनमा समावेश गरिएका १० वटा सामुदायिक विद्यालयको कक्षा पाँचमा नेपाली भाषा शिक्षणमा प्रयोग गरिएका शैक्षिक सामग्री प्रयोगको अवस्था पत्ता लगाउन शैक्षिक सामग्री प्रयोगका तौरतरिकालाई निम्नानुसार तालिकामा राखी व्याख्या र विश्लेषण गरिएको छ :

### ४.३.१ पाठ्यपुस्तकको प्रयोगका तौरतरिकाहरू

कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका पाठ्यपुस्तक प्रयोगका तौर तरिकाहरू पत्ता लगाउन अवलोकन फारामका आधारमा प्राप्त तथ्याङ्कलाई निम्नानुसार उल्लेख गरिएको छ :

**तालिका नं.१७**

**पाठ्यपुस्तकको प्रयोगका तौरतरिकाहरू**


| क्र.सं. | तरिकाहरू | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | पढ्न लगाएर | ३ | ३ | ५ | १० |
| २ | आफूले पढेर | ४ | ५ | १ | १० |
| ३ | सामूहिक पढ्न लगाएर | ५ | ४ | १ | १० |

माथिको तालिका अनुसार शिक्षकले पाठ्यपुस्तकको माध्यमबाट शिक्षण गर्ने क्रममा कक्षामा ३ जना शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकको उत्तम रूपमा प्रयोग गरी शिक्षण गरेका छन् भने ३ जना शिक्षकले मध्यम रूपमा पाठ्यपुस्तक पढ्न लगाएर, ५ जना शिक्षकले पढ्न

लगाउने तरिका अपनाएका छन् । यसका साथै ४ जना शिक्षकले आफूले पढेर शिक्षण गर्नका पाठ्यपुस्तक प्रयोग गरेका छन् भने ५ जना शिक्षकले मध्यम रूपमा आफूले पढेर र १ जना शिक्षकले निम्न रूपमा पाठ्यपुस्तक आफूले पढेर पढाउने तरिका अपनाएका छन् । सामूहिक रूपमा पढ्न लगाउने तरिका अपनाउने शिक्षक ५ जनाले उत्तम, ४ जनाले मध्यम र १ जनाले निम्न रूपमा सामूहिक पढ्न लगाउनको लागि पाठ्यपुस्तक प्रयोगको तरिका अपनाइएको पाइन्छ । शैक्षिक सामग्री प्रयोग गर्ने तौरतरिकाहरूमा पाठ्यपुस्तक प्रयोग गर्ने तरिकामा सबैभन्दा बढी शिक्षकले विद्यार्थीलाई सामूहिक रूपमा पढ्न लगाएर पाठ्यपुस्तक प्रयोगको तरिका प्रयोग गरेको पाइयो । जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र नं. १**

**पाठ्यपुस्तकको प्रयोगका तौरतरिकाहरू**




माथि स्तम्भ चित्र अनुसार पाठ्यपुस्तक मार्फत शिक्षण गर्दा अपनाइएका तौरतरिकामा सामूहिक रूपमा पढ्न लगाएर ३ जना शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकको उत्तम रूपमा प्रयोग गरी शिक्षण गरेका छन् भने ३ जना शिक्षकले मध्यम रूपमा पाठ्यपुस्तक पढ्न लगाएर, ५ जना शिक्षकले पढ्न लगाउने तरिका अपनाएका छन् । यसका साथै ४ जना शिक्षकले आफूले पढेर शिक्षण गर्नका पाठ्यपुस्तक प्रयोग गरेका छन् भने ५ जना शिक्षकले मध्यम रूपमा आफूले पढेर र १ जना शिक्षकले निम्न रूपमा पाठ्यपुस्तक आफूले पढेर पढाउने तरिका अपनाएका छन् । सामूहिक रूपमा पढ्न लगाउने तरिका अपनाउने शिक्षक ५ जनाले उत्तम, ४ जनाले मध्यम र १ जनाले निम्न रूपमा सामूहिक पढ्न लगाउनको

लागि पाठ्यपुस्तक प्रयोगको तरिका अपनाइएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने पाठ्यपुस्तक मार्फत शिक्षण गर्दा सबैभन्दा बढी सामूहिक रूपमा पढाउने तरिका उत्तम रूपमा शिक्षकले प्रयोग गरेका छन् ।

### ४.३.२ श्रव्य दृष्य सामग्री प्रयोगका तौरतरिका

श्रव्य दृश्य सामग्री प्रयोगका तौर तरिकाका सन्दर्भमा अवलोकन फारामका आधारमा शिक्षकको कक्षा अवलोकन गर्दा शिक्षकले अपनाएका तौरतरिकाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :


**तालिका नं. १८**

**श्रव्य दृश्य सामग्री प्रयोगका तौरतरिका**

| क.सं. | तौरतरिका | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | आवाज सुनाएर | २ | ३ | ५ | १० |
| २ | भिडियो देखाएर | १ | २ | ७ | १० |
| ३ | दुवै प्रयोग गरेर | २ | १ | ७ | १० |
| ४ | सलाइड प्रयोग गरेर | - | १ | ९ | १० |

माथिको तालिका अनुसार श्रव्य दृश्य सामग्री प्रयोगका तौरतरिकाहरूमा आवाज सुनाएर शिक्षण गर्ने उत्तम श्रेणीमा शिक्षक २ जना, ३ जनाले मध्यम श्रेणीमा, ५ जनाले निम्न रूपमा आवाज सुनाएर शिक्षण गर्ने गरेको पाइयो । त्यसैगरी १ जनाले उत्तम, २ जनाले मध्यम र ७ जनाले निम्न रूपमा भिडियो देखाएर शिक्षण गरेका छन् । नेपाली भाषा शिक्षणमा भिडियो देखाएर शिक्षण गर्ने शिक्षक सङ्ख्या कम रहेको छ र दुवै अडियो र भिडियोको प्रयोग गरेर शिक्षण गर्ने तरिका अपनाउने शिक्षक २ जना उत्तम, १ जनाले मध्यम र ७ जनाले निम्न रूपमा प्रयोग गरेको देखियो । जसमा उत्तम प्रयोग गर्ने शिक्षक कम भएकाले श्रव्य दृश्य शैक्षिक सामग्री प्रयोगका तरिका उपयुक्त रूपमा प्रयोग गरिएका छैनन् । सलाइड प्रयोग गरेर शिक्षण गर्ने शिक्षकमा १ जनाले मध्यम र ९ जनाले निम्न रूपमा प्रयोग गरिएकाले सलाइडको प्रयोग गरी शिक्षण गर्ने शिक्षक निम्न रहेका छन् । यसरी शिक्षणका क्रममा श्रव्य दृश्य शैक्षिक सामग्रीको प्रयोग गर्ने शिक्षक उत्तम रूपमा कम भएकाले शिक्षणका तरिका उपयुक्त छैनन् । जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

चित्र नं. २
श्रव्य दृष्य सामग्री प्रयोगका तौरतरिका




माथिको स्तम्भ चित्र अनुसार अध्ययनमा सहभागी गरिएका विद्यालयका नेपाली पढाउने शिक्षकले श्रव्यदृश्य सामग्री प्रयोगको उपयुक्त तरिका अपनाएको देखिदैन । जसमा ावास सुनाएर भन्दा भिडियो र अवाज दुवै सुनाएर शिक्षण गर्ने तरिका बढी प्रभावकारी भएको धारणा दिएका छन् । दुवै अडियो र भिडियोको प्रयोग गरेर शिक्षण गर्ने तरिका अपनाउने शिक्षक २ जना उत्तम, १ जनाले मध्यम र ७ जनाले निम्न रूपमा प्रयोग गरेको देखियो । जसमा उत्तम प्रयोग गर्ने शिक्षक कम भएकाले श्रव्य दृश्य शैक्षिक सामग्री प्रयोगका तरिका उपयुक्त रूपमा प्रयोग  गरिएका छैनन् ।

### ४.३.३ वाक्यपत्ती र शब्दपत्ती सामग्री प्रयोगका तौरतरिका

शब्दपत्ती र वाक्यपत्ती सामग्री प्रयोगका तौर तरिकाका सन्दर्भमा अवलोकन फारामका आधारमा शिक्षकले अपनाएका तौरतरिकाहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

तालिका नं.१९


वाक्यपत्ती र शब्दपत्ती प्रयोगका तौरतरिका

| क.सं. | तौरतरिका | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | बोर्डमा देखाएर | २ | ३ | ५ | १० |
| २ | आफैले देखाएर | ३ | १ | ६ | १० |
| ३ | फ्लाटिन पाटीमा टाँसेर | १ | १ | ८ | १० |
| ४ | गोजी तालिकाको प्रयोग गरेर | २ | ३ | ५ | १० |

माथि उल्लेखित तालिकामा वाक्य पत्ती र शब्दपत्ती प्रयोगका तौरतरिकाहरू उल्लेख गरिएको छ । नेपाली भाषा शिक्षणका क्रममा कक्षा पाँचमा वाक्यपत्ती र शब्दपत्ती प्रयोग गर्दा बोर्डमा देखाएर शिक्षणको तरिका अपनाउने २ जना शिक्षक उत्तम, ३ जनाले मध्यम र ५ जना निम्न रहेका छन् । जसमा बोर्डमा देखाएर शिक्षण गर्ने तरिका अपनाउने शिक्षक निम्न श्रेणीमा बढी देखिएकाले उक्त तरिका प्रयोग गर्ने शिक्षक कम भएको देखियो । त्यसका साथै आफैले देखाएर शब्दपत्ती र वाक्यपत्ती प्रयोग गरी शिक्षण गर्ने तरिका अपनाउने ३ जना उत्तम, १ जना मध्यम र ६ जनाले निम्न प्रयोग गरिएकाले पनि आफै देखाएर शिक्षण गर्ने शिक्षक कम रहेका छन् । वाक्यपत्ती र शब्दपत्तीलाई फ्लाटिन पाटीमा टाँसेर शिक्षण तरिका अपनाउने १ जना उत्तम, १ जना मध्यम र ८ जना निम्न रहेका छन् । फ्लाटिन पाटिमा टाँसेर शब्द देखाइ शिक्षणको तरिका अपनाउने निम्न रहेका छन् भने गोजी तालिकाको प्रयोग गरी शिक्षणको तरिका अपनाउने शिक्षक २ जना उत्तम, ३ जना मध्यम र ५ जना निम्न श्रेणीमा भएकाले शिक्षण गर्ने तरिकाहरूमा गोजी तालिकाको प्रयोग गरी शिक्षण गर्ने शिक्षक कम मात्रामा रहेका छन् । जसले गर्दा शब्दपत्ती र वाक्यपत्ती प्रयोग गरी शिक्षणका तौरतरिकाहरू प्रयोग गरिएको देखिदैन । जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

चित्र नं. ३

वाक्यपत्ती र शब्दपत्ती प्रयोगका तौरतरिका




माथिको स्तम्भ चित्र अनुसार वाक्यपत्ती र शब्दपत्ती प्रयोग गरी शिक्षण गर्ने तरिकामा आफैले देखाएर शब्दपत्ती र वाक्यपत्ती प्रयोग गरी शिक्षण गर्ने तरिका अपनाउने ३ जना उत्तम, १ जना मध्यम र ६ जनाले निम्न प्रयोग गरिएकाले पनि आफै देखाएर शिक्षण गर्ने शिक्षक कम रहेका छन् । वाक्यपत्ती र शब्दपत्तीलाई फ्लाटिन पाटीमा टाँसेर शिक्षण तरिका अपनाउने १ जना उत्तम, १ जना मध्यम र ८ जना निम्न रहेका छन् । फ्लाटिन पाटिमा टाँसेर शब्द देखाइ शिक्षणको तरिका अपनाउने निम्न रहेका छन् भने गोजी तालिकाको प्रयोग गरी शिक्षणको तरिका अपनाउने शिक्षक २ जना उत्तम, ३ जना मध्यम र ५ जना निम्न श्रेणीमा भएकाले शिक्षण गर्ने तरिकाहरूमा गोजी तालिकाको प्रयोग गरी शिक्षण गर्ने शिक्षक कम मात्रामा रहेका छन् ।

### ४.३.३ चित्र तथा पोष्टरका तौरतरिकाहरू

कक्षा शिक्षणका विभिन्न तौर तरिकाहरूमध्ये चित्र तथा पोष्टरको प्रयोगका तौरतरिकाहरूको अवलोकन फारामका आधारमा प्राप्त भएका तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं.२०


चित्र तथा पोष्टर शिक्षणका तौरतरिकाहरू

| क.सं. | तौरतरिका | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | बोर्डमा कोरेर | २ | २ | ६ | १० |
| २ | चार्ट पेपरमा बनाएर | १ | ३ | ६ | १० |
| ३ | समूहमा देखाएर | ३ | १ | ६ | १० |

माथिको तालिका अनुसार अध्ययनमा समावेश गरिएका १० वटा विद्यालयका १० जना शिक्षकहरूको कक्षा अवलोकन गर्दा चित्र तथा पोष्टर गरी शिक्षण गर्ने तौरतरिका अपनाउनेमा बोर्डमा कोरेर शिक्षण गर्ने २ जना शिक्षक उत्तम रहेका छन् भने २ जना शिक्षक मध्यम र ६ जना शिक्षक निम्न श्रेणीमा रहेका छन् । जसमा शैक्षिक सामग्री प्रयोगका सन्दर्भमा चित्र तथा पोष्टरका तौरतरिका अन्तर्गत चार्ट पेपरमा चित्र बनाएर शिक्षणको तरिका अपनाउने १ जना उत्तम, ३ जना मध्यम र ६ जना निम्न श्रेणीमा रहेका छन् । जसमा चित्र तथा पोष्टरको प्रयोग गर्दा चार्टमा देखाएर प्रयोग गर्ने कम रहेका छन् र समूहमा देखाएर शिक्षण गर्ने तरिका अपनाउने ३ जना उत्तम, १ जना मध्यम र ६ जना शिक्षक निम्न श्रेणीमा रहेका छन् । चित्र तथा पोष्टरको प्रयोगमा समूहमा देखाएर शिक्षण गर्ने तरिका शिक्षकले बढी अपनाएका छन्, जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

चित्र नं. ४

चित्र तथा पोष्टरका तौरतरिकाहरू



माथिको स्तम्भ चित्र अनुसार चित्र तथा पोष्टर गरी शिक्षण गर्ने तौरतरिका अपनाउनेमा बोर्डमा कोरेर शिक्षण गर्ने २ जना शिक्षक उत्तम रहेका छन् भने २ जना शिक्षक मध्यम र ६ जना शिक्षक निम्न श्रेणीमा रहेका छन् । जसमा शैक्षिक सामग्री प्रयोगका सन्दर्भमा चित्र तथा पोष्टरका तौरतरिका अन्तर्गत चार्ट पेपरमा चित्र बनाएर शिक्षणको तरिका अपनाउने १ जना उत्तम, ३ जना मध्यम र ६ जना निम्न श्रेणीमा रहेका छन् । जसमा चित्र तथा पोष्टरको प्रयोग गर्दा चार्टमा देखाएर प्रयोग गर्ने कम रहेका छन् र समूहमा देखाएर शिक्षण गर्ने तरिका अपनाउने ३ जना उत्तम, १ जना मध्यम र ६ जना शिक्षक निम्न श्रेणीमा रहेका छन् । चित्र तथा पोष्टर शिक्षणका तरिका अपनाउने शिक्षक कक्षामा निम्न शिक्षकले प्रयोग गरेका छन् ।

### ४.३.४ वास्तविक वस्तु तथा प्रतिमूर्ति सामग्री प्रयोगका तौरतरिकाहरू

भाषा शिक्षणका सन्दर्भमा प्रयोग गरिने विभिन्न शैक्षिक सामग्रीहरूमा वास्तविक वस्तु तथा प्रतिमूर्ति सामग्री पनि प्रभावकारी मानिन्छ । कुनै पनि विधा शिक्षण गर्दा यस्ता सामग्रीहरूको प्रयोग हुने गर्दछ । यस अध्ययनमा वास्तविक वस्तु तथा प्रतिमूर्ति शैक्षिक सामग्री प्रयोगका तौरतरिकाहरूका सम्बन्धमा अवलोकन फारामका आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं. २१**

**वास्तविक वस्तु तथा प्रतिमूर्ति सामग्री प्रयोगका तौरतरिकाहरू**


| क्र.सं. | तौरतरिका | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | वास्तविक वस्तु देखाएर | १ | ३ | ६ | १० |
| २ | अवलोकन गरेर | ३ | २ | ५ | १० |
| ३ | बोर्डमा चित्र कोरेर | ३ | ३ | ४ | १० |

माथिको तालिका अनुसार यस अध्ययनमा सहभागी भएका जम्मा १० जना शिक्षकहरूले वास्तविक वस्तु तथा प्रतिमूर्ति सामग्रीको प्रयोग गरी शिक्षण गर्ने तरिका अपनाउने वास्तविक वस्तु देखाएर शिक्षण गर्ने तरिका अपनाउने १ जना उत्तम, ३ जना मध्यम र ६ जना निम्न रहेका छन् । कक्षा शिक्षणमा वास्तविक वस्तु देखाएर शिक्षण गर्ने शिक्षक निम्न श्रेणीमा धेरै भएकाले उक्त तरिका अपनाउने कम भएको देखियो भने अवलोकन गरेर

वास्तविक वस्तुका बारेमा शिक्षणका तरिका अपनाउने शिक्षक उत्तम श्रेणीमा ३ जना, मध्यम श्रेणीमा २ जना र निम्न श्रेणीमा ५ जना रहेका छन् । जसमा अवलोकनको प्रयोगका तरिका अपनाउने शिक्षक निम्न श्रेणीमा धेरै रहेका छन् । यसका साथै बोर्डमा चित्र कोरेर वास्तविक वस्तु तथा चित्रका बारेमा शिक्षण गर्ने शिक्षक ३ जना उत्तम, ३ जना मध्यम र ४ जना निम्न श्रेणीमा रहेका छन् । सिकाइका क्रममा वास्तविक वस्तु तथा चित्र वर्णन गर्दा बोर्डमा कोरेर शिक्षण गर्ने शिक्षक ३ जनाले उपयुक्त तरिका अपनाएको देखिएन भने ४ जनाले उक्त तरिका निम्न रूपमा अपनाएकाले वास्तविक वस्तु तथा चित्र शैक्षिक सामग्री बोर्डमा प्रत्यक्ष देखाउनुपर्नेमा कोरेर देखाउनु सान्दर्भिक रहेको देखिदैन । जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

**चित्र नं. ५**

**वास्तविक वस्तु तथा प्रतिमूर्ती सामग्री प्रयोगका तौरतरिकाहरू**




माथिको स्तम्भ चित्र अनुसार वास्तविक वस्तु देखाएर शिक्षण गर्ने तरिका अपनाउने १ जना उत्तम, ३ जना मध्यम र ६ जना निम्न रहेका छन् । कक्षा शिक्षणमा वास्तविक वस्तु देखाएर शिक्षण गर्ने शिक्षक निम्न श्रेणीमा धेरै भएकाले उक्त तरिका अपनाउने कम भएको देखियो भने अवलोकन गरेर वास्तविक वस्तुका बारेमा शिक्षणका तरिका अपनाउने शिक्षक उत्तम श्रेणीमा ३ जना, मध्यम श्रेणीमा २ जना र निम्न श्रेणीमा ५ जना रहेका छन् । साथै बोर्डमा चित्र कोरेर वास्तविक वस्तु तथा चित्रका बारेमा शिक्षण गर्ने शिक्षक ३ जना उत्तम, ३ जना मध्यम र ४ जना निम्न श्रेणीमा रहेका छन् । सिकाइका क्रममा वास्तविक वस्तु तथा चित्र

वर्णन गर्दा बोर्डमा कोरेर शिक्षण गर्ने शिक्षक ३ जनाले उपयुक्त तरिका अपनाएको देखिएन भने ४ जनाले उक्त तरिका निम्न रूपमा अपनाएका छन् ।

### ४.३.५ फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिका


कक्षा पाँचमा नेपाली शिक्षणका क्रममा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूमा फ्लाटिन पाटी प्रयोग गर्दा गरिने तौरतरकाहरूको अवलोकन फारामका आधारमा निम्नानुसारको तथ्याङ्क प्राप्त भएको छ, जसलाई तलको तालिकामा देखाइएको छ :

**तालिका नं.२२**
**फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिका**

| क्र.सं. | तौरतरिका | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | बोर्डमा बनाएर | ३ | २ | ५ | १० |
| २ | चार्ट पेपरमा बनाएर | २ | ४ | ४ | १० |
| ३ | सामूहिक बनाउन लगाएर | १ | १ | ८ | १० |

प्रस्तुत अध्ययनमा समावेश गरिएका कक्षा पाँचमा अध्यापनरत शिक्षकले प्रयोग गर्ने शैक्षिक सामग्रीहरूमा फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिकाहरूमा बोर्डमा बनाएर शिक्षण गर्ने तरिका अपनाउने शिक्षक ३ जना उत्तम, २ जना मध्यम र ५ जना निम्न श्रेणीमा रहेका छन् । जसमा बोर्डमा बनाएर शिक्षणका तरिकाबाट शिक्षण गर्ने शिक्षक निम्न श्रेणीमा धेरै रहेका छन् । यसका साथै चार्ट पेपरमा बनाएर वा फ्लाटिन पाटीको प्रयोगका बारेमा शिक्षण तरिका अपनाउने शिक्षक २ जना उत्तम, ४ जना मध्यम र ४ जना निम्न श्रेणीमा रहेका छन् । निम्न र मध्यम श्रेणीमा चार्ट पेपर बनाएर शिक्षण गर्ने शिक्षक रहेकाले फ्लाटिन पाटीको प्रयोग गर्दा उपयुक्त शिक्षण विधि अपनाउन खोजेको देखिन्छ । सामूहिक बनाउन लगाएर शिक्षण गर्ने शिक्षक १ जना, उत्तम १ जना मध्यम र ८ जना निम्न श्रेणीमा रहेका छन् भने सामूहमा बनाउन लगाउने तरिका अपनाउने शिक्षक निम्न रहेका छन् । जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

चित्र नं. ६
फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिका




फ्लाटिन पाटी प्रयोग गर्दा अपनाइएका तौरतरिकाहरूमा बोर्डमा बनाएर शिक्षण गर्ने तरिका अपनाउने शिक्षक ३ जना उत्तम, २ जना मध्यम र ५ जना निम्न श्रेणीमा रहेका छन् । चार्ट पेपरमा बनाएर वा फ्लाटिन पाटीको प्रयोगका बारेमा शिक्षण तरिका अपनाउने शिक्षक २ जना उत्तम, ४ जना मध्यम र ४ जना निम्न श्रेणीमा रहेका छन् । सामूहिक बनाउन लगाएर शिक्षण गर्ने शिक्षक १ जना, उत्तम १ जना मध्यम र ८ जना निम्न श्रेणीमा रहेका छन् भने सामूहमा बनाउन लगाउने तरिका अपनाउने शिक्षक निम्न रहेका छन् । फ्लाटिन पाटी शिक्षण गर्दा तरिका अपनाएर शिक्षण गर्ने शिक्षक निम्न श्रेणीमा धेरै रहेका छन् ।

### ४.३.६ शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैली

भाषा शिक्षणका क्रममा प्रयोग गरिएका शैक्षिक सामग्री र शिक्षणका क्रममा शिक्षकले प्रयोग गरेको हाउभाउ तथा भाषाशैलीका सन्दर्भमा कक्षा अवलोकन गर्दा प्रयोग गरिएको अवलोकन फारामका माध्यमबाट प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. २३


शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैली

| क.सं. | तौरतरिका | उत्तम | मध्यम | निम्न | जम्मा |
|---|---|---|---|---|---|
| १ | इसारा सहित | ४ | ३ | ३ | १० |
| २ | हसिलो र आकर्षक अनुहार | ५ | २ | ३ | १० |
| ३ | झर्किलो र रिसालु | १ | २ | ७ | १० |
| ४ | सरल तथा मिजासिलो | ५ | ३ | २ | १० |

माथिको तालिकामा शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैलीमा ४ जना शिक्षको उत्तम, ३ जना शिक्षकको मध्यम र ३ जना शिक्षकको निम्न रहेका छन् । कक्षा शिक्षणका क्रममा शिक्षकले इसारा सहित शिक्षण गरेका छन् भने हसिलो आकर्षक अनुहार गरेर शिक्षण गर्ने ५ जना उत्तम, २ जना मध्यम र ३ जना निम्न भएकाले कक्षामा शिक्षकको अनुहारमा आकर्षकता देखिनु राम्रो मानिन्छ । यसका साथै झर्किलो र रिसालु स्वभावले शिक्षणगर्ने शिक्षकमा १ जना उत्तम, २ जना, ७ जना निम्न श्रेणीमा रहेकाले झर्किलो र रिसालु स्वभावले शिक्षण गर्ने शिक्षक कम भएको पाइयो भने सरल र मिजासिलो शैलीमा शिक्षण गर्ने शिक्षक ५ जना उत्तम, ३ जना मध्यम र २ जना निम्न श्रेणीमा रहेका छन् । यस तथ्याङ्क अनुसार शिक्षकले कक्षा शिक्षणका क्रममा प्रयोग गरिने शैक्षिक सामग्री सहितको भाषाशैली सबैभन्दा सरल तथा मिजासिलो प्रयोग गरेका छन् भने हसिलो र आकर्षक अनुहार गरेर शिक्षण गर्नेमा पनि धेरै शिक्षकले शिक्षण गरेकाले शिक्षकको शिक्षणको हाउभाउ भाषाशैली प्रभावकारी र उपयुक्त रहेको छ । जसलाई अझ स्पष्ट पार्नका लागि तलको स्तम्भ चित्रमा देखाइएको छ :

चित्र नं. ७

शिक्षकको शिक्षणका क्रममा भएको हाउभाउ तथा भाषा शैली




मथिको स्तम्भ चित्र अनुसार कक्षा पाँचमा नेपाली भाषा शिक्षणका क्रममा शिक्षकले इसारा सहित शिक्षण गरेका छन् भने हसिलो आकर्षक अनुहार गरेर शिक्षण गर्ने ५ जना उत्तम, २ जना मध्यम र ३ जना निम्न भएकाले कक्षामा शिक्षकको अनुहारमा आकर्षकता देखिनु राम्रो मानिन्छ । यसका साथै झर्किलो र रिसालु स्वभावले शिक्षणगर्ने शिक्षकमा १ जना उत्तम, २ जना, ७ जना निम्न श्रेणीमा रहेकाले झर्किाले र रिसालु स्वभावले शिक्षण गर्ने शिक्षक कम भएको पाइयो ।

## ४.४ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या

नमुना छनोटमा परेका विद्यालयहरूमा सम्बन्धित तहमा कक्षा पाँचका नेपाली विषय शिक्षकसँग गरिएको प्रश्नावलीमा सम्बन्धित विद्यालयमा रहेका शैक्षिक सामग्रीका साथै सामग्री प्रयोग गर्दा के कस्ता समस्या भोग्नु भएको छ भनी प्रश्न नं. ९ मा सोधिएको प्रश्ना अनुसार उत्तरदाताहरूबाट आफ्नो विद्यालयको भौतिक अवस्था स्वंयम आफ्नो सीप, जाँगरका आधारमा उत्तर दिएको देखिन्छ । उत्तरदाता शिक्षकले ती सामग्री प्रयोगका व्यावहारिक समस्या औल्याएका छन् । समस्याहरू सामान्य साथै विशिष्टि प्रकृतिका पनि रहेको देखिन्छ । उत्तरदाताहरूबाट प्रस्तुत गरिएका उत्तर अनुसारका समस्यालाई विभिन्न रूपमा प्रस्तुत गरिन्छ ।

**प्र.अ.ले दिएको प्रतिक्रिया**

प्र.अ.लाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ५ मा शैक्षिक सामग्री प्रयोगमा कस्ता समस्या भोगेको शिक्षकले निवेदन गर्नुभएको छ ? भनी सोधिएकोमा सहभागी प्र.अ.हरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

१. कोही शिक्षकलाई तालिम तथा प्रयोगको अनुभव नभएका कारण शिक्षण सामग्री प्रदर्शनका निम्ति मात्र छ भने केही सामग्री उपलब्ध भए पनि बाहनाबाजी बढी भएको हुन सक्छ ।

२. स्टाफ मिटिङमा समस्या अथवा छलफलमा समस्या, भएको माग गर्नु भएको छ ।

३. थोरै सामग्री धेरै विद्यार्थी हुँदा समय पर्याप्तता नहुँदा र उपयुक्त भौतिक सामग्रीको व्यवस्थापन गर्न नसक्ने समस्या रहेको छ ।

४. शैक्षिक सामग्री प्रदर्शनको निम्ति आवश्यक सामग्री समयमा उपलब्ध नभएको, सामग्री उपलब्ध भएपनि प्रयोग गर्ने वातावरण नभएको बाहना बढी बनाएको देखिन्छ ।

५. विषयवस्तु अनुसार पूर्ण पर्याप्त शैक्षिक सामग्री उपलब्ध हुन नसकेको शिक्षकले निवेदन गर्नु भएको छ ।

माथि उल्लेखित प्र.अ.ले दिएको प्रतिक्रिया अनुसार अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक सामग्री प्रयोग गर्दा विभिन्न बाहनावाजी गर्ने, विद्यार्थी सङ्ख्याका आधामा सामग्री प्रयोगमा समस्या हुने, समयको अभाव हुने, उपलब्ध सामग्रीहरू सबै विद्यार्थीसँग पुऱ्याउन कठिन हुने जस्ता समस्याहरू रहेका छन् ।

**शिक्षकबाट प्राप्त प्रतिक्रिया**

प्रश्नावलीको प्रश्न नं. ९ मा तपाईले नेपाली शिक्षण गर्दा विधा अनुसार कुन कुन शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ ? भनी सोधिएकोमा सहभागी शिक्षकहरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

१. शैक्षिक सामग्रीको प्रयोगले शिक्षण सिकाइ एकदमै प्रभावकारी एवम् उपलब्धिमूलक हुने भएकाले समस्या भोग्नु परेको छैन ।

२. शैक्षिक सामग्री प्रयोग गर्दा कुनै समस्या भएको छैन, त्यस सामग्रीको प्रयोगले अझ पढाउन, बुझाउन सहज भएको छ, विद्यार्थीहरूले पनि सजिलै बुझ्ने स्मरण गर्ने गरेका छन् ।

३. खासै समस्या हुँदैन । अझ सिकाइ प्रभावकारी दिगो कसरी हुन्छ विद्यार्थीमा शिक्षकलाई पनि अनुभव हुन्छ । सकाइ सरल र सहज हुन्छ ।

४. मैले शैक्षिक सामग्रीहरू प्रयोग गर्दा खासै समस्या भोग्नु परेको छैन ।

५. शैक्षिक सामग्री प्रयोग गर्दा समस्या भएको छैन । झन शैक्षिक सामग्री प्रयोग गर्दा सजिलो हुने धेरै छनछटिलो नहुने र विद्यार्थीहरूलाई बुझाउन पनि सजिलो हुन्छ ।

६. प्रोजेक्टर र कम्प्युटर जस्ता शैक्षिक सामग्री प्रयोग गर्दा समस्या आउँछन् । किनभने बत्ती जतिपायो तेतिखेर जान्छ ।

७. शैक्षिक सामग्री आफैमा एउटा उत्प्रेरणा र जागरण बनाउने शिक्षण कार्यमा सरल र सहजता पुऱ्याउने भएकाले कुनै समस्या भोग्नुपरेको छैन ।

८. हामीले पाठहरूको शिक्षण गर्दा शैक्षिक सामग्री निर्माण गरी विद्यार्थीलाई देखाउन बत्तिको अभावमा कहिले काही समस्या आउने गरेको छ ।

९. नेट र अनलाइमा पर्याप्त मात्रामा उपलब्ध शैक्षिक सामग्री हुन नसक्दा खोजेको सामग्री नपाइने ।

१०. सामग्रीको प्रयोग गर्दा ध्यान दिनुपर्छ ।

शैक्षिक सामग्री प्रयोगका सन्दर्भमा देखिएका समस्याहरूमा शिक्षकले दिएको प्रतिक्रिया अनुसार शिक्षकमा प्रविधिजन्य सामग्री प्रयोग गर्न कठिन भएको, कतिपय विद्यालयमा समस्या नै नहुने गरेको त्यसको साटो शिक्षण सिकाइमा झन स्पष्टता आउने गरेको देखिन्छ भने कुनै विद्यालयमा बत्तीको समस्या हुने गरेको उल्लेख गरेको पाइयो भने यसरी विद्यार्थीको सिकाइ अनुसार शैक्षिक सामग्री उपयोगी मूलक भएकाले प्रयोगमा समस्या कम मात्रामा देखिएको छ ।

**विद्यार्थीबाट प्राप्त प्रतिक्रिया**

विद्यार्थीलाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ९ मा शिक्षण सामग्री प्रयोग गर्दा के कस्ता समस्या भएको मान्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा सहभागी २० जना विद्यार्थीहरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

१. शैक्षिक सामग्री प्रयोग गर्दा अप्ठ्यारो हुँदैन बरू हामीलाई टिचरले पढाएको राम्ररी बुझिन्छ ।

२. झन्झट मान्दैन, झन सजिलो हुन्छ । शैक्षिक सामग्री प्रयोग गर्दा समस्या हुँदैन बरू हामीलाई टिचरले पढाएको राम्ररी बुझिन्छ ।

३. शैक्षिक सामग्री प्रयोग गर्दा समस्या हुँदैन । झन सजिलो हुन्छ पढेको कुरा बुझिन्छ, समस्या छैन, कहिलेकाही बत्ति जान्छ, नत्र राम्रो हुन्छ ।

४. शैक्षिक सामग्रीको प्रयोग गर्दा झन्झट मान्दैन, झन सजिलो हुन्छ ।

५. शैक्षिक सामग्री प्रयोग गर्दा निम्न कुरामा समस्या आइ पर्दछन् । जस्तैः हराउने, भाच्चिने, च्यात्तिने, फुट्ने आदि ।

६. स्पष्ट नबुझिने, बहुअर्थ लाग्ने, विषय अनुसार नमिलेको ।

७. शैक्षिक सामग्री प्रयोग गर्दा सजिलो हुन्छ त्यसैले हामीलाई पाठ बुझिन्छ ।

८. समस्या हुँदैन पढाएको बुझिन्छ । शैक्षिक सामग्री आफैमा एउटा उत्प्रेरणा र जागरूक बनाउने शिक्षण कार्यमा सरल र सहजता पुऱ्याउने भएकाले कुनै समस्या भोग्नु परेको छैन ।

९. शैक्षिक सामग्री प्रयोग गर्दा अप्ठारो हुँदैन बरू हामीलाई नजानेको कुराहरू सजिलोसँग बुझ्न सकिन्छ, पढाएको कुराहरू स्पष्ट बुझिन्छ ।

१०. प्रोजेक्टर र कम्प्युटर जस्ता शैक्षिक सामग्री प्रयोग गर्दा समस्या आउँछन् किनभने बत्ती जतिपायो त्यतिखेर जान्छ । शैक्षिक सामग्री प्रयोग गर्दा कुनै समस्या भएको मान्दिन ।

यसरी शैक्षिक सामग्रीको प्रयोगमा देखिएका समस्याहरूको तुलनात्मक रूपमा गरिएको विश्लेषण अनुसार नमुना छनोटमा परेका विद्यालयहरूमा सामग्री प्रयोगमा प्रायःजसो समान किसिमका समस्याहरू रहेका छन् । जस अन्तर्गत दैनिक प्रयोगमा एउटै सामग्री नमिल्नु सन्दर्भ अनुकूलका सामग्रीहरू नपाइनु, कक्षा व्यवस्थापनको कमिले वस्तु देखाउन र प्रदर्शन गर्न कठिन हुनु, र विज्ञान प्रविधिका सामग्रीहरू सम्बन्धी जानकारी नहुन जस्ता समस्याहरू मुख्य रूपमा रहेका छन् ।

### ४.४.१ प्रयोगका आधारमा शैक्षिक सामग्री अनुसार आइपरेका समस्या

कक्षा पाँचमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्री प्रयोगको अवस्थाका सम्बन्धमा सोधिएका प्रश्नावली मध्ये शैक्षिक सामग्री प्रयोगमा जटिल हुने र सरल हुने शैक्षिक सामग्री अनुसार आइपरेका समस्या के कस्ता रहेका छन् भन्ने सम्बन्धमा अध्ययनकर्ताले निर्माण गरेका प्रश्नावली अन्तर्गतको प्रश्न नं. १२ मा उल्लेख गरिए अनुसार "तलका सामग्रीको प्रयोग गर्दा के कस्तो समस्या मान्नुहुन्छ ?" भन्ने प्रश्न सम्बन्धित तहका नेपाली विषय शिक्षकलाई सोधिएको थियो । उक्त प्रश्नको उत्तरमा आएको तथ्याङ्क निम्नानुसार रहेको छ :

**तालिका नं. २४**

**शैक्षिक सामग्री अनुसार हुने समस्या**

| क्र. सं. | विद्यालयको नाम | जटिल हुने शैक्षिक सामग्री | सरल हुने शैक्षिक सामग्री |
|---|---|---|---|
| १ | ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर | नयाँ प्रविधिको शैक्षिक सामग्रीको प्रयोग गर्द जटिल हुन्छ | दैनिक प्रयोग गरिएका शिक्षण सामग्री प्रयोग गर्दा सजिलो हुन्छ |
| २ | बाल उद्यान बोर्डिङ स्कुल | कविता शिक्षणका सामग्रीहरू प्रयोग गर्दा अलि जटिल हुन्छन् । किनभने कविता वाचन गर्दा जति जटिल हुन्छ त्यसको अर्थ वा भाव बुझ्न एकदमै गाह्रो हुन्छ । | शब्द र अर्थ लेखिएका प्लेकार्डहरूको प्रयोग गर्दा सलिो हुन्छ र उक्त कार्डबाट विद्यार्थीले अप्ठ्यारा लागेका शब्दको अर्थ छिटो सिक्न सक्छन् । |
| ३ | गोल्डेन वर्ड एकेडेमी | प्रयोग तथा प्रदर्शन गर्दा मुद्रित तथा श्रवण सामग्रीको प्रयोग गर्दा जटिल हुन्छ | श्रव्य र दृश्य सामग्रीको प्रयोग गर्दा शिक्षणमा सहज हुन्छ । |
| ४ | ब्राइटल्याण्ड बोर्डिङ स्कुल | ल्यापटप, कम्प्युटर, प्रोजेक्टर जस्ता शिक्षण सामग्री प्रयोगमा जटिल | सेतोपाटी, चार्ट पेपर, जस्ता शैक्षिक सामग्री |

| | | | |
|---|---|---|---|
| | | हुन्छ | प्रयोगमा सजिलो हुन्छ । |
| ५ | चेतना विद्या निकेतन | दैनिक शिक्षण गर्दा प्रोजेक्टर शैक्षिक सामग्री प्रयोग गर्दा बत्ति जाने समस्याले जटिल हुन्छ | दैनिक शिक्षण गर्दा ग्लोब, चित्र, गोजीतालिका, शैक्षिक सामग्रीको प्रयोगमा सजिलो हुन्छ । |
| ६ | श्री हस्तवीर आधारभूत विद्यालय | कविता विधाको सामग्री प्रयोग गर्दा जटिल हुन्छ | शब्द र अर्थ लेखिएको चार्ट, पोष्टर, पम्पलेटबाट शिक्षण गर्दासजिलो हुन्छ । |
| ७ | श्री शिव माध्यमिक विद्यालय | शैक्षिक सामग्रीहरू प्रायः प्रयोग गर्दा जटिल नै हुन्छ । प्रोजेक्टरबाट चलाउँदा बत्ति जाने, कहिले विद्यालयमा चार्ट पेपर नहुनु, भएपनि बनाउन समय नहुने जस्ता जटिल समस्या छन् | सेतोपाटी, फ्लाटिन पाटी, चार्ट पेपर नै सजिलो हुन्छ,प्रोजेक्टरपनि सजिलो हुन्छ । |
| ८ | श्री अमरज्योति नमुना माध्यमिक विद्यालय | कविता पढाउँदा प्रयोग हुने शैक्षिक सामग्री प्रयोग गर्दा जटि हुने किनभने कविताको हरफहरू लेखिएको चार्टहरू बनाउँदा लयवाचन गर्दा झन्झट हुने गर्दछ । | ल्यापटप र प्रोजेक्टर जस्ता शैक्षिक सामग्री प्रयोग गर्दा सजिलो हुन्छ । प्रभावकारी र स्पष्ट बुझाउन सजिलो हुन्छ । |
| ९ | श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालय | चार्ट पेपरहरू बनाउँदा समय लाग्ने भएकाले जटिल हुन्छ | दैनिक शिक्षण पाटी जस्ता सामग्रीको प्रयोगमा सजिलो हुन्छ । |
| १० | श्री सरस्वती प्राथमिक विद्यालय | चार्ट पेपरहरू बनाउँदा समय लाग्ने भएकाले जटिल हुन्छ । | शिक्षण पाटीको प्रयोग गर्दा बढी सजिलो हुन्छ |

माथिको तालिका अनुसार शैक्षिक सामग्री अनुरूप आइपर्ने समस्याहरूलाई विश्लेषण गरी हेर्दा नमुना छनोटमा परेका १० वटा विद्यालयहरूमा शैक्षिक सामग्री प्रयोग कस्ता जटि र सरल सामग्री प्रयोग गर्दै आउनु भएको ? भन्ने प्रश्नबाट आएको उत्तरमा सबै विद्यालयहरूमा एकै प्रकार समस्याहरू रहेका छन् ।

ह्युरिस्टिक बोर्डिङ स्कुल एण्ड रिसर्च सेन्टर नयाँ प्रविधिको शैक्षिक सामग्रीको प्रयोग गर्दा जटिल हुने गरेको र दैनिक प्रयोग गरिएका शैक्षिक सामग्री प्रयोग गर्दा सजिलो हुने गरेका छन् ।

बाल उद्यान बोर्डिङ स्कुलमा कविता शिक्षणमा शैक्षिक सामग्रीहरू प्रयोग गर्दा अलि जटिल खालका हुन्छन् । किनभने कविता वाचन गर्दा जति जटिल हुन्छ त्यसको अर्थ वा भाव बुझ्न एकदमै गाह्रो हुने र शब्द र अर्थ लेखिएका प्लेकार्डहरूको प्रयोग गर्दा सजिलो हुने गरेका छन् । जसबाट विद्यार्थीले अप्ठ्यारा लागेका शब्दको अर्थ छिटो सिक्न सक्छन् ।

गोल्डेन वर्ड एकेडेमीमा प्रयोग तथा प्रदर्शन गर्दा मुद्रित तथा श्रवण सामग्रीको प्रयोग गर्दा जटिल हुने र श्रव्य र दृश्य सामग्रीको प्रयोग गर्दा शिक्षणमा सहज हुने गरेको देखिन्छ ।

ब्राइटल्याण्ड बोर्डिङ स्कुलमा ल्यापटप, कम्प्युटर, प्रोजेक्टर जस्ता शैक्षिक सामग्री प्रयोगमा जटिल हुने रसेतोपाटी, चार्ट पेपर, जस्ता शैक्षिक सामग्री प्रयोगमा सजिलो हुने गरेको शिक्षकको प्रतिक्रिया रहेको छ ।

चेतना विद्यानिकेतनमा दैनिक शिक्षण गर्दा प्रोजेक्टर शैक्षिक सामग्री प्रयोग गर्दा बत्ति जाने समस्याले जटिल हुने र दैनिक शिक्षण गर्दा ग्लोब, चित्र, गोजीतालिका, शैक्षिक सामग्रीको प्रयोगमा सजिला हुने गरेको देखिन्छ ।

श्री हस्तवीर आधारभूत विद्यालयमा कविता विधाको सामग्री प्रयोग गर्दा जटिल हुने र शब्द र अर्थ लेखिएको चार्ट, पोष्टर, पम्पलेटबाट शिक्षण गर्दा सजिलो हुने गरेको छ ।

श्री शिव माध्यमिक विद्यालयमा शैक्षिक सामग्रीहरू प्रायः प्रयोग गर्दा जटिल नै हुन्छ । प्रोजेक्टरबाट चलाउँदा बत्ति जाने, कहिले विद्यालयमा चार्ट पेपर नहुनु, भएपनि बनाउन समय नहुने जस्ता जटिल समस्या छन् भने सेतोपाटी, फ्लाटिन पाटी, चार्ट पेपर नै सजिलो हुन्छ,प्रोजेक्टर पनि सजिलो हुने गरेका छन् ।

श्री अमर ज्योति नमुना माध्यमिक विद्यालयमा कविता पढाउँदा प्रयोग हुने शैक्षिक सामग्री प्रयोग गर्दा जटिल हुने किनभने कविताको हरफहरू लेखिएको चार्टहरू बनाउँदा लयवाचन गर्दा झन्झट हुने गरेको र ल्यापटप र प्रोजेक्टर जस्ता शैक्षिक सामग्री प्रयोग गर्दा सजिलो हुन्छ । प्रभावकारी र स्पष्ट बुझाउन सजिलो हुने गरेका छन् । श्री नेपाल राष्ट्रिय चन्द्रगंगा माध्यमिक विद्यालयमा चार्ट पेपरहरू बनाउँदा समय लाग्ने भएकाले जटिल हुने र दैनिक शिक्षण पाटी जस्ता सामग्रीको प्रयोगमा सजिलो हुने गरेको छ । श्री सरस्वती प्राथमिक विद्यालयमा चार्ट पेपरहरू बनाउँदा समय लाग्ने भएकाले जटिल हुने र शिक्षण पाटीको प्रयोग गर्दा बढी सजिलो हुने गरेका छन् ।

यसरी अध्ययन क्षेत्रका नमुना छनोटमा परेका विद्यालयहरूमा शैक्षिक सामग्रीहरू प्रयोगमा शिक्षण पाटि बोझिलो लाग्नु, चित्र सङ्कलनमा समस्या, फ्लाटिन पाटि पर्दशन गर्न गाह्रो, पोष्ट छपाई तथा सङ्कलनमा समस्या, पाठ्यपुस्तक प्रयोगमा झन्झट हुने, वास्तविक वस्तुको अभाव हुनु र आवश्यकता अनुसार नभेटिनु, वाक्यपत्तीहरू प्रदर्शन गर्न कठिन, आधुनिक प्रविधिका सामग्री प्रदर्शन गर्न गाह्रो जस्ता समस्याहरू प्रमुख रूपमा रहेका छन् । उक्त विविध समस्याहरूले विद्यार्थीहरूको सिकाइमा समस्या उत्पन्न हुने गरेको देखिन्छ भने शिक्षकहरूमा पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध नहुनुले शिक्षणमा कठिनाइ हुने गरेका छन् ।

### ४.४.२ शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपाय

शैक्षिक सामग्री प्रयोगका क्रममा आइपर्ने समस्याको समाधान गर्ने उपायका सन्दर्भमा सम्बन्धित विद्यालयका नेपाली शिक्षकलाई सोधिएको प्रश्नको उत्तरमा नमुना छनोटमा परेका दस वटा विद्यालयका शिक्षकबाट विविध किसिमका विचार प्रस्तुत भएको छ ।

**प्र.अ.बाट प्राप्त प्राप्त प्रतिक्रिया**

प्र.अ.लाई सोधिएको प्रश्नावलीको प्रश्न नं. ६ मा शैक्षिक सामग्री प्रयोगका समस्याहरू हटाउन के गर्नुपर्दछ ? भनी सोधिएको प्रश्नमा सहभागी ५ जना प्र.अ.हरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

१. प्र.अ. विद्यालयको समिति र लगानीकर्ताको समन्वयमा सामग्री उपलब्ध गराउने ।

२. शैक्षिक सामग्री शिक्षणमा शिक्षक तथा विद्यालय प्रशासन दुवैले चासो देखाउनु पर्दछ, आवश्यक सामग्री प्रदर्शन गर्नको निम्ति आवश्यक अन्य सामान टेबुल, फ्लाटिन पाटी, बोर्ड जस्ता शैक्षिक सामग्रीको विद्यालयले व्यवस्थापन गर्नुपर्छ ।
३. विद्यार्थीको अनुपातमा शैक्षिक सामग्री पर्याप्त व्यवस्था गरेर, शिक्षकले पाठ अनुसार पूर्व तयारी गरी शैक्षिक सामग्रीको आवश्यकता अनुसार व्यवस्थापन गर्नुपर्दछ ।
४. उपयुक्त सामग्रीको व्यवस्थापन, रकम लगानीमा वृद्धि, योजनाको आवश्यक पहल गर्नुपर्दछ ।
५. दुवै तर्फबाट चासो र महत्त्व राख्नु पर्ने देखिन्छ । विद्यालयले आवश्यक सामग्री उपलब्ध गराईदिनुपर्छ । शिक्षक, शिक्षिकालाई उक्त सामग्री प्रयोग गर्नका लागि उत्साहित जागरूक गर्नुपर्दछ ।

शैक्षिक सामग्री प्रयोगमा देखिएका समस्या समाधानका उपायहरूका सम्बन्धमा देखिएका समस्यालाई समाधान गर्न शिक्षकले विद्यालय र प्र.अ.ले सामग्री उपलब्धताका लागि समन्वय गर्नुपर्ने, सामग्रीका लागि आर्थिक व्यवस्था गर्नुपर्ने, भौतिक व्यवस्थापनमा जोड दिनुपर्ने रकम लगानीमा वृद्धि र विद्यार्थीको रूचि अनुसारका सामग्रीको व्यवस्थापन गर्नुपर्ने जस्ता उपाय अपनाउनु आवश्यक देखिन्छ ।

**शिक्षकको प्रतिक्रिया**

शिक्षकलाई सोधिएको प्रश्नावलीको प्रश्न नं. १४ मा शैक्षिक सामग्री प्रयोगका समस्याहरू हटाउन के गर्नुपर्दछ ? भनी सोधिएको प्रश्नमा सहभागी १० जना शिक्षकहरूले दिएको प्रतिक्रियालाई निम्नानुसार उल्लेख गरिएको छ :

१. आवश्यक शैक्षिक सामग्री उपलब्ध हुनुपर्दछ । विद्यालयमा पठनपाठनका लागि आवश्यक पर्ने शैक्षिक सामग्री विषय शिक्षक आफैलाई जुटाउने गर्दा शिक्षण सिकाइ गर्दा सजिलो हुन्छ ।
२. शैक्षिक सामग्री प्रयोगको समस्या हटाउन विषय शिक्षक आफै अग्रसर हुने र उपलब्ध हुन नसक्ने सामग्री कहाँबाट उपलब्ध हुन्छ स्रोत पत्ता लगाई हटाउन सकिन्छ ।
३. विद्यालयमा शैक्षिक सामग्रीको भण्डारण हुनु जरूरी हुनका साथै स्वंयम विषय शिक्षकले शैक्षिक सामग्री बनाउँदा नै समस्या नहोला ।

४. शैक्षिक सामग्री प्रयोगका समस्याहरू हटाउन डिजिटल र आधुनिक प्रविधिको प्रयोग गर्नुपर्दछ ।
५. शैक्षिक सामग्री प्रयोगका समस्याहरू हटाउन दूर शिक्षाको माध्यमबाट पठनपाठन गर्ने, श्रव्य दृश्य सामग्रीको प्रयोग गर्ने ।
६. शैक्षिक सामग्री पर्याप्त मात्रामा विद्यालयले उपलब्ध गराउने ।
७. शैक्षिक सामग्री प्रयोगका समस्याहरू हटाउन सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।
८. विद्यालय, विद्यार्थी र शिक्षक मिली सहकार्य गरी काम गर्दा आएका समस्याहरू पनि हटाउन सकिन्छ ।
९. विषयसँग सम्बन्धित शैक्षिक सामग्री पूर्व जानकारी विषय शिक्षकले चासो गर्ने र नभएको सामग्री आफू, विद्यार्थी र विद्यालयसँग समन्वय गर्ने ।
१०. विद्यालय शिक्षक र विद्यार्थी मिलि सहकार्य गरी कार्य गर्दा आएका समस्याहरू पनि हटाउन सकिन्छ ।

शिक्षकले शैक्षिक सामग्री प्रयोगका सन्दर्भमा देखिएका समस्यालाई समाधान गर्न शिक्षकले दिएका उपायमा शैक्षिक सामग्री प्रयोगमा उपयुक्त भण्डारण गर्नुपर्ने, शिक्षकलाई उचित किसिमको तालिमको व्यवस्था गर्नुपर्ने, सामग्रीको उपलब्ध र व्यवस्थापनमा विद्यालय प्रशासनले चासो दिनुपर्ने र शिक्षक, विद्यार्थी र विद्यालयले एक आपसमा सामग्रीका सम्बन्धमा समन्वय गर्नुपर्ने जस्ता समस्या समाधानका उपायहरू अपनाउनु पर्ने देखिन्छ ।

यसरी अध्ययनमा सहभागी प्र.अ. र शिक्षकले विद्यालयमा सामग्रीहरू भएपनि प्रयोग नगरेको सामग्री संरक्षण र उपयोगमा विद्यालयले ध्यान नदिइएको जस्ता समस्याहरू समाधान गर्न विद्यालयमा शैक्षिक सामग्रीहरू हुँदाहुँदै पनि दैनिक प्रयोगका सामग्रीहरू बाहेक अन्य सामग्रीहरू प्रयोग नयाँ प्रविधियुक्त तरिकाले शिक्षण गर्ने गर्नुपर्ने देखिन्छ । जसको कारण शिक्षकहरू आफ्नो पेशाप्रति कम उत्तरदायी हुनुपर्ने देखिन्छ । विद्यालयमा विद्यार्थी सङ्ख्या बढी रहेको, कक्षाकोठा व्यवस्थापनमा ध्यान दिनुपर्ने, सामग्री निर्माण, कार्यान्वयन र व्यवस्थापनमा ध्यान ध्यान दिनुपर्ने र शैक्षिक सामग्रीको प्रयोगको महत्त्वलाई आत्मसात गरिनुपर्ने देखिन्छ भने नेपाली विषय शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्दा सिकाइ दिगो र प्रभावकारी हुन्छ भन्ने कुरामा सबै शिक्षक र प्र.अ.हरूको धारणा एउटै रहेको देखिदैन ।

# अध्याय : पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

प्रस्तुत अध्ययन आधारभूत तह कक्षा पाँचमा नेपाली विषय शिक्षण गर्दा प्रयोग गरिने शैक्षिक सामग्रीको अध्ययनमा केन्द्रित गरिएको छ । यस अध्ययनमा सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका अन्तर्गत रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका आधारभूत तह कक्षा पाँचमा नेपाली विषय शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्री प्रयोगको अवस्थाको अवलोकन गरी अध्ययन गरिएको छ । नमुना छनोटमा परेका सामुदायिक र संस्थागत विद्यालयका जम्मा १० जना शिक्षकहरूलाई प्रश्नावली र  सामग्री टिपोट फारामको प्रयोग गरी सङ्कलित तथ्याङ्कलाई वर्णनात्मक, विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरी निम्नानुसार निष्कर्ष निकालिएको छ :

१. कक्षा पाँचमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूमा पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षण पाटी, डस्टर, मार्कर जस्ता नियमित प्रयोगमा आउने सामग्रीहरू प्रायः जसो सबै विद्यालयहरूमा समान तरिकाले प्रयोग गरिएको छ । शैक्षिक सामग्रीको रूपमा केही विद्यालयहरूले विद्युतीय शैक्षिक सामग्रीको प्रयोग गरिएको छ । विद्युतीय शैक्षिक सामग्रीको प्रयोग अन्तर्गत कम्प्युटर, ल्यापटप प्रोजेक्टर, मोबाइल, टेपरेकर्डर जस्ता सामग्रीको प्रयोग गरिएको छ । यसका साथै ऐतिहासिक तथा साहित्यिक व्यक्तित्वका तस्वीर, चार्टहरू, नक्सा, ग्लोबहरू, सबै विद्यालयका पर्याप्त रूमा रहेको छैन ।

२. नमुना छनोटमा परेका विद्यालयहरूमध्ये सामुदायिक विद्यालयहरूभन्दा संस्थागत विद्यालयहरूमा शैक्षिक सामग्रीहरू बढी रहेको छ । शैक्षिक पार्टी, बोर्ड मार्कर, डस्टर, पाठ्यपुस्तक जस्ता नियमित रूपमा प्रयोग गरिने सामग्री बढी मात्रामा उपयोग गरिएको छ । नियमित सामग्री बाहेकका चार्ट, शब्दकोश, शब्दपत्ती, वाक्यपत्ती जस्ता शैक्षिक सामग्रीहरूको प्रयोग गरिएको छ ।

३. पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, शिक्षण पाटी, मार्कर जस्ता, आधारभूत सामग्रीहरूको उपलब्धताको स्तर समान प्रकृतिको रहेको छ । शैक्षिक सामग्रीहरू शिक्षक निर्मित, बनीबनाउ र स्थानीय स्रोतबाट उपलब्ध गरेको छ ।

४. नमुना छनोटमा परेका सबै विद्यालयहरूमा विधागत रूपमा प्रयोग गरिने शैक्षिक सामग्री नियमित रूपमा प्रयोग गर्ने गरेको छ । व्याकरण शिक्षणमा पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, शिक्षण पाटी, प्रोजेक्टर, तालिका, शब्दकोश, अडियो रेकर्डर, शब्दपत्ती, वाक्यपत्ती, फ्लाटिन पाटी, वृक्षचित्र जस्ता शैक्षिक सामग्री प्रयोग गरिएको छ ।

५. पाठ्यपुस्तकको माध्यमबाट शिक्षण गर्ने क्रममा कक्षामा ३ जना शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकको उत्तम रूपमा प्रयोग गरी शिक्षण गरेका छन् जसमा ५ जना शिक्षकले पढ्न लगाउने तरिका अपनाएका छन् ।

६. श्रव्य दृश्य सामग्री प्रयोगका तौरतरिकाहरूमा आवाज सुनाएर शिक्षण गर्ने उत्तम श्रेणीमा शिक्षक २ जना रहेका छन् जसमा ५ जनाले निम्न रूपमा आवाज सुनाएर शिक्षण गर्ने गरेका छन् भने ७ जनाले निम्न रूपमा प्रयोग गरेका छन् । जसमा उत्तम प्रयोग गर्ने शिक्षक कम भएकाले श्रव्य दृश्य सामग्री प्रयोगका तरिका उपयुक्त रूपमा प्रयोग  छैन ।

७. शिक्षणका क्रममा श्रव्य दृश्य सामग्रीको प्रयोग गर्ने शिक्षक उत्तम रूपमा कम भएकाले शिक्षणका तरिका उपयुक्त रहेको छैन भने वाक्य पत्ती र शब्द पत्ती प्रयोग गर्दा बोर्डमा देखाएर शिक्षणको तरिका अपनाउने २ जना शिक्षक उत्तम, ३ जनाले मध्यम र ५ जना निम्न रहेका छन् । वाक्यपत्ती र शब्द पत्तीलाई फालटिन पाटीमा टाँसेर शिक्षण तरिका अपनाउने १ जना उत्तम, १ जना मध्यम र ८ जना निम्न रहेका छन् ।

८. चित्र तथा पोष्टर गरी शिक्षण गर्ने तौरतरिका अपनाउनेमा बोर्डमा कोरेर शिक्षण गर्ने २ जना शिक्षक उत्तम रहेका छन् भने २ जना शिक्षक मध्यम र ६ जना शिक्षक निम्न श्रेणीमा रहेका छन् । चित्र तथा पोष्टरको प्रयोग गर्दा चार्टमा देखाएर प्रयोग गर्ने कम भएको देखियो र समूहमा देखाएर शिक्षण गर्ने तरिका अपनाउने ३ जना उत्तम, १ जना मध्यम र ६ जना शिक्षक निम्न श्रेणीमा रहेका छन् ।

९. वस्तु तथा प्रतिमूर्ति सामग्रीको प्रयोग गरी शिक्षण गर्ने तरिका अपनाउने वास्तविक वस्तु देखाएर शिक्षण गर्ने तरिका अपनाउने १ जना उत्तम, ३ जना मध्यम र ६ जना निम्न रहेका छन् । कक्षा शिक्षणमा वास्तविक वस्तु देखाएर शिक्षण गर्ने शिक्षक निम्न श्रेणीमा धेरै भएकाले उक्त तरिका अपनाउने शिक्षक कम रहेका छन् ।

१०. फ्लाटिन पाटीको प्रयोग गर्दा अपनाइएका तौरतरिकाहरूमा बोर्डमा बनाएर शिक्षण गर्ने तरिका अपनाउने शिक्षक ३ जना उत्तम, २ जना मध्यम र ५ जना निम्न श्रेणीमा रहेका छन् । जसमा बोर्डमा देखाएर शिक्षणका तरिकाबाट शिक्षण गर्ने शिक्षक निम्न श्रेणीमा धेरै रहेको छ । सामूहिक रूपमा देखाउने शिक्षक १ जना, उत्तम १ जना मध्यम र ८ जना निम्न श्रेणीमा रहेका छन् भने समूहमा देखाउने तरिका अपनाउने शिक्षक निम्न भएको छ ।

११. कक्षा शिक्षणका क्रममा प्रयोग गरिएका शैक्षिक सामग्रीहरूमा सबैभन्दा बढी पाठ्यपुस्तकको प्रयोग उत्तम रूपमा गरिएको छ । पाठ्यपुस्तक सबै शिक्षकहरूले कक्षामा प्रयोगमा जोड दिएका छन् भने निम्न रूपमा प्रयोग गरिएका सामग्रीहरूमा पाठ्यक्रम, नक्सा, ग्लोब, प्रोजेक्टर, कम्प्युटर, फ्लाटिन पाटी र झ्याली पत्ती सामग्री प्रयोग निम्न रूपमा गरेका छन् । नेपाली भाषा शिक्षण सिकाइका क्रममा बल, शिवदर्शन, टेलिभिजन, टेपरेकर्डर जस्ता शैक्षिक सामग्री कुनै विद्यालयले प्रयोग गरेका छैनन् । यसरी शैक्षिक सामग्री प्रयोग कम गरिएकाले अध्ययन क्षेत्रका विद्यालयमा शैक्षिक सामग्री प्रयोगको अवस्था  कमजोर देखिएको छ ।

१२. दैनिक प्रयोगमा एउटै सामग्री प्राप्त नहुनु, सन्दर्भ अनुसारका सामग्रीहरू नपाइनु, जस्ता विभिन्न समस्याहरू रहेको छ । पाठ्यपुस्तकमा विद्यार्थीको रूचि नहुनु र आवश्यकता अनुरूप सबै ठाउँमा प्रयोग गर्न नमिल्नु र कक्षामा समय उपलब्ध गराउन कठिन हुनु, प्रोजेक्टर मार्फत शिक्षण गर्न गाह्रो हुनु, आधुनिक प्रविधिका विद्युतीय सामग्री प्रति जानकारी नभएको कारण प्रदर्शन गर्न गाह्रो हुनु जस्ता समस्याहरू रहेको छ ।

१३. पर्याप्त मात्रामा शैक्षिक सामग्री उपलब्ध गराउनु पर्ने सामग्री सङ्कलन र निर्माण गर्नुपर्ने, ती सामग्रीहरूको महत्त्व बुझि अनिवार्य रूपमा प्रयोग गर्ने बानी बसाल्नुपर्ने, शैक्षिक सामग्रीहरूको निर्माण, कार्यान्वयन र व्यवस्थापनमा ध्यान दिनुपर्ने जस्ता उपायहरू अपनाइ शैक्षिक सामग्र प्रयोगका समस्या निराकरण गर्ने गरेका छन् ।

यसरी अध्ययनमा सहभागी प्र.अ. र शिक्षकले विद्यालयमा शैक्षिक सामग्रीहरूको प्रयोगमा दैनिक प्रयोग गरिने शैक्षिक सामग्रीहरुलाई बढी प्रयोग गरिएको छ । आवश्यकता र विधा अनुसार विभिन्न अन्य प्रविधिगत शैक्षिक सामग्री प्रयोगमा ल्याइएको पाइन्छ । कक्षा

शिक्षणका क्रममा शैक्षिक सामग्री प्रयोगका तौरतरिकाहरु खासै भिन्न किसिमका रहेका छैनन् जसमा विद्यार्थीको रुचि र स्तरलाई ध्यान दिइ शैक्षिक सामग्रीको प्रयोग गरेको देखिन्छ । विद्यार्थी सङ्ख्याको आधारमा शैक्षिक सामग्री समग्रमा पर्याप्त भएतापनि कक्षागत आधारमा सामग्रीको उपलब्धतामा कमी रहेको छ । विद्यालयमा सामग्री संरक्षण र उपयोगमा विद्यालयले ध्यान नदिइएको जस्ता समस्याहरू बढी रहेका छन् । उक्त समस्या समाधान गर्न विद्यालयमा शैक्षिक सामग्रीहरू हुँदाहुँदै पनि दैनिक प्रयोगका शैक्षिक सामग्रीहरू बाहेक अन्य सामग्रीहरू प्रयोग नयाँ प्रविधियुक्त तरिकाले शिक्षण गर्नुपर्ने देखिन्छ । जसको कारण शिक्षकहरू आफ्नो पेशाप्रति कम उत्तरदायी हुनुपर्ने देखिन्छ । शिक्षकको भनाइ र गराइमा एकरूपता देखिएन । विद्यालयमा विद्यार्थी सङ्ख्या बढी रहेको, कक्षाकोठा व्यवस्थापनमा ध्यान दिनुपर्ने, शैक्षिक सामग्री निर्माण, कार्यान्वयन र व्यवस्थापनमा ध्यान ध्यान दिनुपर्ने र शैक्षिक सामग्रीको प्रयोगको महत्त्वलाई आत्मसात गरिनुपर्ने देखिन्छ भने नेपाली विषय शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्दा सिकाइ दिगो र प्रभावकारी हुन्छ भन्ने कुरामा सबै शिक्षक र प्र.अ.हरूको धारणा एउटै रहेको छ ।

## ५.२ सुझाव

नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग अपरिहार्य रहेको छ । भाषिक सीप विकासका लागि वैज्ञानिक र प्रयोगात्मक शैक्षिक सामग्रीहरूलाई अनुशरण गर्नु आजको अपरिहार्य आवश्यकता रहेको छ । तसर्थ शैक्षिक सामग्रीको सहायताबाट शिक्षण गर्दा पाठमा रहेका जटिलताहरू हट्न गई पाठ सरल हुन्छ र विद्यार्थीहरूले पढेका कुरालाई ठोस धारणा बनाएर शैक्षिक सामग्रीको माध्यमबाट शिक्षण गर्दा सिकाइ प्रभावकारी र चिरस्थायी हुन्छ । जसले गर्दा पाठ्यक्रमले राखेका उद्देश्यहरू प्राप्त गर्न सजिलो हुन्छ । विशेष गरेर भाषा शिक्षण गर्दा श्रव्य, दृश्य र श्रव्यदृश्य सामग्रीको प्रयोग गर्न सके विद्यार्थीमा भाषिक सीपको विकास हुनुका साथै उनीहरूको ज्ञान सीपमा अभिवृद्धि गराउन सकिन्छ । तसर्थ कक्षा पाँचमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्रीको प्रयोग गर्नका लागि सम्बन्धित निकायबाट निभाउनु पर्ने भूमिकाका बारेमा निम्नलिखित नीतिगत, कार्यान्वयन र अनुन्धानात्मक सुझावहरू प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीतिगत तह

१. सरकार र सम्बन्धित निकायहरूले थप बजेटको व्यवस्था गरी शैक्षिक सामग्री व्यवस्थापन गर्ने नीति निर्माण गर्न आवश्यक देखिन्छ ।
२. शिक्षकहरूलाई शैक्षिक सामग्री निर्माण, सङ्कलन र प्रयोगबारे बेला बेलामा तालिमको व्यवस्था मिलाउने नीति निर्माण गरिनु पर्दछ ।
३. विद्यालय परिवारले स्थानीय स्रोत र साधनमा निर्भर भई शैक्षिक सामग्री र प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।
४. अध्ययन अनुमति पत्र भएका, तालिम प्राप्त व्यक्तिहरूलाई मात्र शिक्षण सेवा प्रवेश गराउनु पर्ने आवश्यक देखिन्छ ।
५. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा आवश्यक शिक्षक दरबन्दीको व्यवस्था गरिनुपर्ने नीति अवलम्बन गरिनु पर्ने देखिन्छ ।
६. नेपाली मूल विषय लिई नपढेका शिक्षकहरूलाई नेपाली विषय पढाउने प्रवृत्तिको अन्त्य गरी विषयगत शिक्षक अनिवार्य हुनुपर्ने नीति तय गरिनुपर्ने देखिन्छ ।

### ५.२.२ कार्यान्वयन तह

यस अध्ययनका कार्यान्वयनका सुझावहरू निम्नानुसार रहेका छन् :

१. नेपाली भाषा शिक्षणमा उपयोग हुने शैक्षिक सामग्री सम्बन्धी नेपाली भाषा विषयका गोष्ठीहरू सञ्चालन गरिनु पर्दछ ।
२. सबैसम्म स्थानीय स्तरमा नै प्राप्त हुने स्रोत र साधनको उपयोग गरी शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्छ बानीको विकास गर्नुपर्दछ ।
३. पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका अनुरूप शैक्षिक सामग्रीको छनोट गर्न र खरिद गर्न विद्यालयले पहल गर्नु पर्ने देखिन्छ ।
४. निरीक्षण कर्तालाई विद्यालयमा शैक्षिक सामग्री प्रयोगमा हुने वास्तविक समस्या पहिचान गरी शिक्षकहरूलाई आवश्यक सल्लाह, सुझाव, शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी तालिम कार्याशालाको आयोजना गरी शैक्षिक स्थितिमा सुधार गर्नुपर्ने देखिन्छ ।
५. प्रस्तुत अध्ययनले शिक्षकहरूलाई पाठ अनुसारको शैक्षिक सामग्री छनोट गर्नमा विषयको जानकारी हुन सक्ने भएकाले पाठगत आधारमा विद्यालयमा शैक्षिक सामग्रीको उपलब्ध गरिनु पर्दछ ।

६. विद्यालय प्रशासन र विषय शिक्षकलाई शैक्षिक सामग्री प्रयोग सम्बन्धी सकारात्मक धारणाको विकास हुने भएकाले शिक्षकालई पर्याप्त तालिमको व्यवस्था गरिनु पर्दछ ।

### ५.२.३ अनुसन्धान तह

यस अध्ययनका अनुसन्धानात्मक सुझाव निम्नानुसार रहेका छन् :

१. विद्यालयमा प्रयोग गरिने शैक्षिक सामग्रीको प्रयोग र व्यवस्थापनका सन्दर्भमा विभिन्न खोज अनुसन्धान गरिनु  पर्दछ ।

२. विद्यार्थीको मनोवैज्ञानिकता, विषयको प्रकृति बुझि सोही बमोजिमका शैक्षिक सामग्रीहरूको प्रयोग गर्न सम्बन्धित निकायलद्वारा खोज अनुसन्धान गरिनु पर्दछ ।

३. स्थानीय स्तरमा पाइने शैक्षिक सामग्रीहरूको खोज अनुसन्धान गरी शिक्षण गरिनु पर्दछ ।

४. विद्यालयमा प्रयोग भएका शैक्षिक सामग्रीहरू विद्यार्थीको स्तर र विषयवस्तुको प्रकृति अनुरूप भएनभएका सम्बन्धमा स्थानीय निकायद्वारा खोज अनुसन्धान गरिनु पर्ने देखिन्छ ।

## ५.३ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षक

प्रस्तुत अध्ययनको शोध शीर्षकसँग सम्बन्धित शोध शीर्षकहरू निम्नानुसार छन् :

१. कक्षा एकमा नेपाली भाषा शिक्षणमा शैक्षिक सामग्री प्रयोगको अवस्था ।

२. नेपाली भाषाका विभिन्न विधामा प्रयोग हुने शैक्षिक सामग्रीको विश्लेषण ।

३. आधारभूत तहमा शैक्षिक सामग्री प्रयोगको स्थितिको विश्लेषणात्मक अध्ययन

४. आधारभूत तह कक्षा १-३ सम्म नेपाली शिक्षण गर्दा प्रयोग गरिने सामग्रीहरूको अध्ययन ।

५. संस्थागत र सामुदायिक विद्यालयमा प्रयुक्त शैक्षिक सामग्रीको अध्ययन ।

# सन्दर्भ सूची

## पुस्तक सूची


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण केहि परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्तिप्रसाद र खतिवडा, तीर्थराज (२०७४), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

ढकाल, शान्तिप्रसाद (२०७४), *नेपाली भाषाशिक्षण परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६३), *नेपाली भाषा शिक्षण,* काठमाडौं : एम. के पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

निरौला, बोधराज (२०७०), शिक्षणमा श्रव्य दृश्य सामग्रीको प्रयोग र उपयोगीता, *शिक्षक मासिक, वर्ष ६, अङ्क ६२, पृ. ५०-५४ ।*

निउरे, ध्रुबप्रसाद (२०६८), *अनुसन्धान पद्धति,* कीर्तिपुर : क्वेस्ट पब्लिकेसन ।

पन्त, नारायणप्रसाद (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, केशवराजर काफ्ले उमेश (२०७४), *नेपाली भाषाशिक्षण,* काठमाडौं : एस बुक्स पब्लिकेसन ।

पौडेल, माधवप्रसाद(२०६७), *दोस्रो भाषाशिक्षणका रूपमा नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौं : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स प्रा.लि. ।

पोखरेल, केशवराज, काफ्ले, उमेश (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौं : क्याम्ब्रिज पब्लिकेसन प्रा.लि. ।

प्राथमिक शिक्षा तालिम केन्द्र (सन् २०१६), *शैक्षिक सामग्रीको भण्डारण र व्यवस्थापन,* शैक्षिक अभ्यासहरूमा प्राथमिक तह, इलाहवाद भारत ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, रामप्रसाद र अन्य (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौं :शुभकामना प्रकाशन ।

लम्साल, राचन्द्र र अन्य (२०७४), *नेपाली भाषा शिक्षण,* काठमाडौं : शुभकामना प्रकाशन ।

वाग्ले, मनप्रसाद, पौडेल, लेखनाथ (२०६९), *पाठ्यक्रम मूल्याङ्कन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

**शोधपत्र**

अधिकारी, गणेश (२०७३), *कक्षा आठमा कविता शिक्षण गर्दा प्रयोग गरिएका कार्यकलापहरू,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर ।

खड्का, यज्ञबहादुर (२०७१), *कक्षा ९ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको निर्माण र प्रयोग अवस्थाको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

खत्री, रविना (२०७६), *कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका कार्यकलापको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि., सुर्खेत ।

थापा, कृष्णबहादुर (२०७१), *प्रा.वि. नेपाली भाषा शिक्षणमा शिक्षण सामग्री प्रयोगको प्रभावकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

थापा मगर, डम्बरबहादुर (२०७१), *मा.वि. नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण सामग्रीको प्रभावकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

शाही, डेबिटबहादुर (२०६९), *माध्यमिक तहमा नेपाली शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको अध्ययन ,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा विभाग, सुर्खेत क्याम्पस (शिक्षा), सुर्खेत ।

शाही, वीरेन्द्रबहादुर (२०७२), *कालिकोट जिल्लाको मा.वि. तह कक्षा नौ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने सामग्रीको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि. सुर्खेत ।

शाही, कमलाकुमारी (२०७६), *कक्षा चारमा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिने शिक्षण सामग्रीको प्रभावकारिता,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली शिक्षा शिक्षण समिति, शिक्षाशास्त्र केन्द्रीय क्याम्पस, म.प.वि. सुर्खेत ।